# रातो खबर साप्ताहिक

Ratokhabar weekly

वर्ष ८ अङ्क ६ पूर्णाङ्क ३२४ २०७९ साउन २५ गते बुधबार Wednesday, 10 August 2022 www.eratokhabar.com/ www.ratokhabar.com मूल्य रू. १०


## देश बेच्ने दलालहरूलाई कारबाही गर्नुपर्छ : कञ्चन



दाङ/ नेपाल कम्युनिस्ट पार्टी (बहुमत) का संयोजक कञ्चनले काठमाडौँमा बसेर देश बेच्ने वैदेशिक दलालहरूलाई कारबाही गर्नुपर्ने बताएका छन् ।

नेपाल कम्युनिस्ट पार्टी (बहुमत) दाङको प्रथम जिल्ला सम्मेलन आयोजक समितिले आयोजना गरेको राजनीतिक तथा वैचारिक प्रशिक्षणमा संयोजक कञ्चनले देशका नदीनाला, बनजङ्गल, उद्योग, कलकारखाना, श्रम शक्ति, युवा, महिला बेचेर ब्रह्मलुट मच्चाएको बताए । ब्रह्मलुट मच्चाउने क्रममै एमसीसी पास गरेर अमेरिकी साम्राज्यवादलाई देश बेच्ने, नागरिकता विधेयक पास गरेर भारतीय नागरिक छिराई फिजीकरण गर्ने र काठमाडौँमा बसेर ... बाँकी ७ पृष्ठमा

## अखिल (क्रान्तिकारी) ले शिक्षामन्त्रीलाई बुझायो २७ बुँदे मागपत्र

काठमाडौँ/ नेपाल कम्युनिस्ट पार्टी (बहुमत) निकट विद्यार्थी सङ्गठन अनेरास्वियु (क्रान्तिकारी) ले शिक्षा विज्ञान तथा प्रविधिमन्त्रीलाई २७ बुँदे मागपत्र बुझाएको छ ।

अखिल (क्रान्तिकारी) का अध्यक्ष मिलन राईको नेतृत्वमा शिक्षा विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडललाई ... बाँकी ४ पृष्ठमा

## त्रिवि उपकुलपतिलाई बुझाइयो ११ बुँदे मागपत्र

काठमाडौँ/ नेकपा (बहुमत) निकट अखिल क्रान्तिकारीले त्रिवि उपकुलपतिको कार्यालयलाई ११ बुँदे मागपत्र बुझाएको छ । सङ्गठनको केन्द्रीय समितिको निर्णयअनुसार मागपत्र बुझाइएको हो ।

मागपत्रमा भनिएको छ, 'हाम्रो गौरवशाली सङ्गठन अखिल (क्रान्तिकारी) शिक्षा क्षेत्रको आमूल रूपान्तरण र वैज्ञानिक समाजवादी शिक्षा प्राप्तिको सङ्घर्षसँगै ... बाँकी ७ पृष्ठमा

## राज्यसम्पत्तिको दोहन बन्द गर्न माग

रुकुम पश्चिम/ मुलुकको अन्योलपूर्ण तथा सङ्कटपूर्ण परिस्थितिको फाइदा लिएर दलाल, भ्रष्ट, माफिया, तस्कर, सूदखोर र मिटरब्याजीहरूले राज्यसम्पत्तिको दोहन गरिरहेको विषयलाई लिएर युवा जनस्वयम्सेवक नेपाल रुकुम पश्चिमले जिल्ला प्रशासन कार्यालय रुकुमलाई मागपत्र बुझाउँदै जिल्लामा भएका समस्याहरूप्रति आफ्नो गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

सङ्गठनले जिल्लामा भएका विकृति, विसङ्गति र अपराधमा संलग्न पात्र र प्रवृत्तिका विरुद्ध निर्मम ... बाँकी ७ पृष्ठमा

### क्रान्तिकारी पार्टीहरूबीच एकताप्रक्रिया तीव्र

# नेकपा (बहुमत) र नेकपा (क्रान्तिकारी माओवादी) को एकता संयोजन समिति गठन





काठमाडौँ/ नेकपा बहुमत र नेकपा क्रान्तिकारी माओवादीबीच एकता हुने निश्चित भएको छ । दर्शन, विचार, राजनीतिक विषयमाथि लामो समयसम्मको गृहकार्य, व्यापक छलफल र बहसपछि नेपाल कम्युनिस्ट पार्टी (बहुमत) र नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) बीच एकता हुने भएको हो । दुवै पार्टीका शीर्ष नेताबीचको संयुक्त बैठकले पार्टी एकतालाई अगाडि बढाउने निर्णय गरेको छ । पार्टी एकताप्रक्रियालाई ठोस गर्नका लागि पार्टी एकता संयोजन समितिसमेत गठन गरिएको छ ।

नेकपा (बहुमत) का संयोजक कञ्चन र नेकपा (क्रान्तिकारी माओवादी) का महासचिव किरणले गत शुक्रबार संयुक्त प्रेस विज्ञप्तिमार्फत सम्पूर्ण क्रान्तिकारी कम्युनिस्ट पार्टी, सङ्गठन र व्यक्तित्वहरूलाई समेत पार्टी एकता प्रक्रियामा सामेल हुन हार्दिक आह्वान गरेपछि दुई पार्टीबीच एकता हुने र अन्य पार्टी वा समूह बनाएर बसेकाहरुबीच पनि ध्रुवीकरणप्रक्रिया अघि बढ्ने सुनिश्चित भएको हो ।

नेकपा (बहुमत) का संयोजक कञ्चन र नेकपा (क्रान्तिकारी माओवादी) का महासचिव किरणले हस्ताक्षर गरेर जारी गरेको संयुक्त प्रेस विज्ञप्तिमा भनिएको छ, 'आज नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) तथा नेपाल कम्युनिस्ट पार्टी (बहुमत) का दुवै नेतृत्वसहित वार्ताटोलीहरूका बीच संयुक्त बैठक बस्यो । व्यापक छलफलपछि सो बैठकले पार्टी एकतालाई अगाडि बढाउने निर्णय गरी सो प्रक्रियालाई गति दिनका लागि पार्टी एकता संयोजन समिति गठन गरेको छ । यस अवसरमा हामी सम्पूर्ण क्रान्तिकारी कम्युनिस्ट पार्टी, सङ्गठन र व्यक्तित्वहरूलाई समेत यस प्रक्रियामा सामेल हुन हार्दिक आह्वान गर्दछौँ ।'

दुई पार्टीबीच आधारभूत कुराहरूमा एउटै धारणा बन्दै गएको स्रोतले जनाएको छ । वार्ता टोलीको १९ गतेको बैठकमा दुई पार्टीका प्रमुखहरूसहितको छलफलबाट पार्टी एकता संयोजन समिति बनाउने निर्णय गरिएको थियो । साथै बाहिर छरिएर रहेका क्रान्तिकारी पार्टी, सङ्गठन/मोर्चा र व्यक्तिहरूलाई पनि यो एकता अभियानमा सहभागी हुन अपिल गरिएको छ ।

नेपालमा रहेका विभिन्न नामका कम्युनिस्ट पार्टीहरूको ठूलो हिस्सा संसदीय व्यवस्थामा आत्मसमर्पण गरेकाले जनतामा उत्पन्न भएको निराशा र अविश्वासलाई यी क्रान्तिकारी पार्टीहरूबीचको एकता हुने सन्देशले विश्वास र आशा जगाइदिने अपेक्षा राखिएको छ भने एउटा शक्तिशाली क्रान्तिकारी ध्रुवको निर्माण हुने र वैकल्पिक शक्ति र सत्ताको निर्माण हुने सम्भावना बढेको छ ।

स्मरणीय छ, केही समयअघि नेकपा (बहुमत) र जनसमाजवादी मञ्च नेपालबीच एकता सम्पन्न भएको थियो ।

नेपालका दलाल पुँजीवादी शक्ति र संसदीय ... बाँकी ७ पृष्ठमा

## सरकार फासिवादी बन्दै : ६ दल/मोर्चा

*तीनबुँदे सहमति अविलम्ब लागू गर्न र पक्राउ पुर्जी फिर्ता लिन माग*

काठमाडौँ/ गठबन्धन शेरबहादुर देउवा सरकार सहमति लागू नगरेर उल्टै पक्राउ पुर्जी जारी गर्दै फासिवादी बन्दै गएको ६ राजनीतिक पार्टी/मोर्चाको निष्कर्ष छ ।

नेकपा (क्रान्तिकारी माओवादी) का स्थायी समिति सदस्य सीपी गजुरेल, नेकपा (बहुमत) का संयोजक कञ्चन, ने.क.पा.(मसाल) राष्ट्रिय महाधिवेशन आयोजक समितिका संयोजक सन्तबहादुर नेपाली, नेपाल कम्युनिस्ट पार्टीका अध्यक्ष लोकनारायण सुवेदी, माओवादी कम्युनिस्ट पार्टी, नेपालका महासचिव रामनारायण पाल र संयुक्त क्रान्तिकारी मोर्चा, नेपालका प्रतिनिधि नारायण शर्माले यही साउन १६ गते ललितपुर जिल्ला अदालतले तत्कालीन नेपाल कम्युनिस्ट पार्टी र सरकारका बीचमा भएको ३ बुँदे सहमति उल्लङ्घन गर्दै पार्टीका नेता र कार्यकर्ताहरूका विरुद्ध पक्राउ पुर्जी जारी गरेको विषयप्रति आपत्ति प्रकट गरेका छन् ।

६ दल र मोर्चाले शुक्रबार संयुक्त प्रेस विज्ञप्ति जारी गर्दै शेरबहादुर देउवा नेतृत्वको गठबन्धन सरकारको यस्तो क्रियाकलापबाट सरकार झनै फासिवादी बन्दै गएको प्रतित भएको निष्कर्ष पनि निकालेका छन् ।

पाँच दल र एक मोर्चाले जारी गरेको विज्ञप्तिमा सहमतिका बुँदाहरूलाई कार्यान्वयन गर्न सरकारले खासै चासो नदेखाएकाले तत्कालै ३ बुँदे सहमति कार्यान्वयन गर्न, सबै नेता/कार्यकर्तामाथि लगाइएका सबै मुद्दा खारेज गर्न र बन्दीहरूलाई तत्काल रिहा गर्न माग गरिएको छ ।

विज्ञप्तिमा भनिएको छ, 'यही साउन १६ गतेका दिन ललितपुर जिल्ला अदालतले तत्कालीन नेपाल कम्युनिस्ट पार्टी र सरकारका बीचमा भएको ३ बुँदे सहमतिलाई उल्लङ्घन गर्दै उक्त पार्टीका नेता र कार्यकर्ताहरूका विरुद्ध पक्राउ पुर्जी जारी गरिएकोप्रति ... बाँकी ७ पृष्ठमा

## भ्रष्टहरूमाथि जनकारबाही

*खानेपानीमा भ्रष्टाचार गर्ने मल्ललाई कालोमोसो*

बाँके/ मिटरब्याजी शोषणविरुद्ध देशव्यापी आन्दोलनमा उत्रिएको नेकपा (बहुमत) को सहायक सङ्गठन युवा जनस्वयम्सेवक नेपालले राष्ट्रियता, जनतन्त्र, जनजीविकाका विषयसँगै भ्रष्टहरूमाथि जनकारबाही सुरु गरेको छ ।



यसै क्रममा युवा जनस्वयम्सेवक नेपाल कर्णाली ब्युरोले बाँकेको कोहलपुर साना सहरी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाका अध्यक्ष नरबहादुर मल्ललाई सोमबार कालोमोसो दलेको छ ।

मल्लमाथि जनकारबाही गर्नुका कारणहरू उल्लेख गर्दै सङ्गठनद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'हाम्रो गौरवशाली सङ्गठन युवा जनस्वयम्सेवक नेपाल राष्ट्रियता, जनतन्त्र र जनजीविकाका सन्दर्भमा विगत लामो समयदेखि बलिदानको गौरवपूर्ण इतिहास रच्दै विभिन्नखाले समाजिक विकृति, विसङ्गतिका विरुद्ध धावा बोल्दै आइरहेको कुरा सबैमा अवगत नै ... बाँकी ७ पृष्ठमा

## अनियमितता अन्त्य गर्न भरतपुर अस्पताललाई चेतावनी



चितवन/ नेकपा (बहुमत) को सहायक सङ्गठन युवा जनस्वयम्सेवक नेपाल चितवनले भरतपुर अस्पतालमा भएको अनियमितता अन्त्य गर्न माग गर्दै अस्पताल प्रशासनलाई सोमबार १० बुँदे मागसहितको पत्र दिएको छ ।

सङ्गठनका चितवन अध्यक्ष सन्देशद्वारा हस्ताक्षरित र अस्पतालका अध्यक्ष र मेसुलाई सम्बोधन गर्दै सोमबार बुझाइएको मागपत्रमा देश आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक समस्याहरूको भुमरीबाट अघि बढिरहेको अवस्थामा सत्ता सञ्चालकहरू देश र जनताका समस्या समाधान गर्नेतिर भन्दा पनि सत्ता खिचातानी, कमिसन, मिलोमतो, भ्रष्टाचार, कुशासन, दलाली, राष्ट्रघातको दुष्चक्रमा फसेको उल्लेख छ ।

मागपत्रमा देशमा महँगी बढिरहेको, मूल्य वृद्धि र बेरोजगारीले निम्न आय भएका जनताको साँझ–बिहानको चुलो नबल्ने अवस्थामा उत्पन्न भएको र स्वास्थ्य क्षेत्रमा चरम ... बाँकी ७ पृष्ठमा

## प्रबुद्ध व्यक्तित्वहरूबाट सरकारी पक्राउ पुर्जीको तीव्र निन्दा

*'देशलाई मुठभेडमा लग्ने षड्यन्त्र बन्द गर'*



मन्थली (रामेछाप)/ नेकपा (बहुमत) लगायत विभिन्न राजनीतिक दल र पार्टीका जनवर्गीय सङ्गठनहरुबाट देशव्यापी रूपमा सरकारले नेकपा -बहुमत) का नेताहरुमाथि जारी गरेको ३५ दिने पक्राउ पुर्जीको विरोध भइरहेको समयमा नेकपा (बहुमत) रामेछापले विभिन्न राजनीतिक दल, कानुन व्यवसायी, पत्रकार र अधिकारकर्मीहरु सहभागीता गराएर अन्तरक्रिया आयोजना गरेको छ ।

जिल्लाका बौद्धिक व्यक्तित्व र राजनीतिक दलका नेताहरूले नेकपा (बहुमत) का शीर्ष नेताहरूमाथि सरकारले जारी गरेको कथित पक्राउ पुर्जीको तीव्र निन्दा र भर्त्सना गर्दै मुलुकलाई द्वन्द्वमा फसाउने षड्यन्त्र तत्काल बन्द गरेर सहमति पालना गर्न आह्वान गरेका छन् ।

नेकपा (बहुमत) रामेछापले मन्थलीमा आयोजना गरेको 'तीनबुँदे सहमति र कथित पक्राउ पुर्जी' विषयक अन्तरक्रियामा सहभागी जिल्लामा क्रियाशील राजनीतिक पार्टीका नेता र बौद्धिक व्यक्तित्वहरूले समाजलाई अस्थिर राख्ने र सत्तामा ब्रह्मलूट मच्चाइरहने योजनासहित सहमति लागू नगरेर थप अस्थिरता निम्त्याउन लागिएको भन्दै पक्राउ पुर्जी फिर्ता लिन, राजबन्दी रिहा गर्न र झूट्टा मुद्दाहरू खारेज गर्न गठबन्धन सरकारलाई आह्वान गरेका हुन् ।

नेकपा (एकीकृत समाजवादी) का केन्द्रीय सदस्य एवम् अधिवक्ता झम्क कँडेलले सत्ताको चरम भ्रष्टीकरण भइरहेको समयमा शान्तिपूर्ण तरिकाले राजनीतिक कार्यक्रम अघि बढाइरहेको पार्टीका नेताहरूमाथि सहमतिविपरीत पक्राउ पुर्जी जारी गर्नु हिंसा भड्काउने षड्यन्त्र भएकाले अविलम्ब गल्ती सच्याउन सरकारसँग माग गरे । आफ्नो पार्टी पनि गठबन्धन बनाएर सरकारमा रहेको समयमा यस्तो गैरकानुनी, मानवअधिकारविरोधी ... बाँकी ७ पृष्ठमा

# पुँजीवादी नाफा

### कार्ल मार्क्स

### (१८४४ का आर्थिक तथा दार्शनिक पाण्डुलिपिहरू)

**देश/परिवेश**

**अनुवादक : सुदर्शन**

**१. पुँजी**

||I,2| पुँजीको आधार के हो, के त्यो अर्काको श्रमको उत्पादनमा निजी सम्पत्ति हो ?

"यद्यपि पुँजी स्वयम् केवल चोरी अथवा छलछामको योगफल होइन, यसलाई अझै पनि विरासत चोख्याउन व्यवस्थापिकाको सहकार्य आवश्यक हुन्छ ।" *([Say, Traité d'économie politique,] t.I पृ. १३६ टिप्पणी)*[९]

कसरी कुनै व्यक्ति उत्पादित पुँजीको मालिक बन्दछ ? कसरी कुनै व्यक्ति यस पुँजीका साधनद्वारा सृजित उत्पादनको स्वामी बन्दछ ?

"सकारात्मक कानुनको सद्गुणले" *(से, t.II पृ. ४)* ।

उदाहरणका लागि कसरी कुनै व्यक्तिको धनसम्पत्तिको विरासतसहितको पुँजी प्राप्त हुन्छ ?

"त्यो व्यक्ति जसले या त ठूलो धनराशि प्राप्त गर्न सफल हुन्छ वा ऊ कुनै राजनीतिक सत्ता प्राप्त गर्न सफल हुन्छ भन्ने जरुरी छैन । [....] त्यो सत्ता जसले तत्कालै र प्रत्यक्ष रूपले उसलाई स्वामित्व हस्तान्तरण गर्दछ त्यो क्रयशक्ति हो; यसले समग्र श्रममाथि अथवा समग्र श्रमको उत्पादनमाथि निश्चित आधिपत्य कायम गर्दछ जुन त्यसपछि बजारमा जान्छ ।" - *राष्ट्रधन, एडम स्मिथ, ग्रन्थ १, पृ. २६-२७ [गार्नियर, t.I पृ. ६१)*[१०]

यसकारण पुँजी भनेको श्रम र यसको उपज परिचालन गर्ने शक्ति हो । पुँजीपतिले यसको व्यक्तिगत अथवा मानवीय गुणको हिसाब नगरीकन यस शक्तिलाई अधिग्रहण गर्दछ किनभने ऊ नै पुँजीको स्वामी हो । उसको शक्ति भनेको आफ्नो पुँजीको क्रयशक्ति हो जसलाई कसैले चलाउन सक्तैन ।

त्यसपछि हामीले सबभन्दा पहिले पुँजीपतिले पुँजीको साधनद्वारा कसरी श्रममाथि आफ्नो शासन चलाउँछ भन्ने कुरा देख्नेछौँ, अनि पुँजीपति स्वयम्माथि पुँजीको शासन सञ्चालन कसरी हुनेछ भन्ने कुरा देख्नेछौँ ।

**पुँजी के हो त ?**



*"उपयोग गरिने रोजगार बन्न सङ्गृहीत र सञ्चित श्रमको निश्चित मात्रा ।" एडम स्मिथ Op.Cit, ग्रन्थ १, पृ. २९५ [गार्नियर, t.II पृ. ३१२)* ।

पुँजी भनेको श्रम-सञ्चय हो । ... बाँकी २ पृष्ठमा

## सम्पादकीय

# क्रान्तिकारी पार्टीहरूबीच एकता–प्रक्रियाले दिएको सन्देश

क्रान्तिकारी शक्ति र मुक्तिका लागि लडिरहेका जनतालाई खुसीको सन्देश प्रवाह गर्दै र दलाल पुँजीवादी लुटेराहरूको खुसीको स्वर्गमाथि धावा बोल्दै नेपालका दुई क्रान्तिकारी कम्युनिस्ट पार्टी नेकपा (बहुमत) र नेकपा (क्रान्तिकारी माओवादी) बीच एकताप्रक्रिया प्रक्रिया अघि बढेको छ । यसले 'कम्युनिस्टहरू फुट्न मात्र जान्दछन्, जुट्न जान्दैनन्' भनेर प्रतिक्रियावादीहरूले जनतामा पारेको भ्रम र इमानदार जनतामा कम्युनिस्ट पार्टीहरू मिलिदिए हुन्थ्यो, क्रान्ति छिटो सम्पन्न भइदिए हुन्थ्यो भन्ने जनताको इमानदार र पवित्र भावनामा पनि क्रान्तिकारी आशावादको रक्तसञ्चार गरेको छ ।

पार्टीहरू किन विभाजित हुन्छन् वा एउटा पार्टीबाट किन अरू पार्टीहरूको जन्म किन हुन्छ भन्ने विषयले लामो व्याख्या र विश्लेषणको माग गर्दछ । क्रान्तिकारी दर्शन, विचार, सिद्धान्त, राजनीति र कार्यक्रम एउटै भएका वा एउटै हुनसक्ने प्रबल सम्भावना भएका पार्टीहरूका बीचमा एकता हुनु अत्यन्त सुखद र अत्यावश्यक पक्ष हो । प्रतिक्रियावादी, अवसरवादी, संसदीय संशोधनवादी अर्थात् पुँजीवादी र दलाल पुाजीवादी शक्तिहरू आफ्नो सत्तास्वार्थको निहित उद्देश्य पूरा गर्न एकताका नाउँमा बारम्बार गठबन्धनहरू बनाइरहेका हुन्छन् । उनीहरूबीचको एकता, गठबन्धन वा मोर्चा देश र जनतामाथि कसरी ब्रह्मलूट गर्ने, कसरी राज्यशक्तिको दुरुपयोग र दोहन गर्ने, कसरी अत्याचारी व्यवस्था र शासनसत्ता लम्ब्याउने भन्नेमा केन्द्रित हुन्छ भने क्रान्तिकारी र विशेषतः कम्युनिस्टहरूबीचको एकता देश, जनता र श्रमिक सर्वहारा जनताको मुक्ति र समाजवाद स्थापनालाई केन्द्रमा राखेर हुने गर्छ । नेपालको कम्युनिस्ट आन्दोलनमा पनि यसप्रकारका फुट, विभाजन, पुनः एकता र ध्रुवीकरणका धेरै लामालामा शृङ्खलाहरू सञ्चालन भएका छन् । फुट वा विभाजनको समयमा जनतामा निराशा देखिने गरेको छ भने क्रान्तिकारी ध्रुवीकरण र एकताले क्रान्तिकारी शक्ति र श्रमिक जनतामा ठूलो उत्साह र खुसी ल्याउने गरेको छ । यो स्वाभाविक प्रक्रिया पनि हो । नेकपा (बहुमत) र नेकपा (क्रान्तिकारी माओवादी) बीच पार्टी एकताका लागि आन्तरिक वार्ताहरू हुँदै गर्दा र पछिल्लो समयमा एकता संयोजन समिति नै गठन भएको सन्देश प्रवाह हुँदा नेपालका मात्र होइन, संसारकै क्रान्तिकारी कम्युनिस्टहरूबीच खुसीको सन्देश प्रवाह भएको छ । यो प्रक्रिया र सन्देशले नेपालमा अवसरवादी र आत्मसमर्पणवादी नेतृत्वले रछ्यानमा फ्यालेको रक्तरञ्जित झन्डा र सहिद–बेपत्ता योद्धाका सपनाको उच्च सम्मान मात्र गरेको छैन, अलपत्रमा पारिएको जनवादी–वैज्ञानिक समाजवादी क्रान्ति छिट्टै पूरा हुने प्रक्रिया अघि बढ्ने सन्देश पनि प्रवाह गरेको छ । यो अत्यन्त सुखद सन्देश हो । अब यसलाई निर्णय र कार्यान्वयनको चरणमा अघि बढाउनुपर्छ र जनतालाई अर्को खुसीको सन्देश प्रवाह गर्नुपर्छ ।

यतिबेला मुलुकको राष्ट्रियता अत्यन्त सङ्कटमा परेको छ । भारतीय साम्राज्यवादको लुट, दोहन र हस्तक्षेपले देश थिलथिलो भएको अवस्थामा अमेरिकी साम्राज्यवाद एमसीसी र एसपीपी लिएर सीधै देशको संसद्बाट हस्तक्षेपकारी अवस्थामा भित्रिएको छ । हिजोसम्म मुलुकका लागि कागजी बाघ मात्र देखिएको साम्राज्यवादको नग्न उपस्थिति र नेपालका दलाल पुँजीवादी शासकहरूको दास र लाचारपनले मुलुक कति बेला सिरिया, लिबिया, युक्रेन, अफगानिस्तान वा इराक बनाइने हो, कुनै टुङ्गो छैन । एकातिर साम्राज्यवादी स्वार्थहरूलाई मुलुकको संसद्बाटै देशभित्र प्रवेश गराएर देशलाई अन्त्यहीन युद्धको भुमरीमा फसाउने षड्यन्त्र भइरहेको छ र देशका शासकहरू त्यसका मतियार वा गोटी बनिरहेका छन् भने अर्कातिर देशभक्त शक्ति र जनताको व्यापक विरोध र विद्रोहलाई कुल्चिँदै संसद्बाटै राष्ट्रघाती नागरिकता विधेयक पारित गरी विभिन्न बहानामा नेपाल छिरेका भारतीय नागरिकलाई नागरिकता बाँडेर वास्तविक जनतालाई अल्पमतमा पार्ने र मुलुकलाई फिजी बनाउने खतरा बढेको छ । खराब व्यवस्था र खराब शासकहरूका कारण महँगी, भ्रष्टाचार, कमिसनखोरी, बेरोजगारी, प्रतिभा पलायन, दलाली, आत्मसमर्पण मुलुकका स्थायी रोग बनेका छन् । राष्ट्रियता, जनतन्त्र र जनजीविकाका विषय शासकहरूका लागि सत्तादोहन गर्ने साधन बनेका छन् । अभाव र शोषणले जनताको जीवन उठ्नै नसक्ने अवस्थामा पुगेको छ । मिटरब्याजी, सूदखोरीलगायत शोषण र अत्याचारले जनतालाई सडकमा पुऱ्याएको छ । राज्यसत्ता र सरकारको उपस्थिति देशको रक्षा र जनताको सेवाका लागि होइन, दोहन, शोषण र व्यभिचारका लागि मात्र भएको छ । सरकार आफैँ वा आफूभन्दा अघिल्ला सरकारहरूले गरेको निर्णय, सहमति कार्यान्वयन नगरेर क्रूर र फासिवादी बन्दै गएको छ । सत्तासङ्कट शान्तिपूर्ण माध्यमबाट समाधान गर्ने सहमति गरेको सरकारले सहमति कार्यान्वयन गर्नु त परै जाओस् उल्टै पार्टी नेताहरूमाथि पक्राउ पुर्जी जारी गरेर आफ्नो फासिवादी हर्कत प्रदर्शन गरिरहेको छ । यस्तो विकराल अवस्थामा देशमा एउटा शक्तिशाली र भरपर्दो क्रान्तिकारी कम्युनिस्ट आन्दोलन बन्नु र अघि बढ्नु अत्यावश्यक थियो र नेकपा (बहुमत) र नेकपा (क्रान्तिकारी माओवादी) बीचको एकताप्रक्रियाले देश र जनताका लागि आवश्यक मात्र होइन, ढिला भइसकेको क्रान्तिकारी आन्दोलन अघि बढ्ने र सफलतासम्म पुग्ने आशा र अपेक्षा बढेको छ । यो अत्यन्त सुखद सन्देश हो ।

कम्युनिस्ट मात्र होइन, अरू पार्टी र शक्तिहरू पनि बारम्बार फुटिरहेका र समयसमयमा फेरि जुटेका देखिन्छन् । नेपालकै राजनीतिक इतिहासमा पनि आफूलाई प्रजातान्त्रिक भनाउने तर दलाल पुँजीवादको सेवक र अगुवा नेपाली काङ्ग्रेस पार्टी पनि बारम्बार फुट्ने र जुट्ने गरेको इतिहास छ । पछिल्लो चरणमा जनयुद्धले उचाइ र व्यापकता लिँदै गर्दा विद्यमान प्रधानमन्त्री शेरबहादुर देउवाकै नेतृत्वमा काङ्ग्रेस पार्टी फुटेर तत्कालीन राजा ज्ञनेन्द्र शाहीको कदमको समर्थन गरेको थियो र पुरस्कारस्वरूप उनले शाही प्रधानमन्त्रीको पद पाएका थिए । एउटा स्वार्थ पूरा भएपछि र सत्तासङ्कट र अस्तित्वसङ्कट गहिरिएपछि पुनः उक्त पार्टी पनि जुटेको इतिहास ताजै छ । नेपालमा संशोधनवादको प्रवर्तक र प्रयोगकर्ताका रूपमा रहेको एमाले पनि बारम्बार फुट्दै र जुट्दै गरेको इतिहास छ । सामन्ती राजतन्त्रका पक्षपार्ती राप्रपा, मधेसवादीहरू र अन्य क्षेत्रीय, जातीय समूहरूको त फुट्ने र जुट्ने कुनै सङ्ख्या र सीमा नै छैन । देशी–विदेशी शक्तिहरूको स्वार्थ र इशारामा प्रतिक्रियावादी शक्तिहरू फुट्दा देश र जनतालाई फाइदा हुन्छ भने जनताको अपेक्षा र देशको आवश्यकतामा कम्युनिस्ट क्रान्तिकारीहरू जुट्दा देश र श्रमिक जनतालाई फाइदा हुन्छ । प्रतिक्रियावादी शक्तिहरू अस्तित्वरक्षाका लागि गठबन्धनका नाउँमा मोर्चा बनाएर जुटिरहेको समयमा, देश र जनतामाथि शोषण, दमन र युद्धको कालो बादल मडारिइरहेको अवस्थामा एउटै उद्देश्य भएका क्रान्तिकारी कम्युनिस्ट शक्तिहरूबीच एकता नहुँदा प्रतिक्रियावादी र यथास्थितिवादी शक्तिले फाइदा लिइरहेका थिए । यो एकताप्रक्रियाले सार्थकता र पूर्णता पाएपछि भने फेरि एकता र क्रान्तिकारी ध्रुवीकरणको एउटा नयाँ लहर आउनेछ भने प्रतिक्रियावदी शक्ति कमजोर बन्नेछ । दलाल पुाजीवादको अन्त्य र मुलुकमा वैज्ञानिकसमाजवाद स्थापनाका लागि पनि यो एकताप्रक्रिया ऐतिहासिक महत्वको हुने निश्चित छ ।

## पूँजीवादी नाफा ...

(२)

कोष अथवा पुँजी[1] भनेको जमिन अथवा औद्योगिक उत्पादनको कुनै पनि सञ्चय हो । पुँजी सञ्चय त्यसलाई मात्र भनिन्छ जब त्यसले आफ्नो मालिकका लागि राजस्व अथवा नाफा उत्पन्न गर्दछ । - *(एडम स्मिथ, Op.Cit, पृ. २४३ [गार्नियर, t.II पृ. १९१]) ।*

### २. पुँजीको नाफा

पुँजीको नाफा अथवा लाभ श्रमको ज्यालाबाट सर्वथा भिन्न छ । भिन्नता दुई प्रकारले अभिव्यक्त हुन्छ : सर्वप्रथम, पुँजीको नाफा पुँजीमा उपयोग गरिएको मूल्यद्वारा पूर्ण रूपले व्यवस्थित गरिएको हुन्छ यद्यपि विभिन्न पुँजीसँग जोडिएको श्रमको निरीक्षण र निर्देशन उस्तै हुनसक्छ । यस अतिरिक्त यो समग्र श्रमको बृहत् कार्यहरूमा कोही प्रधान बहिदार हुन्छ जसको तलव उसले व्यवस्थापनको पुँजीका लागि **||II,2|** निरीक्षण गर्दछ । त्यसको अनुपातमा नियमित हुँदैन । तथापि श्रमको मालिक भने करिब कत्ति पनि घाटामा हुँदैन, बरु उसले त आफ्नो पुँजीको अनुपातमा अझै नाफाको पो माग गर्दछ । - *(एडम स्मिथ, Op.Cit., ग्रन्थ १, पृ. ४३ [गार्नियर, t.I पृ. ९७-९९])*[11]

किन पुँजीपतिले पुँजी र नाफाबीचको अनुपात माग गर्दछ ?

"जबसम्म उसले अपेक्षा गरेको उनीहरू (मजदुरहरू) को श्रम बिक्रीबाट ज्यालाका रूपमा उसद्वारा अघि बढाइएको सञ्चितीलाई प्रतिस्थापन गर्ने आवश्यकताभन्दा केही बढी हुँदैन तबसम्म उसले मजदुरहरूलाई रोजगारी दिने कुरामा कुनै चासो दिनेछैन र जबसम्म उसको नाफाले आफ्नो सञ्चयको विस्तार गर्ने केही अनुपात स्वीकार गर्दैन तबसम्म उसलाई एउटा सानोभन्दा सानो सञ्चयमा रोजगार दिने कुनै पनि चासो राख्नेछैन ।" - *(एडम स्मिथ, Op.Cit.,ग्रन्थ १, पृ. ४२ [गार्नियर, t.I पृ. ९६-९७])*

त्यसकारण सर्वप्रथम पुँजीपतिले ज्यालाबाट नाफा लिन्छ र द्वितीयतः त्यसद्वारा कच्चा पदार्थको विकास लिइन्छ ।

त्यसो भए कुन अनुपातमा पुँजीको नाफा हुन्छ त ?

निश्चित स्थान र निश्चित समयमा ज्यालाको सामान्य औसत तह निर्धारण गर्न कठिन हुन्छ भने पुँजीमाथि नाफा निर्धारण गर्न त झन् कठिन हुनेछ । मालको मूल्यमा परिवर्तन जसमा पुँजीपतिले आफ्ना प्रतिपक्षी र ग्राहकहरूको असल वा खराब अवसरको सामना गर्दछ, अन्य हजारौँ घटनाहरू जसले पारवहन र भण्डारण दुवैमा रहेका मालहरू अनावृत्त हुन्छन्, सबैले दिनदिनै, झन्डै घन्टैपिच्छे नाफामा घटबढ उत्पन्न गर्दछन् । *-(एडम स्मिथ, Op.Cit.,ग्रन्थ १, पृ. ७८-७९ [गार्नियर t.I, पृ. १७९-१८०])*

पुँजीमाथिका नाफा के हुन् भन्ने कुरा तथ्यसहित निर्धारण गर्न असम्भव भए पनि केही धारणा मुद्राको ब्याजबाट बनेका हुन सक्छन् । जहाँ पनि मुद्राको उपयोगद्वारा ठूलो व्यापार बनाउन सकिन्छ । यसको उपयोगका लागि ठूलो व्यापार दिइनेछ । यसद्वारा सानो बनाउन सकिने भए सानै दिइनेछ । - *एडम स्मिथ, Op.Cit. ग्रन्थ १ पृ. ७९ [गार्नियर, t.I पृ. १८१])*

त्यो अनुपात जसलाई ब्याजको सामान्य बजारभाउले चोखो नाफाको भाउलाई बहन गर्नुपर्दछ, अवश्यम्भावी रूपमा नाफाको उत्थान र पतनअनुसार फेरबदल हुन्छ । ग्रेट ब्रिटेनमा दोहोरो ब्याजलाई व्यापारीहरूले असल, आधुनिक तार्किक नाफाजस्ता शब्दमा जसरी व्यक्त गरेको ठान्दछन् जसको अर्थ साझा र सामान्य नाफाबाहेक केही होइन । *(एडम स्मिथ, Op.Cit., ग्रन्थ १, पृ. ८७ [गार्नियर, t.I, पृ. १९८]) ।*

नाफाको न्यूनतम् भाउ/दर भनेको के हो ? अनि अधिकतम् के हो नि ?

"पुँजीको साधारण नाफाको न्यूनतम् दर बेलाबेलामा क्षतिपूर्तिका लागि जुन पर्याप्त गुम्दछ त्यसभन्दा सधैँ केही बढी हुनुपर्दछ जसमा पुँजी सञ्चयको हरेक उपयोग अनावृत्त हुन्छ । यही नै त्यो अतिरिक्त हो जुन स्पष्ट रूपमा नाफा हो । ब्याजको न्यूनतम् दरका लागि यही कुरा कायम हुन्छ ।" -(एडम स्मिथ, Op.Cit., ग्रन्थ १, पृ. ८६ [गार्नियर, t.I पृ. १९६])

**||III,2|** त्यो उच्चतम् दर जसमा साधारण नाफा वृद्धि हुनसक्छ, त्यो के हो भने मालको ठूलो भागको मूल्यले सम्पूर्ण भूमि लगानीलाई खाइदिन्छ र श्रमिकलाई काम गरुन्जेल बाँच्न न्यूनतम् दरका लागि माल आपूर्तिमा श्रमको घेरामा ज्याला घटाइदिन्छ । मजदुरले कुनै पनि हालतमा भोजन पाउनुपर्दछ अथवा उसले कामको खोजी गर्दछ, त्यसबेला लगानी समग्र रूपमा विलुप्त हुनसक्छ । उदाहरणका लागि : बङ्गालमा इस्ट–इन्डिया कम्पनीको नोकर । *(एडम स्मिथ, Op.Cit., ग्रन्थ १, पृ. ८६-८७ [गार्नियर, t.I पृ. १९७-९८])*

यस अतिरिक्त सीमित प्रतिस्पर्धाको सम्पूर्ण लाभहरूका साथ जुन मुद्दामा पुँजीपतिले शोषण गर्दछ, उसले बजार मूल्यलाई एकदमै शालीन तरिकाले प्राकृतिक मूल्यभन्दा माथि राख्न सक्छ ।

"एउटा कुरा, यदि बजार यसलाई आपूर्ति गर्नेहरूबाट धेरै टाढा छ भने व्यापारलाई गोप्य राखेर, मूल्य परिवर्तनलाई लुकाएर प्राकृतिक मूल्यभन्दा यसको मूल्य बढाउँछ । यो गोपनीयताले के असर पारेको छ भने अरू पुँजीपतिहरूलाई उद्योग वा व्यापारको यो शाखामा आफ्नो पुँजी लगानी गर्ने कुरा पछ्याउँदैन ।"

"त्यसपछि फेरि उत्पादनमा गोपनीयताले उच्चतर नाफा कमाइरहेका आफ्ना प्रतिस्पर्धीभन्दा उत्तिकै अथवा निम्न मूल्यमा उत्पादनको मूल्य घटाउन र आफ्नो माल आपूर्ति गर्न पुँजीपतिलाई योग्य बनाउँछ । (गोपनीयता बनाएर धोका दिनु अनैतिकता होइन र ? सञ्चय विनिमयमाथि व्यापार ।) यस अतिरिक्त जहाँ खास स्थानका लागि उत्पादन निषेधित हुन्छ (जस्तो दुर्लभ रक्सीको मुद्दा) र जहाँ प्रभावकारी माग कहिल्यै पनि पूरा हुँदैन । अन्ततः व्यक्तिगत अथवा कम्पनीहरूद्वारा सम्पूर्ण रूपले एकाधिकार लागू गरिन्छ । एकाधिकारी मूल्य उच्चतम् रूपले सम्भव छ ।" *(एडम स्मिथ, Op.Cit., ग्रन्थ १, पृ. ५३-५४ [गार्नियर, t.I, पृ. १२०-२४१])*

अरू आकस्मिक कारणहरू जसले पुँजीमाथि नाफा बढाउन सक्छन् ?


"नयाँ भूभागहरू अथवा व्यापारका नयाँ शाखाहरूको अधिग्रहणले एउटा धनी देशमा पनि पुँजीमाथि अक्सर नाफा वृद्धि हुन्छ किनभने उनीहरूले व्यापारका पुराना शाखाहरूबाट केही पुँजी छोड्छन्, प्रतिस्पर्धा घटाउँछन् र यसकारणले बजारमा थोरै माल आपूर्ति हुन्छ, यसपछि मूल्य बढ्छ, ती जसले यी मालसँग सामना गर्ने ब्याजको उच्च दरमा सापट लिन सक्दछन् ।" *(एडम स्मिथ, Op.Cit., ग्रन्थ १, पृ. ८३, [गार्नियर t.I, पृ. १९०])*

"जति धेरै माल उत्पादन हुन्छ– जति धेरै यो उत्पादनको विषय बन्दछ– मूल्यको त्यो भाग महान् बन्दछ जुन अनुपातमा ज्याला र नाफाभित्र समाधान हुन्छ यसले लगानीमा पनि समाधान गर्दछ । माल उत्पादनको प्रगति नाफा वृद्धि मात्र हुँदैन, बरु हरेक आगामी नाफा पहिलेको भन्दा बढी हुन्छ किनभने त्यसबाट उत्पन्न पुँजी नै सधैँ बढी हुनुपर्दछ । उदाहरणका लागि पुँजी जसले बुनाई मजदुरहरूलाई रोजगारी दिन्छ, सधैँ नै जसले कताई मजदुरहरूलाई रोजगारी दिनेभन्दा बढी हुनुपर्नेछः, किनभने यसले नाफासहितको पुँजीलाई मात्र प्रतिस्थापन गर्दैन, बरु साथसाथै बुनकरहरूको ज्याला तिरिदिन्छ; अनि नाफाले पुँजीको केही अनुपातलाई सधैँभरि स्वीकार्नुपर्दछ ।" *(Op.Cit., ग्रन्थ १, पृ. ४५ [गार्नियर t.I, पृ. १०२-१०३])*

यसरी प्रकृतिको उत्पादनलाई मानवश्रमद्वारा प्रकृतिको यान्त्रिक उत्पादनमा बदल्दै गरिएको विकासले ज्यालामा मात्र वृद्धि गर्दैन, बरु आंशिक रूपमा नाफादायक पुँजी लगानीको सङ्ख्या वृद्धि हुन्छ र आंशिक रूपमा पहिलेको तुलनामा हरेक उत्तरगामी पुँजीको आकार पनि बढ्छ ।

पुँजीपतिलाई बढी नाफा पछिल्लो श्रम विभाजनबाट आउँछ ।

उसलाई दोहोरो नाफा पहिलो श्रम विभाजनबाट हुन्छ र दोस्रो सामान्यतः प्राकृतिक उत्पादनमाथि मानव श्रमद्वारा हुन्छ । एउटा मालमा जति धेरै मानव सहभागिता हुन्छ, मृत पुँजीको नाफा पनि त्यति नै धेरै हुन्छ ।




*"एउटा तथा सोही समाजमा पुँजीमाथि नाफाको औसत दर विभिन्न प्रकारका श्रमको ज्यालाभन्दा बढी उही तहमा नजिकै हुन्छ ।" (Op.Cit., ग्रन्थ १, पृ. १०० [गार्नियर, t.,I, पृ. २२८]) । "पुँजीका विभिन्न रोजगारहरूमा नाफाको मामुली दर प्रतिफलको सुनिश्चितता र अनिश्चिततासहित हेरफेर हुन्छ ।"*

*"पुँजीको साधारण नाफा, खतरासहित वृद्धि भए पनि सधैँ यसको अनुपातमा वृद्धि हुने देखिँदैन ।" (Op.Cit. ग्रन्थ १, पृ. ९९-१०० [गार्नियर t.I पृ. २२६-२७]) ।*

परिचालनका साधनहरू कम महँगा र सहज प्राप्य हुन्छन् भने नाफा पनि वृद्धि हुन्छ भन्ने कुरा नबोलीकनै थाहा हुन्छ ।

के कुरा स्पष्ट हुन्छ भने यदि परिचालनका साधानहरू सस्ता अथवा सजिलै प्राप्य हुन्छन् भने नाफा पनि बृद्धि हुन्छ । (उदाहरणका लागि कागजी मुद्रा)

### ३. श्रममाथि पुँजीको शासन र पुँजीपतिको प्रेरक

उसको आफ्नो निजी नाफाको प्रतिफलका रूपमा एक मात्र प्रेरक हो जसले या त कृषि उत्पादकमा वा थोक बिक्रेताको कुनै खास शाखामा अथवा खुद्रा व्यापारमा रोजगार बनाउन कुनै पुँजीको स्वामित्वलाई निर्धारण गर्दछ । उत्पादक श्रमका विभिन्न परिमाण जसले यसलाई गतिमा राख्दछन्, **||V,2|** र विभिन्न मूल्य जसले आफ्नो देशको भूमि र श्रममा वार्षिक उत्पादनलाई जोड्न सक्दछ, ती भिन्न तरिकाका एउटा वा अर्को उपयोग यसअनुसार नै हुन्छ भन्ने कुरा उसको विचारमा कहिल्यै घुस्दैन । *(एडम स्मिथ, Op.Cit., ग्रन्थ १, पृ. ३३५ [गार्नियर, t.II पृ. ४००-४०१]) ।*

पुँजीपतिका लागि पुँजीको अधिक उपयोगी उपयोग त्यो हो जसले उसलाई सबभन्दा ठूलो नाफाबराबर खतरा पनि उत्पन्न गर्दछ । यो रोजगार समाजका लागि अधिक उपयोगी हुन सक्दैन । सबैभन्दा उपयोगी उपयोग त्यो हो जसले प्रकृतिको उत्पादक शक्तिको उपयोग गर्दछ । *(Say, t. II पृ. १३०-३१) ।*

पुँजीका उपयोगकर्ताहरूको योजना र अनुमानहरूले नै श्रमका सबै अधिक महत्वपूर्ण कारबाहीहरूमा नियमन तथा निर्देशन गर्दछन् र नाफा नै ती सबै योजना र परियोजनाद्वारा प्रस्तावित लक्ष्य हो । तर नाफाको दर लगानी र ज्यालाजस्तै समृद्धि र समाजको पतनसँगै वृद्धि हुँदैन । यसको विपरीत, स्वाभाविक रूपमा यसको धनी देशमा निम्न र गरिब देशमा उच्च हुन्छ, अनि यो सधैँभरि सबभन्दा छिटो पतनतिर गइरहेका देशमा उच्चतम् हुन्छ । त्यसकारण यस वर्गको चासो अरू दुई देशहरूमा जस्तै समाजको सामान्य चासोसँगै उसैगरी जोडिएको हुँदैन । ...कुनै पनि निश्चित व्यापार तथा उत्पादन शाखाका व्यापारीहरूको निश्चित चाहना सधैँभरि केही कुरामा भिन्न र बारम्बार जनताको विपक्षमा नै हुन्छ । फराकिला बजार र साँघुरा बिक्रेताहरूको प्रतिस्पर्धा बनाउने नै सधैँभरि व्यापारीहरूको चाहना हुन्छ । ...यो एउटा त्यस्तो जनवर्ग हो जसको चाहना त्यो समाजको जस्तो ठ्याक्कै मिल्ने कहिल्यै हुँदैन, एउटा जनवर्ग जसले सामान्यतया जनतालाई विश्वासघात गर्ने उत्पीडन गर्ने चाहना राखेको हुन्छ । *(एडम स्मिथ, Op.Cit., ग्रन्थ १, पृ. २३१-३२ [गार्नियर t.II पृ. १७९]) ।*

### ४. पुँजीको सञ्चय र पुँजीपतिहरूबीच प्रतिस्पर्धा

मूल पुँजीको वृद्धि जसले ज्याला बढाउँछ किनभने पुँजीपतिहरूका बीचको प्रतिस्पर्धाले पुँजीपतिहरूको नाफा घटाउँदै लैजान्छ । *(एडम स्मिथ, Op.Cit., ग्रन्थ १, पृ. ७८ [गार्नियर t.I पृ. १७९]) ।*

*"उदाहरणका लागि, त्यो पुँजी जुनसुकै निश्चित सहरको खुद्रा व्यापारका लागि आवश्यक हुन्छ भने 'यसले दुई भिन्न खुद्रा पसलका बीच विभाजन ल्याइदिन्छ, कुनै एउटाको हातमा मात्र पार्ने हो भने उनीहरूको प्रतिस्पर्धाले उनीहरू दुईमध्ये एउटाको मालको मूल्य सस्तो पार्नेछ र यो बीसजनाबीच विभाजित हुन्छ भने उनीहरूको प्रतिस्पर्धा कति धेरै हुनेछ भने मूल्य वृद्धिले जस्तै ठीक मूल्य ह्रासले उनीहरूलाई संयुक्त हुने अवसर पनि हुनेछ ।"* (एडम स्मिथ, Op.Cit., ग्रन्थ १, पृ. ३२२ [गार्नियर t.II पृ. ३७२-७३]) ।

हामीलाई अहिलेसम्म के थाहा भइसकेको छ भने पुँजीपतिहरूको चाहनाअनुसार राजनीतिक अर्थशास्त्रीहरूद्वारा बनाइएको सामान्य दृष्टिकोणअनुसार पनि एकाधिकार मूल्य सम्भव भएसम्म बढ्दै जाँदा समाजको दुस्मनीपूर्ण प्रतिपक्षमा उभिन्छ र त्यसरी नै नाफा वृद्धिले मालको मूल्यमाथि मिश्रित चाहना व्यक्त गर्दछ । *(एडम स्मिथ, Op.Cit., ग्रन्थ १, पृ. ८७-८८ [गार्नियर t.I पृ. १९९-२०१]) ।* यसले के अनुशरण गर्दछ भने पुँजीपतिहरूविरुद्धको एक मात्र रक्षा प्रतिस्पर्धा हो जसले राजनीतिक अर्थशास्त्रको प्रमाणअनुसार उपभोक्ता आमजनताको सुविधाका लागि ज्याला बढाउने तथा मालको मूल्य घटाउने दुवैद्वारा हितकारी काम हुन्छ ।

यदि पुँजीको गुणन हुन्छ र धेरैको हातमा स्वामित्व रहन्छ भने मात्र प्रतिस्पर्धा सम्भव हुन्छ । धेरै पुँजी लगानीको निर्माण बहुपक्षीय सञ्चयको परिमाणका रूपमा मात्र सम्भव हुन्छ । त्यसैले पुँजी सञ्चयद्वारा मात्र अस्तित्वमा आउँछ, अनि बहुपक्षीय सञ्चय अवश्यम्भावी रूपमा एकपक्षीय सञ्चयमा बदलिदिन्छ । पुँजीपतिहरूका बीचको प्रतिस्पर्धाले पुँजीको सञ्चय बढाउँछ । व्यक्तिगत सम्पत्ति हाबी भएको सञ्चय भनेको मानिसको हातमा पुँजी केन्द्रीकृत हुनु हो । पुँजीले आफ्नो प्राकृतिक बाटो पछ्याउन छोड्छ भने सामान्यतः यो अपरिहार्य परिणाम हो र यो साँच्ची नै प्रतिस्पर्धाकै बाटो अघि बढ्छ भने पुँजीको यो प्राकृतिक व्यवस्थाका लागि बाटो स्पष्ट भएको छ ।

हामीले भनिसकेका छौँ– पुँजीमाथिको नाफा पुँजीको आकारअनुसारको अनुपातमा हुन्छ । त्यसकारण ठूलो पुँजीले हामीले समयक्रममा सुविचारित प्रतिस्पर्धालाई बेवास्ता गऱ्यौँ भने पनि आफ्नो आकारअनुसारको अनुपातमा सानो पुँजीभन्दा धेरै चाँडो सञ्चय गर्दछ । **|VI||**

**||VIII, 2|**[12] यसरी नै ठूलो पुँजीको सञ्चय प्रतिस्पर्धालाई वास्तै नगरीकन सानो पुँजीभन्दा धेरै तीव्रतापूर्वक अघि बढ्छ तर यो प्रक्रियालाई अझै अगाडि पछ्याउँदै जाऔँ ।

पुँजीको वृद्धिसँगै प्रतिस्पर्धाका कारणले पुँजीमाथिको नाफा ह्रास हुन्छ । त्यसकारण प्रथमतः साना पुँजीपतिले कष्ट झेल्नुपर्नेछ ।

पुँजी र पुँजी लगानीको ठूलो सङ्ख्या वृद्धिले देशमा धनको अवस्था अधिक[2] विकास हुँदै गएको मानिन्छ ।

"एउटा देश जसले धनीहरूको पूर्ण सहयोग प्राप्त गरेको हुन्थ्यो [....] भने चोखो नाफाको साधारण दर धेरै सानो हुन्थ्यो । त्यसकारण ब्याजको साधारण (बजार) दर जसले आफ्नो क्रयशक्ति गुमाउन सक्थ्यो, यति धेरै कम हुन्थ्यो, कसैलाई पनि तिर्न असम्भव हुन्थ्यो तर धनाढ्य मानिसहरू आफ्नो पैसाको ब्याजमा बाँच्न सक्थे । सम्पूर्ण सर्वसाधारण अभागी मानिसहरू [....] आफ्नै सञ्चयको रोजगारी स्वयम् निगरानी गर्न बाध्य हुनेछन् । के कुरा आवश्यक हुन्छ भने करिब प्रत्येक मानिस व्यापारी हुनुपर्नेछ वा कुनै पनि किसिमको व्यापारमा लाग्नुपर्नेछ ।" *(एडम स्मिथ, Op.Cit., ग्रन्थ १, पृ. ८६ [गार्नियर, t.I, पृ. १९६-९७])*[3] ।

यो परिस्थिति राजनीतिक अर्थशास्त्रको हृदयका लागि अधिक महँगो छ ।

"त्यसकारण पुँजी र राजस्वबीचको अनुपात उद्योग र बेरोजगारीबीचको अनुपात नियमन गर्न चारैतिर लागेको देखिन्छ; जे भए पनि पुँजी प्रभुत्वशाली हुन्छ, उद्योगले आकर्षण गर्दछ; जे भए पनि राजस्व, बेरोजगारी ।" *(एडम स्मिथ, Op.Cit., ग्रन्थ १, पृ. ३०१ [गार्नियर, t.II, पृ. ३२५]) ।*

### प्रतिस्पर्धा वृद्धि भएको अवस्थामा पुँजीको उपयोग कस्तो हुन्छ ?

"जब पुँजी सञ्चय बढ्छ तब ब्याजमा ऋण लिने पुँजी सञ्चयको मात्रामा क्रमशः बढीभन्दा बढी बृद्धि हुन थाल्छ । जब ब्याजमा ऋण लिने पुँजी सञ्चयको मात्रा बढ्छ तब ब्याज ...घट्छ ... (i) किनभने वस्तुको बजारमूल्य सामान्यतया तिनको मात्रामा वृद्धिअनुसार घट्छ । ... र (ii) किनभने कुनै पनि देशमा पुँजीको वृद्धिसहित कुनै नयाँ पुँजीमा रोजगार दिने देशभित्र नाफादायक तरिका पत्ता लगाउन 'क्रमशः कठिन हुँदै जान्छ' विभिन्न पुँजीहरूका बीच प्रतिस्पर्धाको परिणामका रूपमा त्यो रोजगारको अधिकार प्राप्त गर्न कुनै उद्यमीको स्वामित्व उदाउँछ जुन अर्कैले कब्जा गर्दछ । तर धेरै अवसरहरूमा उसले अरू कुनै तरिकाद्वारा होइन, बरु धेरै तार्किक शब्दमा बहस गरेर यो रोजगारीका लागि जबर्जस्त बाटो खोल्ने आशा गर्न सक्दछ । उसले केही सस्तोमा बेच्ने मोलमोलाइ मात्र गर्दैन, बरु यसलाई बेच्नका लागि कहिलेकहीँ यसलाई महँगोमा पनि किन्नुपर्ने हुन्छ । अर्थको वृद्धिले उत्पादन श्रमको माग जुन यसलाई समालिराख्न लक्षित हुन्छ, त्यो दिनदिनै बढ्दै जान्छ । श्रमिकहरूले सजिलै रोजगार पाउँछन्, |IX,2| तर पुँजीका मालिकहरूलाई रोजगारीका लागि श्रमिकहरू पाउन कठिन हुन्छ । उनीहरूको प्रतिस्पर्धाले श्रमको ज्याला बढाउँछ र पुँजी सञ्चयको नाफामा डुबाउँछ ।" - *(एडम स्मिथ, Op.Cit. ग्रन्थ १, पृ. ३१६ [गार्नियर t.II, पृ. ३५८-५९]) ।*

---

१ *मार्क्सले अङ्ग्रेजी शब्द स्टक प्रयोग गर्नुभएको छ ।*

२ *'अधिक' (further) शब्द पाण्डुलिपिमा स्पष्ट रूपले पढ्न योग्य छैन -सम्पादक ।*

३ *यो अनुच्छेदपछि मार्क्सले वाक्य काट्नुभएको छ : थोरै पुँजी ब्याजमा ऋण दिइन्छ र बढीभन्दा बढी उत्पादन व्यापार अथवा वाणिज्यमा लगाइन्छ, पुँजीपतिहरूका माझमा प्रतिस्पर्धा अझ जोडदार रूपले बढ्छ ।"- सं. ।*

... बाँकी ३ पृष्ठमा

## पूँजीवादी नाफा ...

यसकारण साना पुँजीपतिका विकल्प हुन् : (१) कि त ऊ ब्याजमाथि सधैँ बाँच्न नसक्ने भएकाले आफ्नो पुँजी उपभोग गर्नुपर्दछ र यसरी नै पुँजीपति हुन छोड्नुपर्दछ वा (२) आफ्नो माल सस्तोमा बेचेर धनाढ्य पुँजीपतिभन्दा महँगोमा किन्न तथा उच्चतम् ज्याला दिन स्वयम्ले व्यापार सुरु गर्नुपर्नेछ जसले ऊ स्वयम् क्षतिग्रस्त हुँदै जान्छ, नियोजित घनीभूत प्रतिस्पर्धाको परिणामस्वरूप बजारमूल्य धेरै तल झर्दै जान्छ । जे भए पनि ठूलो पुँजीपतिले सानो पुँजीपतिलाई निचोर्न चाहन्छ भने सम्पूर्ण सुविधा उसैलाई हुनेछ । त्यो पुँजीपति मजदुरहरूमाथि पुँजीपति भएजस्तै स्थितिमा हुनेछ । आफ्नो पुँजीको ठूलो राशिले सानो नाफाको क्षतिपूर्ति दिन्छ तथा साना पुँजीपति नष्ट नहोउन्जेल अस्थायी घाटा पनि उसले बेहोर्न सक्दछ र यो प्रतिस्पर्धाबाट उसले मुक्ति पाउनेछ । यसरी उसले साना पुँजीपतिको नाफा सञ्चय गर्दछ ।

यस अतिरिक्त ठूलो पुँजीपतिले सधैँभरि कढी सस्तो किन्दछ किनभने ठूलो मात्रामा किन्दछ । यही कारणले उसले सस्तो बेचेर राम्रो धन जम्मा गर्नसक्छ ।

तर ब्याजको दर घट्यो भने मध्यम पुँजीपतिहरू व्यापारी पुँजी बढ्नाले लगानीकर्ताबाट व्यापारीमा फर्किनेछन् र फलस्वरूप सानो नाफाले ब्याजको दरमा विपरीत रूपमा गिरावट आउँछ ।

"जब त्यो नाफा जुन पुँजीको उपयोगद्वारा बनाउन सकिन्छ त्यो [....] घटेको हुन्छ [....] त्यो मूल्य यसको उपयोगका लागि भुक्तान गरिसकिएको हुन्छ, अवश्यम्भावी रूपमा तिनीहरूसँगै घटाइएको हुनुपर्छ ।" *(एडम स्मिथ, Op.Cit. ग्रन्थ १, पृ. ३१६ [गार्नियर t.II पृ. ३५१])* ।

"जब धनीहरूमा सुधार आउँछ र जनसङ्ख्या वृद्धि भएको हुन्छ, ब्याज घटेको हुन्छ' र फलस्वरूप पुँजीपतिहरूको नाफा, 'यो नाफापछि घटेको हुन्छ, पुँजी सञ्चय निरन्तर बढ्न सक्ने मात्र होइन, बरु पहिलेभन्दा तीव्रता पूर्वक बढ्छ । [....] एउटा ठूलो पुँजी सञ्चय सानो नाफासँगै सामान्यतः ठूलो नाफासहितको सानो पुँजी सञ्चयभन्दा तीव्र रूपमा बढ्छ । एउटा उखान छ, पैसाले पैसा कमाउँछ ।" *(Op.Cit. ग्रन्थ १, पृ. ८३ [गार्नियर t.I पृ. १८९])* ।

त्यसकारण जब सानो नाफासहितको सानो पुँजीद्वारा ठूलो पुँजीलाई टक्कर दिइन्छ तब घनीभूत प्रतिस्पर्धाको पूर्वसर्तअन्तर्गत नै यो हुन्छ । यसले उनीहरूलाई पूर्ण रूपले कुल्चिदिन्छ ।

ठूला सहरहरूमा प्रत्यक्ष यो प्रतिस्पर्धाको अनिवार्य परिणाम भनेको मालको सामान्य ह्रास, मिसावट, नक्कली उत्पादन र विश्वव्यापी विष छर्नु हो ।

**||X,2|** यसअतिरिक्त ठूलो पुँजी र सानो पुँजीको प्रतिस्पर्धामा एउटा महत्वपूर्ण परिस्थिति भनेको अचल पुँजी र अचल पुँजीबीचको सम्बन्ध हो ।[४]

"चल पुँजी यस्तो पुँजी हो जुन आपूर्ति बढाउन, उत्पादन गर्न अथवा वस्तु किन्न र तिनीहरूलाई पुनः बेच्न प्रयोग गरिन्छ । [....] यसरी प्रयोग गरिएको पुँजीले यसका उपयोगकर्तालाई कुनै राजस्व अथवा नाफा सिर्जना गर्दैन भने यो या त उसकै कब्जामा रहन्छ वा उही आकारमा निरन्तरता पाउँछ । [....] उसको पुँजी निरन्तर रूपले एउटा स्वरूपमा उसबाट जाँदै हुन्छ भने अर्को स्वरूपबाट उसलाई आउँदै हुन्छ र यो कुरा यही परिचालनको तरिकाबाट मात्र हुन्छ अथवा 'क्रमबद्ध विनिमय' र रूपान्तरणहरू 'जसले उसका लागि कुनै नाफा दिँदैन ।" अचल पुँजी 'भूमिसुधारमा, उपयोगी यन्त्रहरू तथा व्यापारका साधनहरूमा वा यस्तै वस्तुहरूमा लगानी भएको पुँजीबाट बनेको हुन्छ ।" *(एडम स्मिथ, Op.Cit., ग्रन्थ १, पृ. २४३-४४ [गार्नियर, t.II, पृ. १९७-९८])* ।

"अचल पुँजीलाई सहारा दिने खर्चमा भएको हरेक बचत समाजको चोखो राजस्वमा एउटा सुधार हो । हरेक कामको जिम्मा लिनेवाला समग्र पुँजी अवश्यम्भावी रूपमा उसको अचल र चल पुँजीमा बाँडिन्छ । जब उसको समग्र पुँजी सानोभन्दा सानो एक अंशजति नै बाँकी रहन्छ, ठूलोचाहिँ अवश्यम्भावी रूपमा अर्कै हुनुपर्छ । त्यो नै चल पुँजी हो जसले श्रमको सामग्री र ज्याला आपूर्ति गर्दछ र उद्योगलाई गतिमा राख्छ । त्यसकारण अचल पुँजीलाई यथावत् राख्ने खर्चमा हरेक बचत जसले गर्दा श्रमको उत्पादक शक्ति ह्रास हुँदैन, कोष बढ्नैपर्छ जसले उद्योगलाई गतिमा राख्दछ ।" *(एडम स्मिथ, Op.Cit., ग्रन्थ १, पृ. २५७ [गार्नियर, t.II, पृ. २२६])* ।

सुरुदेखि नै यो कुरा स्पष्ट भएको छ- अचल पुँजी र चल पुँजीको सम्बन्ध साना पुँजीपतिलाई भन्दा ठूला पुँजीपतिलाई धेरै बढी लाभदायक हुन्छ । अतिरिक्त अचल पुँजी जसरी धेरै सानाका विरुद्ध अनावश्यक हुन्छ त्यति नै धेरै ठूला बैङ्कपतिहरूलाई आवश्यक हुन्छ । उनीहरूको अचल पुँजीको मात्रा कार्यालयभन्दा अरू केही होइन । ठूला भूमिपतिको सामग्री उसको भूसम्पत्तिको आकारको अनुपातमा बढ्दैन । यसरी नै त्यो साख जसमा ठूला पुँजीपतिले साना पुँजीपतिको दाँजोमा आनन्द लिनुको अर्थ उसका लागि अचल पुँजीमा ठूलो धनराशि जम्मा हुनु हो । यसले गर्दा तम्तयार धनराशिमा सधैँभरि उसको हात रहेको हुन्छ । अन्ततः यो कुरा स्पष्ट छ- जहाँ औद्योगिक श्रम एउटा उचाइमा पुगेको छ त्यहाँ करिब सम्पूर्ण शारीरिक श्रम कारखाना श्रम भइसकेको हुन्छ । साना पुँजीपतिको समग्र पुँजी आवश्यक अचल पुँजीका साथ भए पनि उसलाई पर्याप्त उपलब्ध हुन सक्दैन । के कुरा राम्रोसँग थाहा छ भने ठूलो मात्राको खेतीपातीले सामान्यतया किसानहरूको सानो सङ्ख्यालाई मात्र रोजगारी दिन्छ ।

४ *मार्क्सले फ्रान्सेली शब्द capital fixe / capital circulant प्रयोग गर्नुभएको छ ।*

सामान्यतः के कुरा सत्य हो भने- ठूलो पुँजीको सञ्चय अचल पुँजीको केन्द्रीकरण र सरलीकरणभन्दा साना पुँजीपतिहरूको दाँजोमा आनुपातिक रूपमा सँगसँगै पनि गएको हुन्छ । ठूलो पुँजीपतिले श्रमका साधनहरूको कुनै प्रकारको **||XI,2|** सङ्गठन स्वयम्ले प्रारम्भ गर्दछ ।

"त्यसैगरी उद्योगका क्षेत्रमा हरेक उत्पादन कारखाना र उद्योग (Manufactory and Mill) मा उत्पादनको सामान्य उद्देश्यको सेवा गर्ने कैयौँ र अनेक बौद्धिक क्षमता तथा प्राविधिक दक्षतासहित विशाल भौतिक सम्पत्तिको विस्तृत समायोजन भैसकेको हुन्छ । जहाँ विधिले ठूलो एकाइमा भूसम्पत्तिलाई संरक्षण गर्दछ त्यहाँ बढ्दो जनसङ्ख्याको अतिरिक्त भीड व्यापारीमा परिणत हुन्छ । यसैले गर्दा बेलायतमा जस्तै उद्योगका क्षेत्रमा मुख्यतः सर्वहारा वर्ग ठूलो सङ्ख्यामा एकजुट हुन्छ । जहाँ, जे भए पनि कानुनले निरन्तर जमिन विभाजनका लागि अनुमति दिन्छ । फ्रान्समा जस्तै सानो सङ्ख्यामा ऋणग्रस्त मालिक बढ्छन् र निरन्तर खण्डीकरणको प्रक्रियाले उनीहरूलाई निर्धन र पीडित वर्गमा धकेलिदिन्छ । परिणामस्वरूप जब यो खण्डीकरण र ऋणग्रस्तता अझै उच्च स्तरमा पुग्छ तब ठूलो भूसम्पत्तिले फेरि एकपटक सानोलाई निल्दछ । यसरी नै विशालकाय उद्योगले सानो उद्योगलाई ध्वस्त पार्दछ । पुनः ठूला भूसम्पत्ति निर्माण हुन्छन्, सम्पत्तिविहीन मजदुरहरूको ठूलो सङ्ख्याले जग्गा खनजोतको माग गर्दैन, बरु फेरि अधोगतितिरै तानिन्छन् ।" *(सुल्ज, बेवेगङ डेर प्रोडक्सन, पृ. ५८-५९)* ।

***..आपूर्तिलाई माग थाहा हुँदैन र मागलाई आपूर्ति थाहा हुँदैन । तपाईं स्वाद र शैलीलाई विश्वास गरेर उत्पादन गर्नुहुन्छ जसले उपभोग गर्ने जनसमुदायबीच प्रभाव पार्दछ । मौकाबस तपाईं माल पुऱ्याउन तयार हुनुहुन्छ, माहौलचाहिँ अरू कुनै किसिमको उत्पादनबारे बनिसकेको हुन्छ, सुरु भइसकेको हुन्छ,***

"उत्पादनको विधिमा परिवर्तनको परिणामस्वरूप एकै प्रकारका मालहरूको चरित्रमा परिवर्तन हुन्छ र खासगरी यन्त्रको प्रयोगको परिणामस्वरूप परिवर्तन हुन्छ । मानव शक्तिको समावेशले मात्र एक पाउन्ड सुती कात्ने मूल्य ३ सिलिङ तथा ८ पेन्स, १६७ अङ्ग्रेजी माइल (३६ जर्मनेली माइल) को जम्मा लम्बाइको ३५० लाछी र वाणिज्य मूल्यको २५ गिनिज सम्भव भएको छ ।" *(Op.Cit., पृ. ६२)* ।

"सुतीजन्य सामानहरूको औसत मूल्यमा विगत ४५ वर्षको अवधिमा एघार-बाह्र प्रतिशतले बेलायतमा वृद्धि भएको छ र मार्सलको हिसाबअनुसार उत्पादित वस्तुको उही मात्रा जसका लागि १८१४ मा १६ सिलिङ तिर्नुपर्थ्यो भने आज १ सिलिङ १० पेन्समा आपूर्ति हुन्छ । औद्योगिक उत्पादनको धेरै सस्तोपन स्वदेशी उपभोग र विदेशी बजारमा विस्तार हुन्छ र यसकारण सुतीमा मजदुरहरूको सङ्ख्या यन्त्रहरूको प्रयोगपछि बेलायतमा घटेको मात्र छैन, बरु चालीस हजारबाट १५ लाख बढेको छ । **||XII,2|** औद्योगिक उद्यमी तथा मजदुरहरूको कमाइका लागि जस्तै कारखाना मालिकहरूका बीच बढ्दो प्रतिस्पर्धाले उनीहरूद्वारा आपूर्ति गरिएको उत्पादनको मात्राका लागि अवश्यम्भावी रूपमा उनीहरूको नाफामा सापेक्ष रूपमा ह्रास हुँदै गएको हुन्छ । सन् १८२० देखि १८३३ का वर्षहरूमा म्यान्चेस्टरका उत्पादनकर्ताहरूको कुल नाफा एउटा छिटको टुक्रामा ४ सिलिङ १-१/३ पेन्सदेखि १ सिलिङ ९ पेन्ससम्म घट्छ । तर यो घाटाका लागि तयार हुन उत्पादनको मात्रा तदनुरूपले विकास भएको हुनुपर्छ । यसको परिणाम के हुन्छ भने उद्योगका पृथक शाखाहरूले अधिक उत्पादन विस्तार गर्ने अनुभव गर्दछन् जसले पुँजीपति वर्ग तथा श्रमका मालिकहरूभित्र अस्थिरतापूर्वक उतारचढाव र ढुलमुलाहट ल्याएर सम्पत्तिमा प्रायः टाट पल्टाइदिन्छ । यसरी उनीहरूमध्ये केही जो आर्थिक रूपले टाट पल्टेकाहरू सर्वहारा वर्गमा धकेलिन्छन् र यसले गर्दा प्रायजसो र आकस्मिक रूपले रोजगार बन्द हुन अथवा कट्न जरुरी हुन्छ जसको पीडादायी असर सधैँभरि ज्यालादार श्रमिकहरूको वर्गले तिक्ततापूर्वक अनुभूति गर्दछन् ।" *(Op.Cit., पृ. ६३)* ।

"कसैको श्रम भाडामा दिनु भनेको उसको दासता सुरु हुनु हो । श्रमका सामग्रीहरू भाडामा दिनु भनेको कसैको स्वतन्त्रता स्थापित हुनु हो । ...श्रम नै मानिस हो । अर्कोतिर, सामग्रीहरू मानवका लागि केही पनि होइनन् ।"[५] *(Pecqueur, theorie sociale, etc. पृ. ४११-१२)* ।

"अर्को तत्व श्रमबिना धन सिर्जना गर्न बिल्कुल नसक्ने भौतिक तत्वले उनीहरू (जो यो भौतिक तत्वका मालिकका लागि उर्वर जातको जादुमयी सद्‌गुण उपलब्ध गराउँछ, मानौँ, यो अभिन्न तत्वलाई आफ्नै कामद्वारा त्यहाँ राखिएको थियो ।"[६] *(op.cit.)*

"मानौँ, मजदुरको दैनिक श्रमले उसलाई एक <u>वर्षमा औसत ४०० फ्राङ्क</u> दिन्छ जुन धनराशि रूखो प्रकारको जीवन धान्न हरेक वयस्कका लागि पर्याप्त हुन्छ । कृषि क्षेत्र, घर इत्यादिबाट ब्याज अथवा भाडास्वरूप २,०००|- फ्राङ्क बुझ्ने कुनै पनि उद्यमीले अप्रत्यक्ष रूपमा पाँचजनालाई आफ्ना लागि काम गर्न बाध्य पार्दछ; १ लाख फ्राङ्क आयले २५० जनाको श्रमलाई प्रतिनिधित्व गर्दछ भने १० लाख फ्राङ्कले २ हजार ५ सयजना श्रमिकको[७] (यसरी नै ३० करोड (लुइस फिलिप) ले ७ लाख ५० हजार मजदुरको) ।" *(Op.Cit. पृ. ४१२-१३)* ।

*५ louer son travail, c,est commencer son esclavage; louer la Matiere du travail c,est constituer sa liberte. ...le travail est 1, homme, lamatiere au contraire n,est rien de 1,homme'. –ed.*

*६ "L'élément matière, qui ne peut rien pour la création de la richesse sans l'autre élément travail, reçoit la vertu magique d'être fécond pour eux comme s'ils y avaient mis de leur propre fait cet indispensable élément."-Ed.*

मानव कानुनले स्वामित्वधारीलाई उपयोग तथा दुरुपयोग गर्ने अधिकार दिएको छ- श्रमका साधनहरूसहित उनीहरू जे चाहन्छन्, त्यो गर्नेछन् भन्ने अधिकार रहेको छ । ...उनीहरू सम्पत्तिविहीनलाई आवश्यकता परेको र जुनसुकै बेला कानुनअनुसार काम दिन वा उनीहरूलाई सधैँ पर्याप्त ज्याला इत्यादि चुक्ता गर्न कुनै हालतमा बाध्य छैनन् ।[८] *(Loc.Cit. पृ. ४१३)* । उत्पादनको प्रकृति, मात्रा, गुण र उपयुक्ततासम्बन्धी; धनको उपयोग तथा व्यवस्थासम्बन्धी र सम्पूर्ण श्रमका साधनमाथि पूर्ण प्रभुत्वसम्बन्धी पूर्ण स्वतन्त्रता । व्यक्तिगत रूपमा उसको आफ्नो स्वार्थभन्दा अरू केही पनि नसोचीकन उसले जे उचित ठान्दछ, उससँग जे छ त्यसअनुसार हरेकले विनिमय गर्न स्वतन्त्र छ ।[९] *(Op.Cit., पृ. ४१३)* ।

"प्रतिस्पर्धा भनेको विनिमय गर्ने स्वतन्त्रताको अभिव्यक्ति मात्र हो जुन स्वयम् उत्पादनका सम्पूर्ण साधनहरूको उपयोग तथा दुरुपयोग गर्ने वैयक्तिक अधिकारको तत्कालिक र तार्किक परिणाम हो । उपयोग तथा दुरुपयोग, विनिमय स्वतन्त्रता र स्वेच्छाचारी प्रतिस्पर्धा गर्ने अधिकार- यी तिनै आर्थिक क्षण जसले एउटा एकाइ बनाएर निम्न परिणाम निकाल्दछन्; उसले जे कामना गर्दछ, जस्तो कामना गर्दछ, उसले जहिले चाहन्छ, जहाँ चाहन्छ, राम्रो उत्पादन हुन्छ वा नराम्रो, छिट्टै होस् कि ढिला, उच्च मूल्य होस् वा निम्न हरेक उत्पादन हुन्छ; उसले बिक्री गर्ने हो कि होइन, कसलाई बिक्री गर्ने हो, कसरी बिक्री गर्ने हो, कहाँ बिक्री गर्ने हो कसैलाई थाहा छैन । क्रयको प्रश्नमा पनि ठीक यही कुरा हो । **||XIII,2|** उत्पादकचाहिँ आवश्यकता तथा स्रोतबारे, माग र पूर्तिबारे अनभिज्ञ हुन्छ । जब उसले चाहन्छ, जब उसले सक्दछ, उसले जहाँ चाहन्छ, उसले कसलाई चाहन्छ, कति मूल्यमा उसले चाहन्छ त्यसअनुसार उसले बेच्दछ । उसले यसरी नै किन्दछ । यो हुँदाहुँदै पनि ऊ मौकाको खेलौना हो, बलवान् कानुनको दास हो, सबभन्दा कम दुःखी र सबभन्दा धनीको । ...कुनै ठाउँमा अभाव हुन्छ भने अर्को ठाउँमा छ्यालब्याल र अपव्यय भएको हुन्छ । जब एउटा उत्पादकले धेरै बिक्री गर्दछ वा धेरै उच्च मूल्यमा बिक्री गर्दछ र विकराल नाफा लिन्छ, अर्कोले चाहिँ केही पनि बेच्दैन वा घाटामा बिक्री गर्दछ । ...आपूर्तिलाई माग थाहा हुँदैन र मागलाई आपूर्ति थाहा हुँदैन । तपाईं स्वाद र शैलीलाई विश्वास गरेर उत्पादन गर्नुहुन्छ जसले उपभोग गर्ने जनसमुदायबीच प्रभाव पार्दछ । मौकाबस तपाईं माल पुऱ्याउन तयार हुनुहुन्छ, माहौलचाहिँ अरू कुनै किसिमको उत्पादनबारे बनिसकेको हुन्छ, सुरु भइसकेको हुन्छ, ...अपरिहार्य परिणाम : अविरल र विश्वव्यापी रूपले घोर दिवालियापन, तीव्र प्रतिस्पर्धाका क्षेत्रमा गलत हिसाबकिताब, आकस्मिक विनाश र अनपेक्षित लाभ, वाणिज्य सङ्कट, अवरोध, आवधिक छ्यालब्याल वा अभाव, ज्याला र नाफामा अस्थिरता <u>तथा ह्रास, घाटा वा धन</u>को भयानक खर्च हुनु हो ।"[१०]

*७ "En supposant que le travail quotidien d'un ouvrier lui rapporte en moyenne 400 fr. par an, et que cette somme suffise à chaque adulte pour vivre d'une vie grossière, tout propriétaire de 2 000 fr. de rente, de fermage, de loyer, etc., force donc indirectement 5 hommes à travailler pour lui: 100 000 fr. de rente représentent le travail de 250 hommes, et 1 000 000 le travail de 2 500 individus."-Ed.*

*८ "Les propriétaires ont reçu de la loi des hommes le droit d'user et d'abuser, c.-à-d. de faire ce qu'ils veulent de la matière de tout travail ... ils sont nullement obligés par la loi de fournir à propos et toujours du travail aux non-propriétaires, ni de leur payer un salaire toujours suffisant etc."--Ed.*

*९ "Liberté entière quant à la nature, à la quantité, à la qualité, à l'opportunité de la production, à l'usage, à la consommation des richesses, à la disposition de la matière de tout travail. Chacun est libre d'échanger sa chose comme il l'entend, sans autre considération que son propre intérêt d'individu."-Ed,*

*१० a "La concurrence n'exprime pas autre chose que l'échange facultatif, qui lui-même est la conséquence prochaine et logique du droit individuel d'user et d'abuser des instruments de toute production. Ces trois moments économiques, lesquels n'en font qu'un: le droit d'user et d'abuser, la liberté d'échanges et la concurrence arbitraire, entraînent les conséquences suivantes; chacun produit ce qu'il veut, comme il veut, quand il veut, où il veut ; produit bien ou produit mal, trop ou pas assez, trop tÔt où trop tard, trop cher ou à trop bas prix; chacun ignore s'il vendra, à qui il vendra, comment il vendra, quand il vendra, où il vendra: et il en est de même quant aux achats. Le producteur ignore les besoins et les ressources, les demandes et les offres. Il vend quand il veut, quand il peut, où il veut, à qui il veut, au prix qu'il veut. Et il achète de même. En tout cela, il est toujours le jouet du hasard, l'esclave de la loi du plus fort, du moins pressé, du plus riche... Tandis que sur un point il y a disette d'une richesse, sur l'autre il y a trop-plein et gaspillage. Tandis qu'un producteur vend beaucoup ou très cher, et à bénéfice énorme, l'autre ne vend rien ou vend à perte. . . L'offre ignore la demande, et la demande ignore l'offre. Vous produisez sur la foi d'un goût, d'une mode qui se manifeste dans le public des consommateurs;*

*(Op.Cit., पृ. ४१४-१६)* ।

रिकार्डोले आफ्नो पुस्तक 'राजनीतिक अर्थशास्त्रका सिद्धान्त तथा 'करप्रणाली' को 'भूमि लगान' अध्यायमा भनेका छन् : राष्ट्रहरू भनेका केवल उत्पादन-पसल हुन्; मानिस भनेको उपभोग तथा उत्पादन गर्ने यन्त्र हो; मानव जीवन एक प्रकारको पुँजी हो; आर्थिक कानुनहरूले अन्धाधुन्ध तरिकाले विश्वमाथि शासन गर्दछन् । रिकार्डोका लागि मानिस केही पनि होइन, सबथोक उत्पादन हो । फ्रान्सेली अनुवादको २६ औँ अध्यायले भन्दछ :

"२० हजार पौन्ड पुँजीसहितको एक व्यक्ति जसको नाफा प्रतिवर्ष २ हजार पौन्ड भएको भए बिल्कुल अर्कै कुरा हुन्थ्यो, होइन भने उसको पुँजीले एक सय वा एक हजार मानिसलाई रोजगारी दिन्थ्यो । ...के राष्ट्रको वास्तविक चासो यही होइन र ? यसको चोखो यथार्थ आय बाँडिन्छ, यसको लगानी र नाफा उस्तै हुन्छ, दस वा दस करोड २० लाख बासिन्दाहरू सम्बन्धमा राष्ट्रले कुनै महत्व दिँदैन ।"[११] (t.II, पृ. १९४-९५) । एम सिस्मोदी भन्दछन् '(Neureaux principes d'economie politique) चाहेको कुनै कुरा बाँकी छैन तर राजा जसले सुनसान एकान्त टापुमा रहेर इङ्ल्यान्डको सम्पूर्ण काम गर्न निरन्तर रूपमा चालु यन्त्रजस्तै घुमिरहनुपर्दछ ।"[१२][१३]

"त्यो मालिक जसले यति कम्ती मूल्यमा मजदुरको श्रम किन्दछ त्यसले अधिक आवश्यक आवश्यकता मुस्किलले पूरा गर्दछ जुन न त ज्यालाको अपर्याप्तताका लागि न श्रमको अत्यधिक अवधिका लागि जिम्मेवार छ : उसले आफैँ कानुन पालन गराउँछ जुन मजदुरमाथि लादिन्छ । ...गरिबी वस्तुको शक्तिले जसरी मानिसद्वारा त्यति धेरै सिर्जित हुँदैन ।[१३] *(Buret, Op.Cit. पृ. ८२)* ।

"बेलायतका विभिन्न भागका धेरैजसो बासिन्दाहरूसँग आफ्नो सम्पूर्ण जमिन सुधार र खनजोत गर्ने पर्याप्त पुँजी छैन । स्कटल्यान्डको दक्षिणी[१४] जस्तै छ बुझिएको छैन यसमा) जिल्लाको उनी यसको ठूलो अंश हो, स्वदेशमै यसको उत्पादन गर्ने पुँजीको आवश्यकताका लागि याङ्कसायरमा उत्पादित यसलाई धेरै खराब सडकबाट लामो दूरी पार गराएर ल्याइन्छ । बेलायतमा धेरै ससाना उत्पादन गर्ने नगरहरू छन् जसमा बासिन्दाहरूसँग आफ्नो उद्योगको उत्पादन ती दूर बजार जहाँ माग छ र यसको उपभोग हुन्छ त्यहाँ पुऱ्याउन पर्याप्त पुँजी छैन । उनीहरूमध्ये कुनै व्यापारीहरू छन् **||XIV,2|** भने पनि उनीहरू खासगरी अझै ठूलो धनी व्यापारीका कारिन्दाहरू हुन् जो कुनै ठूला वाणिज्यिक सहरहरूमा रहन्छन् ।" *(एडम स्मिथ, राष्ट्रधन, ग्रन्थ १, पृ. ३२६-२७ [गार्नियर t.II, पृ. ३८२])* ।

***इङ्ल्यान्डमा एउटा एकल कारखाना मालिकले कहिलेकहीँ दससदेखि बाह्र हजार मजदुरलाई रोजगारी दिन्छ । ...एउटै दिमागद्वारा नियन्त्रित उत्पादनका विभिन्न शाखाहरूको यस्तो समायोजन पत्ता लगाउने कुनै असाधारण कुरा होइन; यस्तै राज्यभित्र ससाना राज्य र प्रान्तहरू पनि हुन्छन् ।***

"कुनै राष्ट्रको भूमि तथा श्रमको वार्षिक उत्पादन आफ्नो मूल्यमा वृद्धि हुन सक्नुको अरू कुनै छैन, बरु या त आफ्नो उत्पादक श्रमिकहरूको सङ्ख्या बढाउनेछ अथवा ती श्रमिकहरूको उत्पादक शक्ति जो पहिले नै रोजगार भएका थिए । ...अर्को मुद्दामा अतिरिक्त पुँजीको करिब सधैँभरि माग भएको हुन्छ ।"[१५]

*mais déjà, lorsque vous êtes prêts à livrer la marchandise, la fantaisie a passé et s'est fixée sur un autre genre de produit ... conséquences infaillibles la permanence et l'universalisation des banqueroutes, les mécomptes, les ruines subites et les fortunes improvisées; les crises commerciales, les chÔmages, les encombrements ou les disettes périodiques; l'instabilité et l'avilissement des salaires et des profits, la déperdition ou le gaspillage énorme de richesses, de temps et d'efforts dans l'arène d'une concurrence acharnée."--Ed.*

*राजनीतिक अर्थशास्त्र र करप्रणालीका सिद्धान्तबारे । सं.*

*११ "Il serait tout-à-fait indifférent pour une personne qui sur un capital de 20 000 fr. ferait 2 000 fr. par an de profit, que son capital employât cent hommes ou mille. ... L'intérêt réel d'une nation n'est-il pas le même? pourvu que son revenu net et réel, et que ses fermages et ses profits soient les mêmes, qu'importe qu'elle se compose de dix ou de douze millions d'individus?"—Ed.*

*१२ En vérité, dit M. de Sismondi, il ne reste plus qu'à désirer que le roi, demeuré tout seul dans l'île en tournant constamment une manivelle, fasse accomplir, par des automates, tout l'ouvrage de l'Angleterre."-Ed.*

*१३ "Le maître, qui achète le travail de l'ouvrier à un prix si bas, qu'il suffit à peine aux besoins les plus pressants, n'est responsable ni de l'insuffisance des salaires, ni de la trop longue durée du travail: il subit lui-même la loi qu'il impose ... ce n'est pas tant des hommes que vient la misère, que de la puissance des choses."-Ed.*

*१४ पाण्डुलिपिमा : "पूर्वी" (eastern)। सं.*

*१५ "Pour augmenter la valeur du produit annuel de la terre et du travail, il n'y a pas d'autres moyens que d'augmenter, quant au nombre, les ouvriers productifs, ou d'augmenter, quant à la puissance, la faculté productive des ouvriers précédemment employés. ... Dans l'un et dans l'autre cas il faut presque toujours un surcroît de capital."-Ed.*

बिक्री भण्डारको सञ्चयमा जस्तै वस्तुहरूको प्रकृतिमा श्रम विभाजन पहिले नै हुनुपर्दछ, यसकारण केवल बिक्री भण्डारकै अनुपातमा पहिले नै बढीभन्दा बढी सञ्चित श्रमलाई बढीभन्दा बढी उपविभाजन गरिएको छ । साधनहरूको मात्रा जसमा त्यही सङ्ख्यामा मानिसले काम गर्न सक्दछन्, बढीभन्दा बढी उपविभाजित हुन आउने श्रमजस्तै ठूलो अनुपातमा वृद्धि हुन्छ र प्रत्येक श्रमिकका कामहरूमा जस्तै सरलताको ठूलो मात्रा क्रमशः घट्दछ । ती कामहरूलाई सहजीकरण र सङ्क्षिप्त बनाउनका लागि थरीथरीका नयाँ यन्त्रहरूको आविष्कार हुँदै आएको छ । जब श्रम विभाजन अघि बढ्छ तब श्रमिकको समान सङ्ख्यालाई निरन्तर रोजगार दिलाएअनुसारको भण्डारण र वस्तुहरूको कच्चा अवस्थामा रहेको आवश्यकताभन्दा साधन तथा औजारहरूको ठूलो भण्डार पहिले नै सञ्चित हुनुपर्दछ तर व्यापारका हरेक शाखामा श्रमिकको सङ्ख्या सामान्यतः त्यो शाखामा श्रम विभाजनसहित वृद्धि हुन्छ अथवा उनीहरूको सङ्ख्यामा वृद्धि हुन्छ जसले उनीहरूलाई एकआपसमा यही तरिकाले विभाजन र उपविभाजन समर्थ हुन्छ । *(एडम स्मिथ, Op.Cit., ग्रन्थ १, पृ. २४१-४२ [गार्नियर t.II, पृ. १९३-९४])* ।

जब माल भण्डारको सञ्चय श्रमको उत्पादन शक्ति यो महासुधारलाई जारी राख्नका लागि पहिले नै आवश्यक हुन्छ, तब त्यो स्वयम् स्वाभाविक रूपले यो सुधारको नेतृत्व गर्दछ । त्यो व्यक्ति जसले श्रम भरणपोषणमा आफ्नो माल भण्डारमा जागिर गर्दछ, अवश्यम्भावी रूपमा यसमा जागिर गर्न जति सम्भव हुन्छ त्यति ठूलो मात्रामा काम उत्पादन गर्ने यसप्रकारको कामना गर्दछ । त्यसकारण उसले आफ्ना कामदारहरूका बीचमा रोजगारको अधिक समुचित वितरण र उत्तम यन्त्रले उनीहरूलाई सुसज्जित गर्ने दुवै प्रयत्न गर्दछ । [....] यी दुवै विषयमा उसको योग्यता **||XV,2** सामान्यतः उसको माल भण्डार विस्तारको अनुपातमा अथवा जनताको त्यो सङ्ख्या जसलाई यसमा रोजगारी दिन सक्नुमा रहेको छ । त्यसकारण उद्योगको मात्रामा भण्डारको वृद्धिसहित हरेक देशमा वृद्धि मात्र हुँदैन जसले यसलाई रोजगार दिन्छ बरु त्यो वृद्धिको परिणाममा सोही मात्राको उद्योगले कामको धेरै ठूलो मात्रामा उत्पादन पनि गर्दछ । *(एडम स्मिथ, Op.Cit., ग्रन्थ १, पृ. २४२ [गार्नियर, t.II, पृ. १९४-९५])* ।

### यसरी अति उत्पादन

"ठूलो मात्राका उद्यमहरूमा अधिक भिन्न र अधिक विविध मानवीय तथा प्राकृतिक शक्तिको एकताद्वारा उद्योग एवम् व्यापारमा उत्पादक शक्तिको अझ विस्तृत समायोजन हुन्छ । उत्पादनका मुख्य शाखाहरूको जतातते घनिष्ट सङ्घ बनिसकेको हुन्छ । यसरी ठूला उत्पादकहरूले आफ्नो उद्योगका लागि आवश्यक पर्ने कच्चा पदार्थको कम्तीमा एउटा अंशका निम्ति अरूहरूभन्दा स्वतन्त्र हुन विशाल क्षेत्र प्राप्त गर्ने प्रयास गर्नेछं वा उनीहरू आफ्नो औद्योगिक उद्यमहरूसहितको सहमिलनमा आफ्नो उत्पादन बेच्न मात्र होइन, बरु अन्य प्रकारका उत्पादनहरू किन्न तथा यी कुराहरू आफ्नै मजदुरहरूलाई बेच्न पनि व्यापारमा जानेछन् । इङ्ल्यान्डमा एउटा एकल कारखाना मालिकले कहिलेकहीँ दससदेखि बाह्र हजार मजदुरलाई रोजगारी दिन्छ । ...एउटै दिमागद्वारा नियन्त्रित उत्पादनका विभिन्न शाखाहरूको यस्तो समायोजन पत्ता लगाउने कुनै असाधारण कुरा होइन; यस्तै राज्यभित्र ससाना राज्य र प्रान्तहरू पनि हुन्छन् । यसरी नै बर्मिङ्घम इलाकाका खानी मालिकहरूले भर्खरै फलाम उत्पादनको सम्पूर्ण प्रक्रिया कब्जामा लिएका छन् जुन पहिले नै विभिन्न उद्यमीहरू तथा मालिकहरूबीच वितरण गरिएको थियो । (हेर्नुहोस् "Der Bergamannische District bei Birmingham", Deutsche viesteljahrs - schsift No. 3,1838) । अन्ततः विशाल संयुक्त पुँजी उद्यमहरूमा जुन यति धेरै विविध भएका छन्, हामी वैज्ञानिक तथा प्राविधिक ज्ञानसहित धेरै सहभागीहरूको वित्तीय स्रोतको दूरगामी समायोजन देख्छौँ र अरूहरूको योग्यता जसलाई कामको कार्यान्वयन गर्न हस्तान्तरण गरिएको हुन्छ । पुँजीपतिहरू अझ विविध तरिकाले आफ्नो बचत प्रयोग गर्न र त्यसरी नै कृषि, उद्योग र व्यापारमा उनीहरूलाई रोजगार दिन पनि समर्थ छन् । परिणामस्वरूप उनीहरूको स्वार्थ अझै विस्तृत हुन्छ, ||XVI,2| र कृषि, औद्योगिक र वाणिज्यिक स्वार्थहरूबीचका अन्तरविरोधहरू घट्दछन् र लोप हुन्छन् तर यो अधिक विविधतामा नाफादायक रूपमा पुँजी प्रयोगको सम्भावना वृद्धिले सम्पत्तिवान् र सम्पत्तिविहीन वर्गबीचको अन्तरविरोध घटाउन सक्तैन, बरु तीव्र बनाउँछ ।" *(सुल्ज, Op.Cit, पृ. ४०-४१)*

त्यो विकराल नाफा जसले घरहरूका जग्गाधनीलाई गरिबीको सम्झना गराउँछ । घरभाडा औद्योगिक पुँजीको विपरीत अनुपातमा उभिन्छ ।

यसरी ध्वस्त भएका सर्वहाराहरूको दुराचारबाट ब्याज प्राप्त हुन्छ । (वेश्यावृत्ति, पियक्कडपन, धरौटी) ।

पुँजीको सञ्चय वृद्धि हुन्छ, पुँजीपतिहरूका बीचको प्रतिस्पर्धा घट्दछ, जब पुँजी र भूसम्पत्ति एउटै हातमा एकीकृत हुन्छन् तब पुँजी आफ्नो आकारद्वारा उत्पादनका विभिन्न शाखाहरूलाई समायोजन गर्न योग्य हुन्छ ।

मानिसलाई उदासीनताले पछ्याउन थाल्छ । स्मिथका बीसवटा भाग्य-चिट्ठाहरू । [१४] सेको चोखो र भारीभर्कम राजस्व । **|XVI||**

*(नेकपा (बहुमत) का प्रवक्ता सुदर्शनद्वारा अनुदित 'कार्ल मार्क्स १८४४ का आर्थिक तथा दार्शनिक पाण्डुलिपिहरू' पुस्तकबाट उद्धृत -सम्पादक ।)*

# अहम् महत्वको एउटा गम्भीरतम् यक्षप्रश्न !



नारायण शर्मा

### सन्दर्भ- एक

नेपालमा अहिले एउटा निर्णायक र ऐतिहासिक महत्वको संयुक्त र सशक्त आन्दोलन हुनुपर्ने स्थिति विद्यमान छ । राष्ट्रियता, जनतन्त्र र जनजीविका तथा मानवअधिकार, मानवस्वाभिमान र मानवसम्मानलगायत मान्छेका जीवन-मरणसँग सम्बन्धित थुप्रै समस्याहरू अत्यन्तै जटिल, गम्भीर, विकराल र भयावह बनेका छन् । कहाँसम्म भने जनताको मतबाट बनेका शासकहरूलाई जनताको गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र रोजगारको मात्र होइन गरिब-दुःखी जनसमुदायहरूको जीवन वा मरणसँग कुनै मतलब छैन । उनीहरू देशलाई भुटेर होस् कि जनतालाई लुटेर होस् अथवा नेपाल आमालाई सुत्रीबिक्री गरेर होस् वा नेपाली छोराछोरीलाई सित्रीमा बाँधेर होस् आफूहरू निस्फित्री भएर चरम भोज र मोजमै मस्त र व्यस्त छन् । आज संसद्वादी दल र व्यवस्थाका नेता-शासकहरूमा पैसा, पद, पावर र प्रशंसाप्रति परम प्रलोभन बढ्नाले र उनीहरू आफू र आफ्नो परिवार र घरबार, आसे र पासे, झोले र चम्चे, गुन्डा र ग्याङ, दास र दलाल अनि बढीमा पनि आफ्नो क्षेत्र र जाति, भाषा र धर्मप्रति मात्र सीमित र समर्पित हुने तर देश र जनताप्रति चरम गैरजिम्मेवार भएकाले नै अहिले देशको यो अनुपम दुर्गति र बेहाल भएको हो । यसरी उनीहरूले जानाजान देश र जनतालाई परमुखापेक्षी र परनिर्भर गराई देशलाई हालसम्मको अर्धउपनिवेशको अवस्थाबाट पूर्ण उपनिवेशको अवस्थामा पुऱ्याउँदैछन् । हिजोसम्म बृटिस-भारतीय विस्तारवादको छत्रछायामा रहेको नेपाललाई अब हाम्रो सच्चा र घनिष्ठ मित्रराष्ट्र चीनलाई घेर्ने र फोर्ने मामलामा अमेरिकी र युरोपेली साम्राज्यवादलगायत कैयौँ देशहरूसमेतको चासो र चलखेलको केन्द्र बनाइएको छ । देश व्यापारघाटा र वैदेशिक ऋणले टाट पल्टिने अवस्थामा छ । अर्थ-राजनीतिका ज्ञाताहरूले देश श्रीलङ्का बन्दै गरेकोमा चिन्ता प्रकट गरिरहेका छन् भने सैन्य-राजनीतिका जानकारहरूले नेपाललाई सचेत र सुनियोजित रूपमा युक्रेनको बाटोमा अघि बढाइँदै गरेकोमा दुःखका साथ सावधान हुन आग्रह गरिरहेका छन् । तर पनि अहिलेको शासनसत्तामा पकड र पहुँच पाएका घरेलु र वैदेशिक प्रतिक्रियावादी शासकहरूले नेपाललाई झन्झन् अस्थिर, अराजक र अस्तव्यस्त पार्दै अस्तित्व सङ्कटकै अवस्थामा पुऱ्याइरहेका छन् । इतिहासमा कहिल्यै कसैको गुलाम नबनेको नेपाललाई आज २१ औँ शताब्दीको समानता, स्वतन्त्रता, स्वाधीनता, स्वाभिमान र समृद्धिको युगमा आएर पो दरिद्रतम्, गुलाम बनाउने हर्कत गरिरहेका छन् ।

यी सम्पूर्ण कुराहरू देशका देशभक्त, वामपन्थी र क्रान्तिकारी भनिएका शक्तिहरू र तिनका शीर्ष र शक्तिशाली नेता-शासकहरूलाई यथेष्ट जानकारी छ । आफ्ना पार्टी र राज्यसंयन्त्रहरूका दस्तावेज र विधिविधानहरूमा देशको यो अवस्थालाई फेर्ने घोषणा गरिएका केही कुराहरू कोर्ने पनि गरेका छन् तर पनि किन देश र जनताको यो दुःखद् दुरवस्था बनाउने यो दलाल व्यवस्था र यसमा हुकुम-हैकम चलाइरहेका र हालीमुहाली गरिरहेका दलाल र गुलामहरूलाई घेर्ने र फोर्ने अनि देशको यो दयनीय अवस्थालाई फेर्ने दिशामा एकजुट भएर आइरहेका छैनन् त ? अहिले नेपालमा यो नै एउटा अहम् महत्वको गम्भीरतम् यक्षप्रश्न बनेको छ !

### सन्दर्भ- दुई

**यस्तो छ एउटा विडम्बना !**

नेपालका कम्युनिस्ट पार्टी र तिनका मुख्य नेताहरू नै के भए यस्ता ? एकथरी वामपन्थी र राष्ट्रवादी हौँ भन्ने कम्युनिस्टहरू वामपन्थी र राष्ट्रप्रेमीसम्म पनि हुन सकेनन्, बरु दक्षिणपन्थीमा पनि महादक्षिणपन्थी, चरम दक्षिणपन्थी, उग्र दक्षिणपन्थी र कट्टर दक्षिणपन्थी नै भए । यसरी नै उनीहरू राष्ट्रवादी त के दलालहरूभन्दा पनि महादलाल, चरम दलाल, उग्र दलाल र कट्टर दलाल भएर महाराष्ट्रघाती, चरम राष्ट्रघाती र कट्टर राष्ट्रघाती नै भए । उनीहरू यस्तासम्म दक्षिणपन्थी र दलाल भए, उनीहरू खाँटी दक्षिणपन्थी र खाँटी दलाल अर्थात् जन्मजात दक्षिणपन्थी र जन्मजात दलालहरूलाई पनि पछाडि पारेर अगाडि जान थाले वा गए नै भने पनि अत्युक्ति नहुने भएको छ !


अर्काथरी क्रान्तिकारी र देशभक्त हौँ भन्ने कम्युनिस्ट पार्टी र तिनका नेताहरू पनि भन्नलाई, लेख्नलाई, रेकर्ड गर्नलाई, भाषण गर्नलाई, प्रशिक्षण दिनलाई र दस्तावेजीकरण गरेर अफ्नो क्रान्तिकारी इतिहास देखाउनलाई लेखाउनका लागि त क्रान्तिकारीकै हैसियत बनाउन सफल भएका छन् तर उनीहरू आफ्नो सोचाइमा, शैलीमा, संस्कारमा, संस्कृतिमा र काम-व्यवहारमा क्रान्तिकारी हुनु त परै जाओस्, सुधारवादीसम्म पनि हुन सकेका छैनन् ! उनीहरू मुखले त अंशमा भन्दा समग्रमा, मात्रात्मकमा भन्दा गुणात्मकमा र शान्तिपूर्णमा भन्दा सशस्त्रमा, वैधानिकमा भन्दा अवैधानिकमा अनि सहरियामा भन्दा ग्रामीणमा, खुलामा भन्दा भूमिगतमा, जातिमा भन्दा वर्गमा, एकलमा भन्दा संयुक्तमा, फुटमा भन्दा एकतामा र शक्तिमा भन्दा सत्यमा जोड दिनेजस्ता सच्चा मालेमावादी क्रान्तिकारी कुरा त खुब गर्छन् तर काम भने ठीक उल्टो गर्छन् ! स्पष्ट भन्नुपर्दा यिनीहरूले दर्शन र सिद्धान्तका उक्त कुराहरू पार्टी र क्रान्तिको जीवन-व्यवहारमा लागू गर्दा-गराउँदा जहिले पनि जहाँ पनि र जसरी पनि समग्रलाई होइन, अंशलाई, गुणलाई होइन, मात्रालाई, सशस्त्रलाई होइन शान्तिपूर्णलाई, अवैधानिकलाई होइन, वैधानिकलाई, ग्रामीणलाई होइन सहरियालाई, भूमिगतलाई होइन खुलालाई, वर्गलाई होइन, जातिलाई, संयुक्तलाई होइन, एकललाई, एकतालाई होइन, फुटलाई, सत्यलाई होइन, शक्तिलाई र देशलाई होइन पार्टी (गुट) लाई बढी जोड दिन्छन् । तथापि हामी यिनैलाई क्रान्तिकारी र देशभक्त भन्न, मान्न र यिनकै आस गर्न बाध्य छौँ ! तर विडम्बना के भएको छ भने यिनको आस गर्दागर्दै जनताको सास जान र देशको सत्यानास हुन थालिसक्यो तर पनि यिनमा कुनै होस छैन, जोश छैन र त्रास पनि छैन !

**तैपनि कामना गरौँ :**

यिनको सिद्धान्तअनुसारको व्यवहार होस्, विचारअनुसारको आचार बनोस्, राजनीतिअनुसारको संस्कृति होस्, नीतिअनुसारको नैतिकता होस्, शब्दअनुसारको कर्म होस्, वकितम र लिखितम्अनुसारको करितम् होस् अर्थात् भनाइअनुसारको गराइ होस् ! अनि देश र जनताको मुक्ति र प्रगति होस् !!

# भ्रष्टाचार : दलाल पुँजीवादी सरकारको मुख्य उपकरण

*संवैधानिक तथा अन्य निकायमा अर्बौं रुपैयाँ भ्रष्टाचार नियन्त्रण गर्न अर्थात् सुशासन कायम गर्न खर्च गरेको छ । तापनि के कारणले सुशासनको स्थिति झन् खस्कँदो छ ? यस सम्बन्धमा गहन तरिकाले अध्ययन-अनुसन्धान हुन जरुरी छ ।*



नन्दलाल खरेल

'कहीँ नभएको जात्रा हाँडीगाउँमा' भनेझैँ वित्तीय विशृङ्खलता र पदीय अक्षमताले अत्यन्तै दुर्बल नेता जर्नादन शर्मालाई पाँचदलीय दलाल पुँजीवादी गठबन्धन सरकारले पुनः अर्थ मन्त्रालयमा फर्काएर निर्लज्जताको पराकाष्ठा देखाएको छ । भनिरहनु नपर्ला 'सेटिङ' मा अघि बढाइएका अधुरा 'ग्र्यान्डडिजाइन' फत्ते गराउन पाँचदलीय गठबन्धन सरकारले अझ खुलेर भन्नुपर्दा शेरबहादुर र प्रचण्डको मिलिभगतको स्वार्थले उनलाई नै मन्त्रालयमा ल्याइएको हो । नपाइएको सीसीटिभीमा नदेखिएको दृश्यलाई मुख्य आधार बनाउँदै संसदीय विशेष समितिको अमृत जलले 'चोख्याएपछि' पुनः अर्थमन्त्री नियुक्ति गरेका छन् । सर्वविदितै छ, शर्माले बजेट निर्माणका क्रममा मध्यरातीपछि पूर्वनायव सुब्बा रघुनाथ घिमिरेलाई प्रवेश गराई कर, राजस्व र भन्सारका दरमा तलमाथि गराउन खटाएका थिए । शर्माको एकबर्से कार्यकालमै अर्थतन्त्रको ब्यारोमिटर ऋणात्मक बनेको बेला उनको पुनरागमनसँगै अर्थतन्त्र थप सङ्कटोन्मुख बन्ने निश्चित छ ।

मुलुकमा हत्या, हिंसा, बलात्कार, महँगी, कालोबजारी, भ्रष्टाचार र बेरोजगारी बढिरहँदा सरकारको ध्यान मन्त्रिपरिषद् हेरफेरमा मात्र छ । पाँचदलीय गठबन्धनका नाइके देउवाले एक वर्षमा ११ औँपटक मन्त्री हेरफेर गरेका छन् । २९ असार २०७८ मा प्रधानमन्त्रीको शपथ लिएका देउवाले लगत्तै काङ्ग्रेस र माओवादी केन्द्रलाई समेटेर पाँच सदस्यीय मन्त्रिपरिषद् गठन गरेका थिए । दोस्रोपटक १० साउन २०७८ मा, तेस्रोपटक ६ असोज २०७८, चौथोपटक २२ असोज २०७८, पाँचौँपटक २५ असोज २०७८, छैटौँपटक ५ पुस २०७८, सातौँपटक २४ चैत २०७८, आठौँपटक १२ असार २०७९, नवौँपटक २० असार २०७९, दसौँ पटक २२ असार र एघारौँपटक १५ साउन २०७९ मा । मन्त्री पद आलोपालो सबैको भागबण्डा पुऱ्याउने, पदमा पुगेपछि भ्रष्टाचार गरी अकुत सम्पत्ति आर्जन गर्ने रूपमा विकास भएको छ । मन्त्री बन्न दलका नेतालाई समेत करोडौँ बुझाई त्यहाँ पुग्ने बाध्यता भएकाले भ्रष्टाचार नगरी मन्त्रीहरू रहन सक्दैनन् ।

भ्रष्टाचार संसदीय फोहोरी दलाल पुँजीवादी सरकारको मुख्य उपकरण हो । भ्रष्टाचार मिलाएर गर्नसक्ने र दल तथा दलका नेतालाई समेत ठूलो रकम बुझाउन सक्ने मानिसहरू नै मन्त्री र सांसद बन्ने गर्छन् । त्यति मात्र होइन, प्रदेश र स्थानीय निकायका पदाधिकारी, विभिन्न राजनीतिक पदमा जानेसमेतले ठूलो रकम सम्बन्धित नेता तथा निकायलाई बुझाउनु पर्दछ । संसदीय व्यवस्थामा अस्थिरता पैदा गर्ने र भ्रष्टाचार गरी अकुत सम्पत्ति मिलिभगतमा कमाउने मुख्य उद्देश्य हुन्छ । न्याय, समानता र शान्तिको कुरा गरी नथाक्ने संसदीय कम्युनिस्टहरू पनि दलाल पुँजीवादी सरकारले तयार पारेको संयन्त्रमा पसी भ्रष्टाचार गर्ने गर्दछन् । यो ज्यादै दुःखद् कुरा हो ।

नेपाली राजनीतिक शब्दकोषमा बढी प्रयोग हुने शब्द हो 'भ्रष्टाचार' । भ्रष्टाचार सर्वव्यापक छ । यसले राजनीति, समाज, प्रशासन, धर्म, संस्कृति सबै क्षेत्रमा लामो समयदेखि नकारात्मक प्रभाव पारिरहेको छ । राणाशासन कालदेखि पञ्चायती व्यवस्था हुँदै सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्थासम्म आइपुग्दा पनि एकपछि अर्को गर्दै मुलुकमा भ्रष्टाचारको ब्यारोमिटर उच्च छ । सबैभन्दा पहिला बुझ्नुपर्ने कुरा के हो भने भ्रष्टाचार के हो ? भ्रष्टाचारको स्वरूप कस्तो छ ? भ्रष्टाचार कहाँ र कसरी हुन्छ ? भ्रष्टाचार किन हुन्छ ? यी सबै प्रश्नको उत्तर खोज्नु/बहस गर्नु आवश्यक छ ।

नियम, कानुनविरुद्ध नैतिक पतन हुने काम गरी, घूस खाई पक्षपातपूर्ण नियम वा व्यवहार गर्ने काम भ्रष्टाचार हो । मानिसको विवेक र नैतिक धरातल गुम्नु, गर्न हुने र गर्न नहुने कामको फैसला गर्न नसक्नु, भौतिक सम्पन्नताको होडबाजी आदि कारणले भ्रष्टाचार बढ्ने हो । भ्रष्टाचार बढ्नुमा सरकार सरकारी निकाय, निजी क्षेत्र र आमजनता कुनै न कुनै रूपमा दोषी देखिन्छन् । भ्रष्टाचारको विरोध गर्ने सामान्य जनता पनि कुनै कार्यालयमा जाँदा काम बनेन भने कर्मचारीलाई घूस खुवाउन पछि पर्दैनन् ।

हरेक चुनावपछि गठन भएका सरकारबाट सुशासन दिने प्रतिबद्धता भए पनि जनताले सुशासनको अनुभूति गरेको आभास मिल्नसकेको छैन । नेपाली राजनीतिमा दलहरूको आडमा भ्रष्टाचार मौलाइरहेको छ । अहिले भ्रष्टाचारको मूल जरो नै राजनीति भएको छ । त्यसपछि कर्मचारीतन्त्रलाई लिन सकिन्छ । जसरी हुन्छ शक्ति र सत्ता हत्याएर त्यसको दुरुपयोग गरी आफ्ना मान्छेलाई भर्ती गर्ने र त्यसलाई दुहुनो गाई बनाउने काम भएको छ । गरिब, असहायका नाममा आएको अर्बौं रकम हिनामिना भएको छ । विगत एक दशकदेखि राज्यले पुँजीगत खर्च अर्थात् विकासका लागि छुट्ट्याएको रकम आर्थिक वर्ष सकिन लाग्दा मात्र खर्च हुन्छ । कति त कागजमै हुन्छ भने कति रकम त्यसै फ्रिज भएका छन् । न्यून पुँजीगत खर्चको असर प्रत्यक्ष रूपमा विकास निर्माणमा परेको देखिए पनि यसले पार्ने असर बहुआयामिक हुने गर्दछ । यसले बजारमा तरलता अभाव गराउँछ भने अर्कोतिर बेरोजगारीको दर पनि बढाउँछ । त्यति मात्र होइन, कतिपय निर्माणसम्बन्धी उद्योगहरू बन्द हुने अवस्था पनि आउन सक्छ ।

भ्रष्टाचार नियन्त्रण गर्ने मुख्य भूमिका अख्तियार दुरुपयोग अनुसन्धान आयोगको हुन्छ तर अख्तियारका प्रमुख, अन्य आयुक्त तथा कतिपय कर्मचारी नै आफ्नो कर्तव्यबाट बाहिर भएकाले पनि भ्रष्टाचार बढेको पाइन्छ । भ्रष्टाचार नियन्त्रण गर्न सर्वप्रथम राजनीतिलाई पेसा नभएर सेवाका रूपमा लिने परिपाटी विकास गर्नुपर्छ । भ्रष्टाचार नियन्त्रण गर्न ऐनकानुनको पनि महत्वपूर्ण भूमिका रहन्छ । राजनीतिक पार्टीहरूको कार्यसञ्चालन खर्च र निर्वाचनमा उम्मेदवारले गर्ने खर्चमा कडा निगरानी गर्ने प्रथा भित्र्याउन सके भ्रष्टाचारविरुद्धको अभियानमा कोसेढुङ्गा साबित हुने निश्चित छ ।

सरकारले भ्रष्टाचारको कुरा जोडदार रूपमा उठाए पनि मुलुक अहिले भ्रष्टाचारबाट आक्रान्त छ । भ्रष्टाचार कहाँ छ भनेर खोज्नुभन्दा पनि भ्रष्टाचार कहाँ छैन भनेर खोज्नुपर्ने भएको छ । भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धि २०२० ले भ्रष्टाचार नियन्त्रण गर्न स्थापित निकायहरूको संस्थागत क्षमता अभिवृद्धि गर्ने विषयलाई जोड दिएको छ । नेपालले पनि २३ डिसेम्बर २०११ मा उक्त महासन्धिलाई अनुमोदन गरी पक्ष राष्ट्र भएपछि सोअनुसार अन्तर्राष्ट्रिय तहमा भ्रष्टाचारविरुद्धको सहयोग र सहकार्य गर्दै आएको छ । नेपालले महासन्धि कार्यान्वयनका लागि आवश्यक विशेष कानुन निर्माणलगायत धेरै संरचना पनि स्थापित गरेको छ । उदाहरणका लागि सम्पत्ति शुद्धीकरणसम्बन्धी ऐन बनाएर संस्थागत संरचना पनि स्थापन गरेर प्रधानमन्त्रीले प्रत्यक्ष निगरानीमा रहने अभ्याससमेत भयो ।

ट्रान्सपरेन्सी इन्टरनेसनलले २८ जनवरी २०२० मा सार्वजनिक गरेको प्रतिवेदनअनुसार नेपालमा भ्रष्टाचार बढ्दै गएको छ । ट्रान्सपरेन्सीले १८० देशमा गरेको (भ्रष्टाचार अवधारणा सूचकाङ्क) सर्वेक्षणमा नेपाल भ्रष्टाचार हुने देशको ११७ औँ नम्बरमा परेको छ जब कि ट्रान्सपरेन्सीकै २०१९ को सर्वेक्षणमा ११३ औँ स्थानमा थियो । अर्थात् नेपालमा एक वर्षमा ४ अङ्कले भ्रष्टाचार बढ्यो । ट्रान्सपरेन्सी प्रतिवेदनको वर्ल्ड जुरिस्ट प्रोजेक्टको सर्वेक्षण स्कोरअनुसार नेपालमा सरकार, न्यायालय, संसद् र सुरक्षा निकायका प्रतिनिधिहरूद्वारा निजी स्वार्थका लागि सार्वजनिक पदको दुरुपयोग गर्ने क्रम बढेको छ र यही कारण भ्रष्टाचार बढेको हो । दक्षिणएसियामा नेपालभन्दा कम भ्रष्टाचार हुने देश भुटान, माल्दिभ्स, भारत र श्रीलङ्का छन् । सूचकाङ्कले पाकिस्तान, बङ्गलादेश र अफगानिस्तानलाई चाहिँ नेपालभन्दा बढी भ्रष्ट देखाएको छ ।

मुलुकले लोकतन्त्रको डेढ दशक लामो अभ्यासमा दुईतिहाइ नजिकको इतिहासकै शक्तिशाली कम्युनिस्ट पार्टी ओली नेतृत्वको सरकारको पालामा भ्रष्टाचारका विभिन्न काण्डको आयतन भने झन् उत्कर्षमा पुगेको थियो । यती काण्ड, बालुवाटारको ललिताकाण्ड, सेक्युरिटी प्रेस खरिदकाण्ड, ३३ किलो सुनकाण्ड, वाइडबडी र न्यारोबडी जहाज खरिदकाण्ड, गोकर्ण रिसोर्टकाण्ड, एनसेल करछलीकाण्ड, पूर्वपश्चिम रेलमार्ग ठेक्काकाण्ड, विदेशमा कालो धन ओसारप्रसारकाण्ड आदि सबैमा त्यसबेलाका समर्पित दलका नेता कार्यकर्ता संलग्न पाइयो ।

भ्रष्टाचार अहिले सङ्घीय सरकारदेखि स्थानीय सरकारसम्म फैलिएको छ । न्यायालय पनि अहिले भ्रष्टाचारको अखडा भएको पाइएको छ । दलहरूको आम्दानी र खर्चको स्रोत पारदर्शी छैन । खर्चगराइ हेर्दा अत्यासलाग्दो छ । सबै भ्रष्ट कर्मचारीहरू नेताको संरक्षणमा छन् । सरकारमा भ्रष्टाचार गर्नकै लागि जानुपर्छ भन्ने मान्यताको विकास भइरहेको छ । मन्त्री मुछिएका ठूला भ्रष्टाचारका काण्डले त्यसको पुष्टि गर्छ । उच्च पदसम्म पुग्न गरेको खर्च भ्रष्टाचार गरी असुल्न मन्त्रीले अवैध बाटो अपनाएको भेटिन्छ । दलहरूले पनि उनीहरूको यस्ता कार्यमा छूट दिएको उदाहरणबाट पुष्टि हुन्छ । सुशासनको कुरा नारामा मात्र सीमित भएको छ । न्यायपालिका तीन महिनादेखि ठप्प हुँदासम्म राजनीतिक दल स्वार्थको कारण बोलिरहेका छैनन् । राजनीतिक दलहरूमा जसरी पनि कमाउनुपर्छ, चुनाव जित्नुपर्छ भन्ने मानसिकता विकास भएको छ ।

मुलुकमा भ्रष्टाचार तथा अनियमितताको नियमन तथा नियन्त्रण गर्ने संस्थाहरू पर्याप्त छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महालेखापरीक्षक, संसद्को लेखा समिति, राजस्व अनुसन्धान विभाग, विशेष अदालत, सम्पत्ति शुद्धीकरण विभाग, राष्ट्रिय अनुसन्धान विभाग, राष्ट्रिय सतर्कता केन्द्रलगायत सरकारी तथा गैरसरकारी विभिन्न संस्था छन् । राज्यले यस्ता संवैधानिक तथा अन्य निकायमा अर्बौं रुपैयाँ भ्रष्टाचार नियन्त्रण गर्न अर्थात् सुशासन कायम गर्न खर्च गरेको छ । तापनि के कारणले सुशासनको स्थिति झन् खस्कँदो छ ? यस सम्बन्धमा गहन तरिकाले अध्ययन-अनुसन्धान हुन जरुरी छ । भ्रष्टाचार समृद्धिको बाधक हो । यसलाई नियन्त्रण होइन, निर्मूल नै पार्नुपर्छ । आम सञ्चारजगत् तथा जनताको सचेत हस्तक्षेपले मात्रै भ्रष्टाचार नियन्त्रण हुन्छ । भ्रष्टाचार गर्ने व्यक्तिलाई सामाजिक बहिष्कार गर्नुपर्छ भने भ्रष्ट राजनीतिक व्यक्तिलाई भुलेर पनि मतदान गर्नु हुँदैन । तब मात्र मुलुकमा सुशासन कायम हुन्छ । सुशासन कायम नभएसम्म देशको समृद्धि पनि असम्भव छ ।

## देश बेच्ने दलालहरूलाई ...

युवा बेच्ने वैदेशिक दलालहरूलाई कारबाही गर्नुपर्ने उनले बताए । नेपाल र नेपाली जनताको सम्पत्ति लुटेर काठमाडौँमा बसेका दलालहरूको सम्पत्ति खोसेर श्रमजीवी सर्वहारा जनतालाई बाँड्नुपर्ने संयोजक कञ्चनले बताए ।

उक्त प्रशिक्षणमा नेपाल कम्युनिस्ट पार्टी (बहुमत) का केन्द्रीय सचिवालय सदस्य तथा लुम्बिनी ब्युरो इन्चार्ज शार्दूल, गण्डक ब्युरो कार्यालय सदस्य अनन्त, दाङ जिल्ला इन्चार्ज तिलकले पनि प्रशिक्षण दिएका थिए ।

प्रशिक्षण कार्यक्रममा लुम्बिनी ब्युरो सदस्य तथा पाल्पा जिल्ला संयोजक दिग्दर्शन, अखिल (क्रान्तिकारी) केन्द्रीय कोषाध्यक्ष दीपक बिष्टलगायत उपस्थित थिए । स्वागत मन्तव्य दाङ जिल्ला सदस्य तथा घोराही इन्चार्ज हिमालले र कार्यक्रमको अध्यक्षता तथा सञ्चालन वीरेन्द्रले गरेका थिए ।

## अखिल (क्रान्तिकारी) ...

२७ बुँदे मागपत्र बुझाइएको केन्द्रीय कार्यालय सचिव राजन साउदले जनाएका छन् ।

मन्त्री पौडेललाई मागपत्र बुझाउँदै अध्यक्ष राईले भने, 'तपाईं विधार्थी आन्दोलनको नेतृत्व गर्दा जुन मुद्दा र मागलाई लिएर लड्नुभएको थियो, अहिले तपाईं शिक्षामन्त्री हुँदासम्म पनि फेरि तिनै माग लिएर हामी आएका छौँ । त्यसैले यी मागलाई गम्भीर रूपमा लिनुहोला र र पूरा गर्नुहोला ।'

मागपत्र बुझ्दै मन्त्री पौडलले ज्ञापनपत्रमा उल्लिखित केही माग पूरा गर्ने प्रक्रिया अघि बढाइसकेको र अन्य मागलाई पनि पूरा गर्ने गरी प्रक्रियागत रूपमा चाँडोभन्दा चाँडो अगाडि बढाउने प्रतिबद्धता व्यक्त गरेका थिए ।

मागपत्र बुझाउने कार्यक्रममा अखिल (क्रान्तिकारी) का अध्यक्ष राई, उपाध्यक्ष वीरेन्द्र शाह, सचिव नवराज भट्ट, सचिवालय सदस्य गोविन्द बिष्ट र केन्द्रीय सदस्य तथा केन्द्रीय कार्यालय सचिव राजन साउद सहभागी थिए ।



# दोरम्बा हत्याकाण्डका हत्यारालाई कारबाहीको मागसहित राष्ट्रिय मानवअधिकार आयोगको प्रतिवेदन

(राष्ट्रिय मानवअधिकार आयोगलाई प्रतिवेदन बुझाएको मिति २०६०।५।१९)

**१. समितिको गठन**

राष्ट्रिय मानवअधिकार आयोगले रामेछाप दोरम्बामा भएको भनिएको सुरक्षा फौज र नेकपा (माओवादी) बीचको भिडन्तको स्थलगत यथार्थ छानबिन गर्ने प्रयोजनका लागि मिति २०६० भाद्र ९ गते एक समिति गठन गरेको सम्बन्धमा यस समितिका समितिहरूलाई मिति २०६०।५।९ मा दिइएको पत्रबाट जानकारी प्राप्त भयो। प्राप्त पत्रानुसार समितिको नामावली यसप्रकारको छ :

१ कृष्णजङ्ग रायमाझी संयोजक भूपू न्यायाधीश, सर्वोच्च अदालत

२. प्रेमबहादुर विष्ट सदस्य भूपू महान्यायाधिवक्ता

३. कनकमणि दीक्षित सदस्य पत्रकार

४.डा. हरिहर वस्ती सदस्य चिकित्सक, फरेन्सिक विज्ञ

५.हरि फुयाल प्रतिनिधि राष्ट्रिय मानवअधिकार आयोग

समितिको गठनको तात्पर्य र क्षेत्राधिकार तथा मानवअधिकार र मानवीय कानुनको अनुगमनका सम्बन्धमा आयोगका सम्माननीय अध्यक्ष र माननीय सदस्यज्यूहरूले मिति २०६० भाद्र ९ मा जानकारी गराउनुभयो। आयोगले समितिलाई २०६० भाद्र १० मा रामेछापको दोरम्बा प्रस्थान गर्नुभन्दा पहिले शाही नेपाली सेनाको कार्यरथी विभाग (प्राड विभाग) को पत्रसङ्ख्या २१२८ (प्राड) ०६०/६१/२१९ द्वारा राष्ट्रिय मानवअधिकार आयोगलाई पठाएको 'दोरम्बा घटनाबारेको जानकारी विषयक' पत्र प्राप्त भएको जानकारी गरायो। समितिले दोरम्बा घटनाको सम्बन्धमा पत्रपत्रिकामा प्रकाशित समाचारहरूको अध्ययन र दोरम्बा क्षेत्रका बारेमा जानकारी राख्ने काठमाडौँमा उपलब्ध व्यक्तिहरूबाट जानकारी लियो। मिति २०६० भाद्र १० मा दिनको करिब १:१० बजे समिति एयरपोर्टबाट हेलिकप्टरद्वारा रामेछाप जिल्लाको दोरम्बा प्रस्थान गऱ्यो।

यस समितिलाई स्थलगत निरीक्षणका लागि आयोगले अनुगमन कार्यादेश उपलब्ध गराएको थियो। कार्यादेशमा मूलतः घटनाको तथ्यबारे जानकारी लिने क्रममा समितिका सदस्यहरूले विवादमा संलग्न भएका पक्षहरू, स्थानीय प्रत्यक्षदर्शीहरू र घटनाका बारेमा सुनेर जान्ने व्यक्तिहरूको बयानका आधारमा सूचनाहरू ग्रहण गर्नुपर्ने, घटनाका बारेमा बयान लिँदा पीडित व्यक्तिको मानसिक तनाव, सुरक्षा र अनुसन्धानका आधारभूत सिद्धान्तहरूलाई सम्मान गरिनुपर्ने, सम्भव भएसम्म घटना घटेको ठाउँको स्थलगत भ्रमण गर्नुपर्ने, घटनास्थल प्रकृति झल्कने कागजात तयार गर्नुपर्ने, मानिसहरू मरेको भए सम्भव भएसम्म जिउमा गोली लागेको ठाउँ र दोहोरो भिडन्त भएनभएको सम्बन्धमा तथ्यहरूले प्रमाणित गर्ने गरी प्रतिवेदन तयार पार्नुपर्ने र घटनाको अनुगमन गर्दा भिडन्त भएको अवस्थामा महासन्धिको साझा धारा ३ को पालना भएनभएको निरीक्षण गर्नुपर्नेजस्ता कुराहरू समावेश गरिएका थिए।

**२. समितिको कार्यपद्धति**

घटनाको छानबिन सम्बन्धमा समितिले तथ्यहरू सङ्कलन गर्ने प्रयोजनका निमित्त वारदात भएका स्थानहरूको स्थलगत अवलोकन गर्ने, वारदातलाई प्रत्यक्ष रूपले देख्ने व्यक्तिहरूको बयान लिने, गाडिएको भनिएका खाडलबाट लासहरू निकाली अवलोकन गर्ने, मारिएको ठाउँको घटनाको प्रत्यक्षदर्शीको बयान लिने, फिल्म र भिडियो क्यामेराबाट तस्बिर लिने, घटनास्थलमा भेटिएका गोलीका खोका, चप्पल, हात बाँधिएको भनिएको डोरी, जलाइएका झोला र अन्य सामग्रीहरूको सङ्कलन गर्ने र तिनीहरूको तस्बिर खिच्ने कार्यहरू गर्ने, त्यस्तै घटनाबाट उम्कन सफल भएका भनिएका नेकपा (माओवादी) का कार्यकर्ताहरूको भनाइ र घटनाका सम्बन्धमा सरोकारवाला व्यक्तिहरूका भनाइहरूलाई छुट्टाछुट्टै सुनुवाइ गर्ने, वारदात भएका घटनास्थलहरूको प्रकृति मुचुल्का, लासहरू गाडिएको ठाउँको प्रकृति मुचुल्का, लासहरू निकाल्न आफन्तहरूको मन्जुरी र घटनास्थलमा समितिको रोहवरमा फेलापरेका सामग्रीहरू स्थानीय व्यक्तिहरूसमक्ष बुझाएको मुचुल्का तयार गर्ने कार्यहरू गऱ्यो।

**३. रामेछापको दोरम्बामा समितिको उपस्थिति**

मिति २०६०/५/१० गते करिब १:३० बजे काठमाडौँबाट हेलिकोप्टरद्वारा रामेछापको दोरम्बा बजारभन्दा पश्चिमपट्टि करिब २ कि.मि पर र कम उचाइको एउटा कान्लामा हेलिकोप्टर अवतरण गर्न सफल भयो। बाक्लो कुहिरोका कारण दोरम्बा बजारमा हेलिकोप्टर बस्न सकेन। स्थानीय व्यक्तिहरूको सहयोगसमेतबाट समितिका सदस्यहरू दोरम्बा बजार पुगी काकलिङ्ग मावि दोरम्बामा ...समेतको सहायताबाट स्थानीय स्वास्थ्यचौकीको आवासगृहमा समितिका सदस्यहरूको बसोबासको व्यवस्था गरियो। सम्पूर्ण स्थानीय व्यक्तिहरूलाई समितिको कार्यमा कुनै पनि तवरले हस्तक्षेप र असर नपार्न तथा तथ्यहरूलाई प्रभाव नपार्न समितिले अनुरोध गऱ्यो। समितिलाई अनुसन्धानमा आवश्यक पर्ने श्रम, चिजवस्तु र सेवा स्थानीय व्यक्तिहरूबाट उपलब्ध गराइयो। श्रम, वस्तु र सेवाको मूल्य भुक्तानी गरियो। निरीक्षण र अनुगमनका क्रममा कुनै पनि पक्षबाट अवरोध सिर्जना गरिएन। स्थानीय व्यक्तिहरूले आफ्नो सुरक्षाको चासो राख्दै समितिलाई भरपूर सहयोग गरे।

**४. दोरम्बा घटनाको तथ्यगत विवरण**

दोरम्बा घटना छानबिन गर्न गठित अनुसन्धान समिति (जसलाई कतिपय संलग्न कागजातहरूमा 'छानबिन टोली' समेत भनिएको छ) ले सङ्कलन गरेका घटनाको तथ्यगत विवरण निम्नअनुसार छ :

**४.१ दोरम्बा परिचय**

रामेछाप जिल्लाको दोरम्बा गाविस सदरमुकाम मन्थलीदेखि हवाइमार्गबाट १९ कि.मि. उत्तरपश्चिममा र मन्थलीबाट एक दिनको कठिन हिँडाइमा अवस्थित छ। करिब ६५०० देखि ७००० फिटको उचाइमा रहेको दोरम्बा गाविसका बासिन्दाहरूमध्ये करिब ८५ प्रतिशत तामाङ, १० प्रतिशत मगर, ३ प्रतिशत दलित र २ प्रतिशत क्षेत्रीबाहुनहरू रहेको स्थानीय व्यक्तिहरूले बताए।

शैलुङ लेकको जङ्गलको दक्षिणमा रहेको दोरम्बा गाउँ दक्षिणतर्फ सिन्धुली, उत्तरतर्फ दोलखाको क्षेत्रहरूको बीचमा पर्दछ। मोटरबाटोको सुविधा नभए पनि राजनीतिक चेतना भएको यस क्षेत्रमा माओवादीको प्रभाव रहेको बुझियो।

दोरम्बा बजारस्थित गाविस भवन, प्रहरी चौकी 'मार्स' टेलिफोन लाइन, इलाका बन कार्यालय र हुलाक कार्यालय माओवादीद्वारा पूर्ण रूपमा भत्काइएका छन् भने दोरम्बा स्वयम् तनावग्रस्त अवस्थामा भएको पाइयो। स्वास्थ्यचौकी र विद्यालयका कर्मचारी र शिक्षकहरू प्रायः दोरम्बा वा रामेछापबाहिरका भएको बुझियो। गाउँका स्रोतसाधन भएका युवाहरू र राजनीतिक दलका कार्यकर्ताहरू काठमाडौँ र अन्यत्र विस्थापित भएको बुझियो भने कतिपय युवायुवतीहरू माओवादीमा संलग्न भई गाउँबाट बाहिर गएका भन्ने बुझियो। त्यस्तै कतिपय युवाहरू शाहीसेना र प्रहरीमा भर्ना भएको भन्ने बुझियो। उत्पादनका रूपमा धान कम, मकै र कोदो ज्यादा र आलुको बिउ उत्पादन हुने यस क्षेत्रमा नेकपा माओवादीबाहेक अन्य राजनीतिक दलका कार्यक्रम र बैठकहरू हुने नगरेको बुझियो।

४.२ दोरम्बामा ने.क.पा. (माओवादी) का गतिविधिहरू

दोरम्बा गाविसको विगतको स्थानीय निर्वाचनमा प्रायःजसो पदहरू नेपाली काङ्ग्रेसले जितेको बुझियो। नेकपा (एमाले) को पनि नेपाली काङ्ग्रेसकै हाराहारीमा समर्थन रहेको बुझियो। रामेछाप निर्वाचन क्षेत्र नं. २ मा पर्ने यो गाविसमा पहिलेदेखि नै संयुक्त जनमोर्चाका कार्यकर्ताहरू सक्रिय थिए भन्ने बुझियो। २०४८ सालको आमनिर्वाचनमा यस निर्वाचन क्षेत्रबाट संयुक्त जनमोर्चाका कमल चौलागाईंले निर्वाचन जितेका रहेछन्। पछिल्ला निर्वाचनहरूमा क्रमशः पद्मशङ्कर अधिकारी (नेपाली काङ्ग्रेस) र रामहरि ढुङ्गेल (नेपाली काङ्ग्रेस) ले निर्वाचन जितेका रहेछन्। २०५५ सालदेखि आफ्ना गतिविधि तीव्र पारेको ने.क.पा (माओवादी) ले २०५९ सालदेखि दोरम्बा गाउँलाई आफ्नो 'नियन्त्रण क्षेत्र' घोषणा गरी 'जिल्ला जनसरकार' अन्तर्गत 'गाउँ जनसरकार' को 'नियन्त्रण' मा राखेको भन्ने पाइयो। दोरम्बा गाउँमा ने.क.पा. (माओवादी) का दुईवटा ठूलाठूला आमसभा आयोजना गरिएको थियो भन्ने बुझियो। हालसम्म पनि ने.क.पा. (माओवादी) का राजनीतिक कार्यकर्ताको प्रायः उपस्थिति रहने र कहिलेकहीँ सानो वा ठूलो समूहमा सशस्त्र माओवादीहरू हिँड्ने गरेको यस ठाउँका जनसमुदाय पनि मनोवैज्ञानिक रूपमा ने.क.पा. (माओवादी) को प्रभावमा रहेको भन्ने बुझियो। ने.क.पा. (माओवादी) ले आफ्ना राजनीतिक विरोधीलाई गाउँबाट बाहिर विस्थापित गर्ने प्रवृत्ति रहेको बुझियो। सेना ५/६ महिनामा एकचोटि गाउँमा आउने र 'सर्च' एवम् गिरफ्तारी गर्ने गरेको बुझियो।

४.३ दोरम्बा घटनाको विवरण

दोरम्बा घटना अनुसन्धान समितिद्वारा सङ्कलित सूचना, बयान र अनुसन्धानका आधारमा यस घटनाको विवरण निम्नानुसार रहेको छ। घटनासम्बन्धी विस्तृत जानकारी संलग्न अनुसूचीहरूमा उपलब्ध छ।

माओवादीहरूले बैठक बस्ने घर आफैँले चयन गर्दा रहेछन् र घरधनीहरूले त्यसमा सहमति जनाउनुपर्ने बाध्यता रहेको बुझियो। मिति २०६० श्रावण ३१ गते बेलुका ४ बजेतिर ने.क.पा. (माओवादी) का गाउँ आसपास र अन्ततिरका कार्यकर्ताहरू दोरम्बा बजारबाट १ कि.मि. पूर्वमा रहेको युवराज मोक्तानको घरमा जम्मा हुन थालेछन्। युवराज मोक्तान डडुवा गाविसमा पर्ने निजको घरभन्दा पारिपट्टिको डाँडाको एक प्राथमिक विद्यालयका शिक्षक रहेछन्। उनी विद्यालयको पुस्तक लिन काठमाडौँ गएका रहेछन्। घटनापूर्वको वस्तुस्थितिको सम्बन्धमा युवराज मोक्तानकी श्रीमतीको भनाइ सारांशमा यस्तो रहेको छ : 'म र मेरो २० वर्षीय जेठा छोरा लीला मोक्तान खेतमा काम गर्न गएका थियौँ। घर फर्किंदा माओवादीहरू घरभित्र पसिसकेका रहेछन्। अन्तबाट आएका माओवादीहरू राती त्यहीँ बसे। उनीहरूले खाने सामल आफैँ ल्याएका रहेछन् र पकाएर खाए। राती अबेरसम्म वार्तालाप गरिरहेका थिए। मिति २०६० श्रावण ३२ को बिहानैदेखि गाउँ र अन्यत्रका अरू माओवादी कार्यकर्ताहरू आउने क्रम जारी थियो। बिहान करिब ९:३० बजे झाडापखालाले ग्रसित भएका मेरा श्रीमान् युवराज मोक्तान काठमाडौँबाट दोलखाको मुडेमा बास बसी पैदल बाटोबाट सोही दिन घर आइपुगे। घरमा आएपछि उनले माओवादीको बैठक हुँदै गरेको थाहा पाए र उनी केही नबोली आराम गर्न माथिल्लो तलाको कोठाको ओछ्यानमा ढल्किए। मैले श्रीमान्लाई पानी खान र आराम गरिराख भनी खेतको काममा बाहिर निस्किएँ। म घरबाट बाहिर निस्कँदा करिब १८/२० जना माओवादीहरू घरभित्र थिए र करिब १०/१२ जना माओवादीहरू घरबाहिर आँगन र डिलमा कुरा गरिरहेका थिए। घरभित्र भएकाहरूमध्ये कतिपय भान्सामा खाना पकाइरहेका थिए। उनीहरूले आफैँले ल्याएका खसी काटी मासु बनाउने र पकाउने क्रममा लागेका थिए।'

त्यस दिन बिहानैदेखि गाउँमा बाक्लो कुहिरो लागेको र सिमसिम पानी परिरहेको भन्ने स्थानीय व्यक्तिहरूले बताए। मन्थलीबाट गाल्बा आई सेना बास बसेको भन्ने बुझियो। दोरम्बाबाट करिब २ घण्टा दक्षिणतिरको हिँडाइमा रहेको गाल्वा गाउँबाट सेनाहरू सिभिल ड्रेसमा कसैले गन्जी र हाफपेन्ट, हाप ज्याकेट र रेनकोट लगाई हतियार लुकाई दोरम्बा बजारतिर आएको भन्ने बुझियो। दोरम्बा क्षेत्रमा करिब ८० जना सेनाहरू प्रवेश गरेपछि कोही स्वास्थ्य चौकीभन्दा माथिको डाँडामा, कोही विद्यालयछेउको डाँडामा, कोही बजार क्षेत्रमा, कोही बजारभन्दा पूर्वतिरको गाउँमा र दुई टोली सेना स्वास्थ्य चौकीभन्दा पूर्वतिर रहेको युवराज मोक्तानको घरतिर विभाजित भएको बुझियो। सेनाहरू विभिन्न टोलीमा भएकाले गाउँमा निजहरूका विभिन्न क्रियाकलाप एकै समयमा भइरहेको बुझियो। गाउँमा एक माओवादी कार्यकर्ता 'रामकुमार' को 'सङ्गीता' सँग विवाह हुँदैछ भन्ने प्रायः सबैलाई थाहा रहेछ। सेनाले गाउँलेलाई 'रामकुमारको विवाह कहाँ हुँदैछ भन' भनेर सोधेको बुझियो। बजारमा भएका सेनाले पसलमा दालमोठ चिउरा मागी खाएका रहेछन् भने बजारभन्दा पूर्वतिरको गाउँमा रहेको सेनाको एक टोलीले जाँडरक्सी पनि खाएको भन्ने बुझियो। पानी परेको चिसोमा बर्सादी लगाएका सेनाले बजारमा पहरा दिइरहेको बुझियो। विद्यालयछेउमा भएको सेनाको टोलीले विद्यालयमा गई ''र' सर कहाँ छन्' भनी सोधेछन्। शिक्षक' विद्यालयमा नभएकाले शिक्षक'लाई 'क्याप्टेन साब' भएको ठाउँमा ल्याई आफू माओवादी भएनभएको, चन्दा दिएनदिएको सम्बन्धमा सोधीखोजी गरेछन् र केहीबेरपछि धम्क्याएर छाडिदिएछन्। निज'लाई छाडिदिँदा युवराज मोक्तानको घरबाट पक्राउ गरेका व्यक्तिहरूलाई ल्याइसकिएको भन्ने बुझियो।

(अनसूची २, ...को बयान)

यसैबीचमा सेनाले बजार क्षेत्रमा कतिपय व्यक्तिहरूलाई माओवादीलाई रासन खुवाएको र विभिन्न सरसहयोग गरेको भनी केरकार गरेको बुझियो भने गाल्बातिरबाट दोरम्बा बजार आउने बाटोमा भएको माओवादीको स्वागतद्वार सेनाले भत्काइदिएका रहेछन्। गाउँलेहरूको आवागमन र चहलपहललाई ठाउँठाउँमा बसेका सेनाहरूले निषेध गरेको बुझियो। स्थानीय व्यक्तिहरूको भनाइअनुसार उक्त सुरक्षा फौजको टोलीको नेतृत्व एक मेजर र एक क्याप्टेनले गरेको भन्ने बुझियो।

करिब १०:३० बजेतिर बन्दुक पड्किएको आवाज सुनिएछ। सेनाले युवराज मोक्तानको घर 'सी' आकारमा घेरेको भन्ने बुझियो। पल्लो पाखाको डडुवा गाउँबाट बैठकमा भाग लिन पूर्वतिरबाट आउँदै गरेका 'विवेक' भनिने टेकबहादुर थापामगर युवराजको घरनजिकैको डिलबाट सेनाको गोली लागेर ढलेछन्। निजसँग आउँदै गरेका 'राजन' भन्ने एक व्यक्ति र अर्को एकजना नाम खुल्न नसकेको व्यक्ति भाग्न सफल भएछन्। यसैबीचमा घरबाहिर भएका माओवादी कार्यकर्ताहरू सेना आएको देखी कान्लाबाट हामफाल्दै भाग्न सफल भएछन्। घरभित्र भएकाहरूमध्ये ... भनिने एक व्यक्ति माथिल्लो तलाको ग्रिल नभएको झ्यालबाट हमफाली भागेछन्। तलामुनि भएका २० जनामध्ये 'ललित' भनिने एक व्यक्ति ढोकामा भएका सेनालाई धक्का लगाउँदै चर्पीतिरबाट कान्लामुनि हामफाली उम्कन सफल भएछन्। यी सबै घटनाहरू भइरहँदा सेनाका तर्फबाट धेरै राउन्ड गोली चलिसकेको भनिन्छ। घरका बाहिरी भित्तामा, छानामा र घरभित्र भएको स्वर्गीय राजारानीको तस्बिरमा गोली लागेको देखियो।

(अनुसूची १, घटनास्थल प्रकृति मुचुल्का)

युवराज मोक्तान र निजका छोरा लीला मोक्तानसहित १९ जनालाई सेनाले घरभित्र प्रवेश गरी हात माथि उठाउन लगाई क्रमशः बाहिर निकालेको बुझियो। बाहिर निकालिएका प्रत्येक व्यक्तिहरूको हात पछिल्तिर बाँधी घरभन्दा माथिको डिलमा लडाइएको बुझियो। सेनाले घर खानतलासी गरेछन्। माओवादीहरूले पकाएको खाना सेनाले पोखिदिएको, दहीको ठेकी फुटाई दही छरपस्ट पारिदिएको, घरभित्रको ऐना




फुटाइदिएको भन्ने बुझियो। घरभित्र भएका माओवादीहरूका झोला, एउटा थ्री-नट-थ्री बन्दुक, दुईवटा पेस्तोल, १४ वटा सकेट बम सेनाले कब्जामा लिएछन्। घरधनी, निजकी छोरी र छोराहरूका लत्ताकपडा र कागजात घरबाहिर आँगनमा निकाली सेनाले जलाइदिएको र भाँडाकुडा फुटाइदिएका रहेछन्। विभिन्न सामग्रीहरू जलाइएको ठाउँ समितिले अवलोकन गऱ्यो। जलाइएका कागजहरूमध्ये दुईवटा नागरिकताका प्रमाणपत्रहरू 'बाट प्राप्त भयो। युवराज मोक्तानको घरमा भइरहेका घटनाहरू निजको घरभन्दा केही तल जम्मा भएका गाउँलेहरूले हेरिरहेका रहेछन्। तर उनीहरू घटना भएको ठाउँमा आउन सकेनछन् र सेनाहरू पनि गाउँले भएको ठाउँतिर गएछन्।

(अनुसूची १, घटनास्थल प्रकृति मुचुल्का)

उल्लिखित घटनाको करिब १ घण्टापछि अन्दाजी ११:३० बजेतिर सेनाहरूले पक्राउ परेका व्यक्तिहरूलाई हात पछिल्तिर बाँधी कसैलाई अघि र पछि एउटा-एउटा झोला र कसैलाई एउटा मात्र झोला बोकाई ५/७, ५/७ जनाको समूह बनाई स्वास्थ्य चौकी भएतिर अघि बढाएछन्। केही गाउँलेहरूले तीनजना सेनाले एक महिलालाई युवराज मोक्तानको घरबाट जबर्जस्ती उकालो लाँदै गरेको देखेछन्। सेनाहरू युवराज मोक्तानको घरबाट गएको केहीबेरपछि गाउँलेहरू सो घरमा जम्मा भएछन्। घरनजिकै "विवेक" भनिने टेकबहादुर थापामगरको लास छाती र पेटमा गोली लागी ढलेको अवस्थामा भेटिएको र निजको लासकै छेउमा मट्टीतेलको जरकिन पनि भेटिएको गाउँलेहरूले बताए। युवराज मोक्तानको घरमाथि डिलमा "कोही महिला" को फ्रक र सल गाउँलेले फेला पारेको बताए। निज "उषा" नाम गरेकी १८ वर्षकी महिला भएकी र निजको स्थिति हालसम्म अज्ञात रहेको बुझियो। निज "विवेक" भनिने टेकबहादुर थापामगरको लास २०६० भाद्र १ गते निजको आफन्त र गाउँलेहरूले युवराज मोक्तानको घरभन्दा करिब १५० मिटर दक्षिण-पश्चिम तिरको चिहानडाँडा भन्ने ठाउँमा ल्याई गाडिदिएको बताई ठाउँसमेत समितिलाई देखाइदिए।

पक्राउ परेका व्यक्तिहरूलाई स्वास्थ्यचौकी र विद्यालयको बाटो हुँदै दोरम्बाबजारबाट उकालो लगाइएछन्। बजारबासीहरूलाई सेनाले सबै "घर, पसल बन्द गरी घरभित्र पसी बस" भनेपछि झ्यालबाट चिहाएर हेर्दा गालीगलौज गर्दै पछिल्तिर हरियो कपडाले हात बाँधी झोला बोकाएर लाइनमा मानिसहरू लगेको देखिछन्। उनीहरूले युवराज मोक्तान, निजको छोरा लीला, ठूलोराम, सानोराम, लक्ष्मण, "ललिका", विष्णुमाया थापामगर, चतुरमान थामी आदिलाई चिन्न सके तर सबैलाई ठम्याउन सकेनछन्। शैलुङ हुँदै दोलखाको मुडे जाने बाटो दोरम्बा बजारको उत्तरपट्टि छेवैको उकालो हुँदै सेनाको लस्कर र समातिएका व्यक्तिहरू हिँडेछन्। उकालोको आधी जतिमा रहेको बाँसबाट बनाएको माओवादीको स्वागत द्वारलाई भत्काउँदै सैनिकसहितको सो जमात शैलुङतिर बढेछ। कुहिरोले बाटो परसम्म नदेखिने भए पनि बजारको छेवैबाट बाटो छुट्टिने भएकाले त्यतातिरबाट लगेको देख्न सकिने र सेनाले बजार छोडेपछि गाउँले बजारको सिरानमा जम्मा भएका कताबाट लग्दो रहेछ भनेर हेरिरहेको बुझियो।

तेर्सो बाटोबाट देउरालीसम्म पुर्याएपछि मुडे जाने शैलुङको बाटो नलगी केही कारणवश एक्कासि लक्ष्य फेरबदल गर्ने निर्णय गरेजस्तो गरी सेनाले "बाहुनचुरा" जाने बाटो सोधे भनी स्थानीय'ले समितिलाई बताइन्। त्यहाँबाट डाँडाकटेरीतिर जाँदै गरेको र हात बाँधेका व्यक्तिहरू देखेको भनी स्थानीय गोठाला वर्ष'का'ले समितिलाई बताए। निजले करिब एक घण्टापछि एकोहोरो रूपमा बन्दुक पड्केको आवाज सुनेको भनी बताए। केही सेनाले बाटोमा काँक्रा मागेर खाई २:१५ तिर पूरै डफ्फा डाँडाकटेरी पुगेका भन्ने बुझियो। डाँडाकटेरीमा समातिएका मानिसहरूलाई उभ्याएर धेरैजसो सेनाहरू अघि बढे भनी स्थानीय...ले समितिलाई बताए। स्थानीय ...वर्षका ...ले दिएको बयानअनुसार : "थोरै सेना मात्र (लाम लगाइएको) को ठाउँमा बसे। सेनाले पक्राउ परेका व्यक्तिहरूलाई लाम लगाउँदै थियो। आफूहरू आएको दिशातिर फर्केर एउटा सेनाले बन्दुक ताकिरहेको थियो। म'कोमा बोका लिन जाँदै थिएं। लाम लगाएको ठाउँमा खलबल थियो। ठूलाराम चिच्याउँदै थियो। एउटी महिला 'मान्यो नि ! मान्यो' भन्दै निकै बेरसम्म कराइरहिन्। मैले लाम लगाएको देखेँ। लाम लगाउने ४/५ जना सिभिल ड्रेसका सिपाही थिए र मलाई बन्दुक बोकेको सेनाले 'तिमी गइहाल बुढा, गइहाल' भन्यो। म करिब २० कदम मात्र हिँडेको थिएँ, मेरो कानै उछिट्टिने गरी बन्दुक पड्क्यो र कराउँदै गरेकी महिलाको आवाज पनि रोकियो। त्यस ठाउँमा भिडन्त भएको होइन लाइन लगाई बिजोगले मारेको हो।"

**(अनुसूची ४, 'को बयान)**

निज व्यक्तिहरूको हत्या भएपछि सेना निलागपानी हुँदै सुर्केतिरबाट मन्थली लागेको सुर्केमा पढ्ने विद्यालयका विद्यार्थीहरूले देखेको बुझियो। त्यही दिन विद्यालय छुट्टी भएपछि सुर्के देउरालीमा पढाउने दोरम्बाका शिक्षकहरू ... घर फर्कदा निजहरूले सिभिल ड्रेसमा हतियार बोक्ने मानिसहरू सुर्केमा देखेको, निगालपानी आइपुग्दा स्थानीय व्यक्तिहरूले डाँडाकटेरीमा धेरै गोली चलेको सुन्यौँ भनेपछि डराउँदै आएको र करिब ५ बजे त्यहाँ आइपुग्दा बाटोभरि रगत, गिदी, खोपडीका टुक्राहरू देखेको र तल भीरमा ९/१० वटा जति लासहरू देखेपछि हामीलाई पनि खतरा हुन सक्छ भनी छिटोछिटो घर (दोरम्बा) तिर आउँदा बजारका मानिसहरूलाई घटना बताएपछि बजार रुवाबासी र कोलाहलमा परिणत भएको भन्ने जानकारी समितिसमक्ष प्राप्त भयो।

**(अनुसूची ५,... को बयान)**

**४.४ समितिका सदस्यहरूद्वारा घटनास्थलको जाँच**

२०६०।५।११ मा अनुसन्धान समितिका सदस्यहरू घटना भएको स्थानमा पुग्दा स्थानीय डाँडाकटेरी, डडुवा, निगालपानी र दोरम्बाका गरी करिब ६०/७० जनाजति व्यक्तिहरू जम्मा भएका थिए। समितिका सदस्यहरूद्वारा घटना भएको ठाउँको अवलोकन गरियो। घटना घटेको ठाउँमा अघिल्लो रातको भीषण वर्षाको कारण सानो पहिरो गएकाले एक समूह लासहरू खसाइएको भनिएको ठाउँको केही अंश पुरिएको पाइयो। पहिरो नगएको भागमा १७ वटा गोलीका खोकाहरू भेटिए, त्यस्तै पुरुष र महिलाको गरी ७ थान चप्पल, हात बाँधेको भनिएका हरियो र अन्य रङका डोरीका रूपमा प्रयोग गरिएको कपडाका टुक्रा, दुईवटा पकेट काइँयो, एउटा दाँत माझ्ने ब्रस, एउटा ढाकाको टोपी, बाटाको दायाँबायाँ तरिएको टाउकोका हड्डीका टुक्राहरू भेटिए (अनुसूची १०, सामान बुझाएको मुचुल्का) घटना भएको ठाउँको बाटोका भित्तामा बन्दुकका गोली लागेर ठाउँठाउँमा खोस्रिएको देखियो। घटना करिब ४ फिट चौडाको गोरेटो बाटोमा भएको बुझियो। गोरेटोको उत्तरतिर पाखो र दक्षिणतिर ४०० मिटर पाखा भएको देखियो। निगालपानी हुँदै सुर्के देउराली जाने त्यो बाटोको करिब १५० मिटर पर गएपछि झोला, कागज, कपडा, स्ट्याम्प प्याड र दैनिक प्रयोगमा आउने सामानहरू जलाइएको थुप्रो पाइयो। गाउँलेहरूले दिएको विवरणअनुसार १९ वटा लास त्यहीँ पाखामा खसालिएको अवस्थामा पाइयो। ११ वटा लासहरू खप्टिएको अवस्थामा एकै ठाउँमा र अन्य लासहरू तलतलसम्म छरिएका थिए भन्ने बुझियो। घटनास्थलबाट करिब ३० मिटर तेर्सो माथि पाखामा माथिल्लो लाइनमा ७ वटा, बीचको लाइनमा ८ वटा र तल्लो लाइनमा ३ वटा लासहरू स्थानीय व्यक्तिहरूले गाडेको ठाउँ देखियो। स्थानीय व्यक्तिहरूको भनाइअनुसार घटना भएको तेस्रो दिन नेकपा (माओवादी) का कार्यकर्ताहरूसहितको उपस्थितिमा गाउँलेहरूले लास गाडेका रहेछन्।

घटना डाँडाकटेरीमा पुगेपछि समितिले अनुसन्धानका लागि गाडिएका लासहरू जाँच गर्न उपयुक्त सम्झ्यो। डाँडाकटेरीमा त्यस दिन उपस्थित भएकाहरूमध्ये ७ जना मृतकका आफन्तहरू पनि थिए। मृतक व्यक्तिहरूको केकस्तो ठाउँमा लागेको रहेछ जाँच गर्ने मन्जुरी दिनुहोस् भनी सोधनी गर्दा मृतकका परिवार र उपस्थित सदस्य तथा उपस्थित स्थानीय व्यक्तिहरूले मन्जुरीनामा लेखिदिए। (अनुसूची ६, मन्जुरीनामा लेखी दिए। (अनुसूची ६, मन्जुरीनामा) लासहरू ककसका हुन्, चिनाइदिनुस् भनी सोधनी गरियो। स्थानीय व्यक्तिहरूको सहयोगमा सम्पूर्ण १८ वटा लासहरू शवोत्खनन गरी जाँच गरियो। एकजना चतुरमान थामीको लास निजका परिवारजनहरूले लगी आफ्नो रीतअनुसार जलाएको थाहा पाइयो।

**४.५ डाँडाकटेरीमा गाडिएका १८ वटा मृतकहरूको नामावली यसप्रकार छ : (अनुसूची ७, मृतकहरूको नामावली)**

**५. लास अवलोकन प्रतिवेदन**

मिति २०६०।५।११ गते बिहीबार दिनको १ बजे रामेछापको दोरम्बा गाविस-९ डाँडाकटेरीमा मूलबाटोको नजिकै चउरमा भर्खरै खनेको जस्तो देखिने डोबहरू भएको ठाउँमा १८ वटा लासहरू गाडेको भनी मृतकका नातेदार तथा अन्य गाउँलेहरूको भनाइअनुसार शवोत्खनन (exhumation) गरी लासहरूमा केकस्ता चोटहरू छन् सोको अवलोकन गर्न उपयुक्त सम्झी समितिले करिब ६०-७० जना स्थानीय बासिन्दाहरूको सहमति तथा सहभागितामा सबै लासको अवलोकन, फोटो लिने, भिडियो खिच्ने र अभिलेख गर्ने काम गऱ्यो। उक्त स्थानमा आलो डोबहरू भएका १८ वटा लाइन थिए जसमा माथिबाट पहिलोमा ७ वटा, दोस्रोमा ८ वटा र तेस्रोमा ३ वटा लास गाडिएको ठाउँ देखिन्थे। माथिबाट दायाँतर्फ सुरु गरी डोबहरूलाई १ देखि ७, ८-१५ र १६-१८ सम्म नम्बरहरू दिइयो र एक-एक गर्दै माटो निकाली लासमा भएका चोटहरूको अवलोकन, फोटो खिच्ने तथा टिपोट गर्ने काम गरियो जसमा प्राप्त भएका विवरण अनुसूचीमा दिएको छ। (अनुसूची ८, लास जाँच प्रतिवेदनहरू)

१८ वटामध्ये ५ वटा (नं ८, ९, ११, १३ र १४ महिलाहरूको लास थिए भने बाँकी १३ वटा पुरुषहरूका थिए। सबै मृतकहरूले विभिन्न प्रकारका सामान्य लुगा लगाएका देखिन्थे र बाहिरबाट सेतो कपडा र सो माथि हँसियाहथौडा अङ्कित झण्डाको कपडाले ढाकिएको थियो। सबै लासहरू डिकम्पोजिसनले गर्दा दुर्गन्धित थिए। लासमा भएका चोटपटकहरू राइफल फायरआर्म (rifle firearm) हतियारबाट भएकासँग मिल्दाजुल्दा थिए। १८ मध्ये १५ वटा लासहरूका टाउकोमा चोटहरू थिए। (सबै महिलाहरूको शवका टाउकाका माथिल्लो भाग उडेका चोटहरू पाइयो।) टाउकोका चोटहरू भएका प्रायः सबै लासहरूमा गिदी नभएको र अधिकांश हड्डीका टुक्राहरूसमेत हराएका थिए। टाउकोमा चोट लागेका १५ वटा लासहरूमध्ये ४ वटा लासका टाउकोमा पूर्ण रूपले खप्पर नभएको हुँदा गोली पसेको ठाउँ (entry) तथा निस्केको (exti) छुट्टै ठाउँ भेटिएनन्। केही लासमा entry मा पनि exit मा जस्तै ठूलो चोट पाइयो।

१८ वटा लासहरूमध्ये १० वटा लासहरूमा अगाडिबाट गोली लागेको देखियो भने २ वटामा पछाडिबाट र अन्यमा साइडबाट लागेको भेटियो। २ वटा लासमा मात्र एकभन्दा बढी गोली लागेका छन् जसमा एउटामा टाउको तथा छाती र अर्कोमा घाँटी तथा छातीमा चोट लागेको छ। एउटा लासमा एउटा मात्र गोली दायाँ पाखुराबाट पसेर निस्केको देखिन्छ। एउटा लासमा भने बाहिरबाट कुनै पनि चोट देखिएन। डिकम्पोजिसनको कारण र बर्सात्को पानीबाट पखालिएका जस्तो देखिने हुँदा कति टाढाबाट गोली लागेको हो सबैमा एकिन गर्न कठिन भए तापनि केही लासहरूमा भलतचथ/भहष्त छुट्टै नभएको तथा अन्य केहीमा ठूलो भलतचथ समत पाइएका आधारमा नजिकबाट गोली लागेको देखिन्छ। घाउभित्र कहीँ पनि गोली अड्किएको पाइएन। लासको डिकम्पोजिसन भएको अवस्था, गहिरो गरी माटोमा गाडिएको कारण तथा भौतिक तथा मानवीय स्रोतको अभावनले गर्दा लासलाई बाहिर निकाली पूर्ण जाँच (complete autopsy) गर्न नसकिए तापनि घाउचोट भएका ठाउँहरूको राम्रोसँग अवलोकन (observation) गरी टिपोट गर्न सकियो।

सबै लासहरू अनुसन्धानपश्चात् स्थानीय बासिन्दाहरूकै सहमति तथा सहयोगमा सोही स्थानमा माटोले पुरी यथाअवस्थामा छोडियो।

६. घटनास्थलहरूको अनुसन्धानबाट प्राप्त तथ्यहरू

१. गाउँमा माओवादीहरू आएका छन् र युवराज मोक्तानको घरमा बैठक र माओवादी कार्यकर्ता रामकुमार र सङ्गीताको विवाह हुँदैछ भन्ने हल्ला गाउँमा पहिलादेखि नै चलेको पाइयो।

२.मन्थलीबाट गाल्बाको बाटो हुँदै बिहान सबेरै सेना दोरम्बातिर लागेको र सिभिल ड्रेसमा हतियार लुकाई दोरम्बासम्म आइपुगेको पाइयो।

३. नेकपा (माओवादी) को बैठक युवराज मोक्तानको घरमा वसेको र त्यहाँ आफूभित्रका मनमुटाव मिलाउने र सम्भवतः 'विवाह' को कार्यक्रम पनि रहेको बुझिन आएको र यो एक माओवादी राजनीतिक कार्यकर्ताहरूको बैठक भएको पाइयो।

४.घरभित्र भएका १९ जना सबै गिरफ्तारीमा परी पछिल्तिर हात बाँधी करिब ३ घन्टाको उकालोओरालो बाटो हिँडाइएपछि गोरेटोमै लाइनमा लगाएर सबैलाई नजिकैबाट प्रायः टाउकोमा गोली हानी हत्या गरिएको पाइयो।

५.मृतकहरूको झोला, घडी र अन्य सामग्री झिकी लासहरू भिरालो पाखोबाट खसाई एकमाथि अर्को गरी धेरैजसो लासहरू थुप्रोमा भएको विश्वसनीय सूचना पाइयो। निजहरूका झोला, डायरी, कागजातहरू र अन्य वस्तु करिब १५० मिटरजति पर लगी जलाइदिएको देखियो।

६. सेनाको नेतृत्वमा भएको संयुक्त सुरक्षा फौजको टोलीको नेतृत्व एक मेजरसहित एक वा एकभन्दा बढी क्याप्टेनले गरेको हुनसक्ने बुझियो।

७. समितिको निष्कर्ष

दोरम्बा घटनाको अनुसन्धानका क्रममा स्थानीय वासिन्दाको बयान र अनुसन्धान समितिले सङ्कलन गरेको भौतिक प्रमाणका आधारमा १८ माओवादी कार्यकर्ता र दुई गैरमाओवादीको हत्या गरिएको र एकको स्थिति अज्ञात रहेको पाइयो (अनुसूची १४)। मर्नेहरू राजनीतिक भेलामा बसेको बेला समातिएको पाइयो। आफ्नो कब्जामा रहेका निजहरूलाई हात बाँधेकै अवस्थामा नजिकबाट गोली चलाइएको र सोही कारण मृत्यु भएको निष्कर्षमा समिति पुगेको छ। स्थानीय प्रत्यक्षदर्शीहरूको बयान र लासहरूको शवोत्खननमा देखिएका लक्षणहरू मेल खाएको पाइयो। साथै उक्त बयानहरूलाई मृतकहरूको लास गाडिनुअघिको शारीरिक अवस्थाको तस्बिर तथा शवोत्खननका क्रममा खिचिएको तस्बिर र भिडियोले पनि पुष्टि गरेको पाइयो।

छानबिन समितिको स्थलगत अनुसन्धानअनुसार एकजना 'विवेक' भनिने टेकबहादुर थापामगर युवराज मोक्तानको घरछेउमा २०६०।४।३२ मा करिब १०:३० बजे सेनाको गोली लागी मृत्यु भएको र डाँडाकटेरी भन्ने ठाउँमा सोही दिनको २:३० बजेतिर १९ जनाको मृत्यु भएको पाइयो। मारिएका जम्मा २० व्यक्तिबाहेकका एकजना 'उषा' भन्ने महिलाको स्थिति अज्ञात रहेको पाइयो। डाँडाकटेरीमा मारिएका मृतकहरू राजनीतिक बैठकको सन्दर्भमा पक्राउ परेको र दुई हात पछाडि बाँधी हिँडाएर लाँदै गर्दा गोरेटोमा लाइन लगाई मारिएको पाइयो। माथि वर्णन गरिएका बाहेक अन्य तरिकाबाट गोली चलेको बारे समितिको जानकारीमा आएन। त्यस वारदातमा सुरक्षा फौजको तर्फ कसैको मृत्यु नभएको बुझियो।

उपरोक्त निष्कर्षबाट हात पछाडि बाँधिएका १९ जना कब्जामा लिइएका व्यक्तिहरूलाई नजिकबाट बन्दुकले गोली प्रहार गरी मारिएको कुरा अन्तर्राष्ट्रिय मानवीय कानुन र खासगरी आन्तरिक प्रकृतिको सशस्त्र विवादको समयमा गिरफ्तार गरी पूर्ण रूपमा कब्जामा लिइएका बन्दीहरूलाई संरक्षण गर्नुपर्दछ भन्ने सिद्धान्त रहेको जेनेभा कन्भेनसनको साझा धारा ३ को विपरीत भएको पाइयो। राष्ट्रिय सन्दर्भमा उक्त कार्य नेपाल अधिराज्यको संविधान, सैनिक ऐन, प्रहरी ऐन र सशस्त्र प्रहरी ऐनको प्रतिकूल हुन गएको अनुसन्धान समितिले ठहर रहेको छ।

नोट : प्रतिवेदनमा उल्लेख गरिएका कतिपय नामहरू निजहरूको अनुरोधमा गोप्य राखिएको छ।

- प्रतिवेदनमा उल्लिखित अनुसूचीहरू आयोगमा सुरक्षित रहेको छ।

**अनुसन्धान समिति**

१.कृष्णजङ्ग रायमाझी - संयोजक - भूपू न्यायाधीश, सर्वोच्च अदालत

२. प्रेमबहादुर बिष्ट - सदस्य - भूपू महान्यायाधिवक्ता

३. कनकमणि दीक्षित - सदस्य - पत्रकार

४. डा. हरिहर वस्ती - सदस्य - चिकित्सक, फरेन्सिक विज्ञ

५. हरि फुयाल - प्रतिनिधि - राष्ट्रिय मानवअधिकार आयोग

*(स्रोत : दोरम्बा हत्याकाण्ड : मुक्तिका लागि बलिदान। प्रतिवेदनको मूल भाषा आयोगकै हो- सम्पादक।)*

नियात्रा/संस्मरण

# सहिदको समाधिमा जनक्रान्तिको कासन

## सन्दर्भ : २० औँ दोरम्बा हत्याकाण्ड स्मृति दिवस



अशोक सुवेदी

(रामेछापको दोरम्बा, डाँडाकटेरीमा २१ जना योद्धाको २०६० साल साउन ३२ गते महान् बलिदान भएको १९ वर्ष पुगेर २० वर्ष लागेको छ । महान् सहिद र बेपत्ता योद्धाका सपना पूरा गर्ने प्रतिबद्धतासहित जनयुद्ध/जनक्रान्ति आरम्भ गरेका एकदेखि अर्कोसम्मका 'नायक' र 'महानायक' हरू बाढीले ढालेको नदीकिनारको रूखजस्तो भएर पुँजीवादी रछ्यानमा सोत्तर हुँदै गएका छन् तर पनि क्रान्तिकारी आशावाद मरेको छैन, नयाँनयाँ शिराबाट उठिरहेको छ । महान् योद्धा र सहिदहरूका सपना आज पनि ज्यूँका त्यूँ छन् । हिजो आदर्श र महानायक ठानिएका पात्रहरू आज देखी-देखी संसदीय संशोधनवादी र कुख्यात बन्न पुगेका छन् र हिजो जसका विरुद्ध जनताले रगत बगाए आज तिनैको शरणमा पुगेका छन् । महान् जनयुद्धका क्रममा समानतामूलक समाज निर्माण गर्ने महान् अभिलाषा राखेर दुस्मनसँग कत्ति पनि नझुकी बहादुरीसाथ आत्मोत्सर्ग गर्ने ती महान् योद्धाहरूप्रति हार्दिक श्रद्धाञ्जली प्रकट गर्दै १४ वर्षअघि लेखेर प्रकाशित पनि भइसकेको दोरम्बा हत्याकाण्डस्थल र बेथानको यात्रा संस्मरण पुनः पस्किने अनुमति चाहन्छु ।)

… … …

एकखाले मानिसहरू जनयुद्धका क्रममा, युद्धमैदान र अनुभूतिको चापका बीचमा गरिएका सिर्जनालाई दुत्कार्ने प्रयास गरिरहेका थिए तर हामी भने बम र बारुदसँगै जन्मिएको सुन्दर सहित्य र त्यसका सर्जकहरूलाई खोज्दै सम्मान गर्दै दौडाहामा लागेका थियौँ अभियान बनाएर । जनयुद्धलाई नै दुत्कार्नेहरूलाई टीका लगाएर चोखिएकाहरूका लागि, जस्केलाबाट छिरेकाहरूका लागि जनयुद्ध र त्यस महासमरमा युद्ध लड्दालड्दै बमबारुद र रगतबाट सिर्जित महागाथाहरूका बारेमा थहा नहुनु पनि स्वाभाविकै थियो । त्यसैले तिनीहरू मुलुकमा महान् वर्गसङ्घर्ष घनीभूत भइरहेको समयमा पनि सहरका कोठामा बसेर युद्धलाई फासिवादी आतङ्क भनेर सत्तोपराप गरिरहेका थिए । दुस्मन कित्ताकाहरूले त आफ्नो समाप्त हुन लागेको वर्गस्वार्थको रक्षाका लागि जनयुद्ध र त्यसको नयाँ प्राप्तिलाई नस्वीकार्नु तिनको वर्गचरित्रअनुसार नै थियो तर आफूलाई वर्गसङ्घर्षको ठेकेदार सम्झने अनि आफ्नै आँखाअघिल्तिर भएको भीषण वर्गयुद्धलाई तिरस्कार गरेर दुस्मन वर्गलाई सघाउनेहरूले पनि लोलीमा बोली मिलाएर जनयुद्धलाई, जनयुद्धबाट निर्मित नयाँ संस्कृति र साहित्यलाई अस्वीकार गरिरहेका थिए ।

तिनले जनयुद्धका उपलब्धि र नयाँ साहित्यलाई स्वीकारेनन् र एउटा हातमा बन्दुक र अर्को हातमा कलम बोकेर सिर्जना गरेको साहित्य र सङ्गीतको भावना र स्पिरिट बुझेनन् भनेर चिन्ता मान्नु ठीक छैनजस्तो लाग्छ मलाई । जनयुद्धको समयमा दुस्मनमाथि आक्रमणयोजना, भीषण मोर्चा र मृत्युसँग पलपल पौँठेजोरी र लुकामारी खेल्दै गरेका पलहरूलाई प्रतिध्रुवीयहरूले त कल्पना गर्नसक्ने कुरा पनि भएन । सहरमा बसेर रमिता हेर्नेहरूले पनि बुझून् नै कसरी ? कर्मी माहुरीले जम्मा पारेको मह चाट्न भेला भएकाहरूले, हजारौँ सहिदको बलिदानीपछि तर मार्न टीका लगाएर भित्रिएकाहरूले वर्गयुद्धको त्यो पीडा र आनन्दको अनुभूति गर्नसक्ने कुरा पनि भएन । त्यस्तो आशा गर्नु मरुभूमिमा पानीबिनै बगैँचा बनाउन सकिएला भनेर गरिएको हावादारी चिन्ताभन्दा फरक हुने थिएन ।

हामी अधुरो वर्गसङ्घर्ष वा जनयुद्धलाई पूर्णतामा लैजान आह्वान गर्दै सहरका गल्लीदेखि दुर्गम गाउँसम्म पुग्यौँ– रामेछाप साहित्य प्रतिष्ठान र मार्क्सवादी साहित्य प्रतिष्ठानको ब्यानरमा 'जनगणतन्त्र र राष्ट्रियताका लागि सिर्जनाअभियान' लिएर । हामी कमरेड ऋषि देवकोटा 'आजाद' को क्रान्तिकारी आदर्शलाई पछ्याउँदै आजादको चिहान उधिन्न सिन्धुलीको आजादबस्ती (खुर्कोट) पुग्यौँ । अङ्ग्रेज साम्राज्यवाद र सामन्ती राजतन्त्रका विरुद्ध धावा बोलेको ऐतिहासिक सिन्धुलीगढी पुग्यौँ । हामीले सिन्धुलीका झन्डै तीन सय सहिदका चिहान उधिन्दै र गोरखाका सयौँ सहिदको सपनालाई रातो झन्डा बनाउँदै त्यसको सन्देश तीन लाल (कृष्णलाल-गङ्गालाल-पुष्पलाल) को जिल्लाको नामले चिनिने रामेछापसम्म पुऱ्यायौँ । गङ्गालाल र पुष्पलाल जन्मिएको भूमिबाट फैलिएको हाम्रो विद्रोहको कासन कवि हितप्रसाद उपाध्यायको सालिक अनावरणसम्म पुग्दा अन्तर्राष्ट्रियकरण भइसकेको थियो । हामी विद्रोहका लागि दुन्दुभी बजाउँदै देशका २०-३० जिल्लासम्म पुग्यौँ । सहिद परिवारलाई भेट्यौँ र उनीहरूको आँसु र आक्रोशमा अन्तर्घुलित भयौँ ।

यसैक्रममा दोरम्बाको डाँडाकटेरी र बेथानको पानीघाटमा आततायी सत्ताबाट पुरिएका सहिदको चिहान खोतल्दै त्यही चिहानमाथि उभिएर विचार-कविताबाट जनक्रान्तिको आह्वान गर्ने र जनयुद्धलाई झन् उचाइमा निरन्तरता दिने हाम्रो योजना पहिले नै बनिसकेको थियो । हामी सिन्धुलीयात्रामा पुग्न बाँकी रहेको सहिदबस्ती अमले बस्तीपुरको अधुरो सपना पनि पूरा गर्न चाहन्छौँ । एउटै योजना बन्न नसके पनि यसपटक दोरम्बा र बेथानका चिहानमा उभिएर दुष्टहरूलाई ललकार्ने र क्रान्तिकारीहरूमा ऊर्जा थप्ने हाम्रो पहिलेदेखिकै योजनाले साउन महिनामै मूर्त रूप पाउने भएपछि हामी अझ आह्लादित बनेका थियौँ । बेथान- दोरम्बा यात्रा हाम्रो उपत्यकाबाहिरको चौथो यात्रा बन्दै थियो । हामी रामेछापका तीन लाल र कवि उपाध्यायको सालिक स्थापनापछि बेथान र दोरम्बाको रक्तिम भूमि टेक्न पाइने खुसीले फुर्फुर बनिरहेका थियौँ ।

नेकपा (माओवादी) केन्द्रीय समितिको बैठकले तेस्रो जनआन्दोलनमार्फत जनगणतन्त्र स्थापनाका लागि विद्रोहको तयारीको रणनीति र त्यसैअनुरूपको कार्यनीति तय गरेपछि रामेछाप साहित्य प्रतिष्ठान र मार्क्सवादी साहित्य प्रतिष्ठानको ब्यानरमा दुई वर्षदेखि निरन्तर सञ्चालित जनगणतन्त्र र राष्ट्रियताका लागि सिर्जनाअभियानमा अझै ठूलो त्राण भएको अनुभूति भइरहेको थियो । अभियान सञ्चालकका नाताले पनि कुनै अभियान सुरु हुनुभन्दा अघि अलि बढी नै उद्वेलित हुन्छ म । कुनै एउटा अभियान सफलतापूर्वक सकिएपछि मन धेरै हलुङ्गो हुन्छ र ऊर्जा पनि त्यसैअनुसार थपिएको महसुस हुन्छ । रामेछाप आफू जन्मिएको जिल्ला भएर मात्र होइन, नेपालको साहित्यिक तथा राजनीतिक आन्दोलनमा अग्रणी स्थानमा रहेकाले त्यस भूमिको सामूहिक यात्रा र कार्यक्रमले म अलि बढी नै रोमाञ्चित बनिरहेको थिएँ ।

प्रगतिशील स्रष्टा अनिल, एक सयौँ शृङ्खलामा प्रतिष्ठानको संरक्षक बन्ने घोषणा गरेका बराल, बलराम बिष्ट, शोभा, गौरी दाहाल, प्रोल्लास सिन्धुलीयलगायत अभियानका सहकर्मीहरू दोरम्बा र बेथानयात्राका लागि तयार भएपछि मन झनै हौसिरहेको थियो । त्यसैले छैटौँ दोरम्बा हत्याकाण्ड स्मृति दिवसको अवसर पारी रामेछाप जिल्ला पार्टीको अतिथि बनेर हामी रामेछाप जाने तयारीमा लाग्यौँ । एक साताअघिदेखि नै मन दोरम्बा र बेथान पुगिरहेको थियो । दोरम्बा र बेथानका सहिदका अनुहार र तिनका सपना मनमा घुमिरहेका थिए । एकातिर बेथानले जनयुद्धको पहिलो सफल फौजी मोर्चाका रूपमा, पहिलो छापामार महिला सांस्कृतिक योद्धा दिलमाया बम्जनको बलिदानका रूपमा उत्कर्ष प्राप्त गरिरहेको थियो भने अर्कातिर दोरम्बाले आततायी सत्ताहरूबाट क्रान्तिकारी पार्टी र नेता जहिले पनि सावधान रहनुपर्छ भन्ने पाठ दिँदै अनायास ठूलो रगत बगेको दुःखद् इतिहास झल्झली सम्झाइरहेको थियो । यी दुवै मोर्चाले जनयुद्धलाई थप अर्को उचाइमा उठाएका थिए, सामन्ती राजतन्त्र ढाल्दै तिनका मतियारलाई आछुआछु पारेका थिए र रामेछापलाई वर्गयुद्धको ऐतिहासिक किल्लाका रूपमा स्थापित गरेका थिए । त्यसैले यी दुवै स्थान राजनीतिक र सांस्कृतिक दृष्टिले पनि अन्यन्त महत्वपूर्ण थिए, यात्रा गर्न लायक र उत्साहवर्द्धक थिए ।

हिँड्ने बेलासम्ममा हाम्रो अभियानको संस्थागत योजना केही बदलियो । यसअघिका सिन्धुली, गोरखा र रामेछापको सफल अभियान मार्क्सवादी साहित्य प्रतिष्ठानले नै आयोजना गरेकाले त्यसमा कुनै अन्योल भएन । तयारी र खर्चबर्चको रङ्गबङ्ग पनि आफैँले मिलाइयो तर यसपटकको यात्रामा पार्टीको अतिथि बनेर सहिदको समाधिमाथि कविताको कासन गर्न र नयाँ विद्रोहको



क. अम्बिका दाहाल 'ललिका' | क. प्रदीप दोङ 'रक्तिम' | क. टेकबहादुर थापामगर 'विवेक' | क. चतुरमान थामी 'समर' | क. हर्क घिसिङ 'यथार्थ'

क. विष्णुमाया मगर 'विमा' | क. रवि चौहान 'समिर' | क. ठुलाराम तामाङ 'छोप्पा' | क. सानाराम तामाङ 'तारा' | क. लक्ष्मण तामाङ 'छायाँ'

तयारी गर्न जाँदै थियौँ हामी । मार्क्सवादी साहित्य प्रतिष्ठान पनि निम्तालु बनेको थियो । भर्खरै पार्टी केन्द्रीय समितिको बैठक सकिएकाले कतिपय अग्रज र समकालीनहरू बैठकमा व्यस्त हुनुपरेकाले दोरम्बा-बेथान अभियानमा मेरो नेतृत्वमा अनिल, शोभासहितको टोलीले साहित्यिक यात्राको मोर्चा समाल्नुपर्ने स्थिति उत्पन्न भयो । हामीले यस परिस्थितिलाई सहजताका साथ स्वीकाऱ्यौँ ।

एउटै यात्रामा सबैजना सधैँभरि सँगै रहन सक्तैनन् र मानिसहरूको कथनी र करनीलाई जाँच्ने कसी व्यवहार नै हो भन्ने कुरा पनि हामीलाई थाहा थियो । कतिपय अवस्थामा परिस्थितिलाई अलि नकारात्मक रूपले हेर्नेहरू ताक पर्नासाथ एक सय असी डिग्री फन्को मार्न सक्छन् वा मार्छन् भन्ने कुराको अनुभूति हामीले सिन्धुली र गोरखाअभियान-मोर्चा पछि रामेछाप, भँगेरी-सिर्जनानगरको अभियानमा सहसुस गरिसकेका थियौँ । स्थितिलाई आफूअनुकूल व्याख्या गर्ने र आफू नभए संसार घुम्दैन भन्ने सोचाइ हाम्रो अभियानमा घुसेर सिङ्गो अभियानलाई नै तहसनहस पार्दैछ भन्ने कुराको अनुभूति पनि हामीले गरिरहेका थियौँ । अभियान, आन्दोलन र मोर्चाको योजना जोकसैले बनाउन सक्तैनन् र त्यसलाई हाँक्नु पनि जोकसैको बुताको कुरा होइन भन्ने कुराका साक्षी पनि हाम्रा अघिल्तिर बग्रेल्ती देखिइसकेका थिए । हामीले बेथान-दोरम्बा अभियान पनि मार्क्सवादी साहित्य प्रतिष्ठानकै अर्को कडीका रूपमा विकास वा विस्तार हुने कुरा सोचिरहेका थियौँ । तर पनि हामी एक्लै थिएनौँ । हाम्रो साथमा पार्टीको सिङ्गो ताम्सालिङ राज्यसमिति थियो । राज्य समितिका इन्चार्जदेखि सेक्रेटरी, सहइन्चार्जहरू, दोरम्बा मोर्चामा दुस्मनलाई चक्मा देखाउँदै घेरा तोड्न सफल नेतृत्व अनि झन्डै ३० जना सहिदका परिवार, सभासद् र सिङ्गो जिल्ला पार्टी हाम्रो साथमा थियो । आफ्नो अभियानमा प्रत्यक्ष रूपमा संलग्न नभएको नेतृत्वलाई पनि साथमा पाउँदा हामी अझै प्रफुल्लित थियौँ ।

साउन ३१ गते बिहान ६ बजेबाट सुरु भएको हाम्रो दोरम्बा-बेथान यात्राले झन्डै साढे सात बजे मात्र कोटेश्वरबाट गति लियो । कतिपय साथीहरू सात बजेअघि नै बनेपा पुगिसकेकाले हामी उहाँहरूलाई भेट्न हतारिइरहेका थियौँ । हतारैहतारमा हाम्रो अभियानका पाका साथी बलराम बिष्ट बाटैमा छुटेको कुराले हामीलाई यात्राभरि चिन्तित बनाइरह्यो । पार्टीनेतृत्व बनेपामा पुगेर हामी अभियानकर्मी र सञ्चारकर्मीको प्रतीक्षामा थियो । रिजर्भ माइक्रोबसहरूमा हाँसो र ठट्टा गर्दै हामी नेपालथोकतिर हान्निइरहेका थियौँ । बाहिरबाट हामी ठट्टामा रमाए पनि हाम्रो मनमा भने आँधीतुफान चलिरहेको थियो । हामी जनयुद्धकै पहिलो सफल बेथान मोर्चा लडेको पानीघाटको भूमि र त्यहीँ नजिक गाडिएका महान् सहिद तीफदि -तीर्थ गौतम, फत्त स्माली मगर र दिलमाया बम्जन) को चिहान पार गरेर दोरम्बातिर लम्किँदै थियौँ । तीनवटा भरुवा बन्दुक, केही ग्रिनेड र ढुङ्गाका भरमा जितेको बेथान मोर्चाको ऐतिहासिकता अनि तीफदिको वीरतालाई यात्राअघि हामीले काभ्रे र सिन्धुलीको नेपालथोकमा भीषण गर्मीमा काटेका कष्टपूर्ण क्षणहरूको पनि वास्ता गर्न भ्याएनौँ । हाम्रो ध्याउन्न बेथान र दोरम्बा पुग्नतिर संकेन्द्रित थियो ।

काभ्रे र रामेछापलाई छुट्ट्याउने लुभुघाट तरेपछि पहाडी भूभागमा चल्ने ससाना जिपहरू हामीलाई बोक्न तयार भएर बसेको पायौँ हामीले । भीषण वर्षा नभएमा हामीलाई ती जिपले गाल्बा भन्ज्याङसम्मको पहाडी कच्ची बाटोमा कुदाउने पक्का थियो । अत्यन्त कहालीलाग्दा उकाला र घुम्तीहरू पार गर्दै जिपहरू खनियापानी, डहु हुँदै बेथानतिर दुगुरिरहेका थिए । दोरम्बामा बलिदान गर्ने तत्कालीन जनसरकार प्रमुख क. पुष्प, त्यसपछिका जनसरकार प्रमुख क. विश्वका जीवनसंगिनीलगायत सयौँ बेथानबासीको लाम लागिरहेको थियो हातहातमा खादा र माला लिएर स्वागत गर्न । सहिदका सपना पूरा नभएको अवस्थामा हामीलाई सहिद परिवारले स्वागत गर्नुको अर्थ अधुरो क्रान्ति पूरा गर्न अर्को क्रान्तिका लागि तयार रहन गरेको कासनसरह हुन्थ्यो । हाम्रो अभियानको उद्देश्य पनि त्यही थियो । दोरम्बामै बलिदान गर्ने स्रष्टा सहिद रक्तिमकी जीवनसंगिनी दीपा पनि उता आयोजक र यता अतिथि बनेर यात्रामा लामबद्ध भइरहेको पाउँदा हामी भाबी विद्रोह/क्रान्तिप्रति अझै बढी विश्वस्त बनिरहेका थियौँ ।

उकालोमा पानी पऱ्यो भने हाम्रो पहिलो सेल्टर गाल्बा भन्ज्याङसम्मको सातआठ घन्टाको उकालो बाटो पैदलै हिँड्नुपर्ने भयले हामी पानीघाटका सहिदहरूलाई मनमनले मात्र श्रद्धासुमन अर्पण गरी माथितिर हुइँकियौँ । पर्सिपल्ट फर्कंदा पानीघाटमा विशेष साहित्यिक कार्यक्रम सञ्चालन गर्ने हाम्रो पूर्वयोजना अधिकांशलाई थाहा थियो । ठाउँठाउँमै हामीलाई स्थानीय बासिन्दा र सहिद परिवारले गरेको सम्मान र स्वागतले हुनसम्म गौरवान्वित भयौँ हामी । स्रष्टा, सञ्चारकर्मी र पार्टीनेतृत्वको एकीकृत कमान्डलाई आफ्नो घरआँगनमै पाउँदा बेथान र हिलेदेवीका बासिन्दा पनि खुसी देखिन्थे । कहीँ गाडी ठेल्दै र कहीँ पहिरो पन्छाउँदै हामी कुहिरो र हुस्सु छिचोल्दै साँझ अबेर मात्र गाल्बा भन्ज्याङ पुग्यौँ । लुभुघाटको प्रचण्ड गर्मीलाई गाल्बाको चिसो सिरेटोले जिस्क्याइरहेको थियो । स्थानीय पार्टी हाम्रो स्वागत र व्यवस्थापनका लागि भएभरको बल लगाएर खटिरहेको थियो । १५ वर्षपछि गाल्बा पुग्दा मलाई आफूले त्यतिबेला जिल्ला नेता भएर भाषण गरेको स्मरण भइरह्यो । संयोगले त्यतिबेलाका मेरा दौँतरी धावा लामा माओवादी र एकताकेन्द्रबीचको एकतासँगै पार्टी केन्द्रीय सदस्य र जिल्ला इन्चार्ज बन्नुभएको थियो भने पेमा, अमरलगायत साथीहरूले जिल्ला र राज्य समितिको जिम्मा लिइरहनुभएको थियो । हामीले यात्रामा ती कुरा पनि सम्झियौँ ।

गाल्बा भन्ज्याङ त्यतिबेला राता र ताता मानिसहरूको खचाखच उपस्थितिले फुलेल देखिन्थ्यो । माओवादी नेतादेखि कविहरूसम्मको उपस्थितिले गाल्बा भन्ज्याङ शक्तिशाली बनिरहेको थियो । सबै आफ्ना विधा र हैसियतअनुसार बेग्लाबेग्लै सेल्टरतिर लाग्यौँ भोलि बिहानै दोरम्बा र डाँडाकटेरी पुग्ने सपना मनभरि सजाउँदै । गाल्बाडाँडाकी कुमारी बहिनी, उहाँका ससाना दुईवटा छोरा दिनेश र कविन्द्र अनि उहाँकी नन्द उर्मिलाको हार्दिकतासहितको आतिथ्यमा हामी केही स्रष्टा र सञ्चारकर्मी




लुटपुटियौँ । जनताले क्रान्तिकारी आन्दोलनलाई कति धेरै माया गरेको छ भन्ने उनीहरूको यही माया र सद्भावले पनि दर्साउँथ्यो ।

साउन ३२ गते बिहान सिमसिम पानी परिरहेको थियो । काई र लेउ जमेको चिप्लो उकालो बाटो र प्रकृतिलाई चुनौती दिँदै हामी लाग्यौँ दोरम्बाका लागि ठाडो उकालो बाटो । कञ्चनको नेतृत्वमा अनिल, शोभा, ताम्सालिङ राज्य समितिका सहइन्चार्जसमेतको टोली हामीलाई पछि पारेर अघि लागिसकेको थियो । अग्लेश्वरीको उकालोमा स्वाँऽस्वाँऽ र फ्वाँऽफ्वाँऽऽ गर्दै स्रष्टा र सञ्चारकर्मीको समूह सबैभन्दा पछि घिस्रिरह्यो । झन्डै १५ किलो वजनको झोलामा बोझिलो शरीरलाई उकालोमा लतार्नुपर्दा कम्ती सास्ती भएन । भाइ सधुसूदन व्यङ्ग्य गर्दै हुनुहुन्थ्यो, 'यो हिँडाइले कसरी अर्को क्रान्ति हाँकिन्छ दाइ ?'

ठाडो उकालो, लेउ लागेको चिप्लो बाटो बल्ड्याङ खेल्दै हामी दोरम्बातिर ठडियौँ । आधा घन्टासम्म त हिँडाइको गति ठिकै थियो तर अग्लेश्वरीको उकालो अग्लिँदै गएपछि हिँडाइ क्रमशः मत्थर हुँदै गयो । पहाडमा हिँड्न बानी परेका अनुपलगायत साथीहरू उकालोमा पनि चितुवाले जस्तै लमकलमक पाइला चालिरहनुभएको थियो । समूहमा अलि मोटो मै थिएँ । म, एबीसीका क्यामेरा पर्सन योग शाक्य उकालो बाटोबाट अलि कम परिचितझैँ बन्दै गएका थियौँ । अग्रज शक्ति लम्साल दाइकी सुपुत्री प्रज्ञा र काभ्रेकी पत्रकार बहिनी अञ्जली केही समयसम्म आसलाग्दो ढङ्गले हिँड्दै थिए तर केही समयपछि उनीहरूको अवस्था हाम्रोभन्दा झनै बिग्रिएको देखियो ।

माथि उकालो चढ्दै गर्दा क्रमशः पिठ्युँमा भिरेको झोला गह्रौँ हुँदै गयो । अलि माथि पुगेपछि शरीरमा लगाएका कपडाहरू भारी हुँदै गए । हुँदाहुँदै कमरेडहरूले स्वागत गर्दा घाँटीमा पहिराइदिएका पचास-सय ग्राम वजनका खादाहरू पनि भारी हुँदै गए ।

सिमसिम पानी परिरहेको छ । शरीर ओत्न बोकेको पातलो प्लास्टिक पनि हाम्रो क्षमताभन्दा बढी भइसकेको छ हामीलाई । उकालो बाटो भिरालो हुँदै जान्छ । कथम्कदाचित् खुट्टा खुस्कियो भने कता लाम्टा कता चौटा हुने हो, कुनै पत्तो छैन । प्रत्येक पाइला माथितिर होइन, तल्तिर झर्न खोजिरहेछन् । एउटै मात्र विश्वास र आशा छ, दोरम्बा पुग्ने, डाँडाकटेरी गएर महान् सहिदको चिहानमाथि विद्रोहको आह्वान गर्दै क्रान्तिकारी कविता वाचन गर्ने र क्रान्तिको निरन्तरताको सन्देश प्रवाह गर्ने ।

कठै ! युद्धको समयमा रातिराति कसरी हिँडे होलान् कमरेडहरू दुस्मनका पाइला पछ्याउँदै ? साहस र हिम्मत भएपछि मान्छेलाई न उकालोले, न झरीबादलले, न हुरीबतास र चट्याङले, केहीले पनि रोक्न सक्दा रहेनछन् बाबै ! मुख्य कुरा त लक्ष्य रहेछ, सत्यप्रतिको निष्ठा र इमान रहेछ । त्यस्तो विकट बाटो, हिउँ र लेउको यात्रा पनि ठमठम हिँडेर लडे योद्धाहरूले अनि जितको मुखसम्म पुऱ्याए पहिरोजस्तो विकट युद्धलाई । जितको मुखमा पुगेको युद्धभित्र कुनै स्वार्थी कीरो सुटुक्क पसेको अनुभूति हुँदै गएको छ तर प्वाक्क मुख खोलेर बोल्न कोही सकिरहेको छैन भन्ने लागिरहेको छ हामीलाई किनकि त्यही कीराका जासुसहरु पनि छन् सहयात्री । त्यसैले सिर्जनाअभियानबाट धावा बोलिरहेका छौँ हामी डरपोकहरूका विरुद्ध, स्वार्थी र आत्मरक्षवादीहरूका विरुद्ध ।

सहिद परिवारका आँखा ओभाएका छैनन् । बलेका छैनन् जनताका रित्ता चुलाहरू । ढाकिएका छैनन् नाङ्गा आङ । तैपनि मनमनमा उकुसमुकस लिएर मुखले चाहिँ युद्ध जितिन लागेको छ भन्नुपरेको छ । साथीहरूलाई मार्ने, बेपत्ता पार्ने, अङ्गभङ्ग पार्नेहरू आफ्नै आँखाअघिल्तिर ठमठम फुली थपेर हिँडिरहेको देखेर पनि दुष्टहरू नासिए, सकिए र जित्यौँ भन्नुपरेको छ । यस्तो पचाइनसक्नु, सहिनसक्नु अवस्थाको अन्त्यका लागि अर्को विद्रोहको घोषणा गर्न हामी कष्टलाई पचाउँदै हिँडिरहेका छौँ विकट उकालो, चिप्लो र भिरपहारालाई पनि सजिलो मान्दै । हाम्रा साथीहरूले भीषण वर्गयुद्धका कहालीलाग्दा क्षणहरूमा मिर्गले जस्तै उफ्रिएर कटेको बाटो हामीलाई दिउँसै कट्न पनि यतिविघ्न गाह्रो परिरहेको छ । कति भीषण र कहालीलाग्दा दिन थिए ती बाबै, सम्झँदा पनि आङ जिरिङ्ग हुन्छ तर पनि काम गरेर खाने वर्गको मुक्ति भइसकेको छैन । त्यही अधुरो क्रान्तिलाई पूरा गर्ने बाचा बाँध्न नापिरहेका छौँ हामी कहालीलाग्दो भीरको बाटो, होसहवासै गुमाउने खालको कलेटी, लेउ र काई जमेको चिप्लो बाटो ...।

विकट पहाडी यात्रा छिचोल्दै पुग्छौँ हामी ऐतिहासिक स्थल दोरम्बा । ठिक्कसँग हिँड्ने हो भने त्यहाँबाट पनि डेढ घन्टा, ठ्याम्मै डेढ घन्टा लाग्छ डाँडाकटेरी पुग्न । हो, ऊः त्यही हो हाम्रा २१ जना क्रान्तिकारी नेता र कार्यकर्ताहरूलाई, सुन्दर र मुक्त संसारको सपना देखिरहेका सुन्दर मानिसलाई लाममा राखेर टाउकामा एसएलआर दागेर गिदी निकालिएको ठाउँ । केही मानिसको हत्या गर्दैमा क्रान्ति कहाँ सकिँदो रहेछ र ? हापुरेमा वार्ता भइरहेको समयमा वार्ताबाट भाग्न तत्कालीन शाही अमेरिकी सरकारले हरुवा गोरुको छेरुवा दाउ भनेजस्तै बैठक बस्दै गरेका साथीहरूको निर्मम हत्या गरेको थियो क्रूर बगरेले निर्ममतापूर्वक खसीको टाउको छिनालेजस्तै गरी, अमेरिकी साम्राज्यवादले इराक, अफगानिस्तान र संसारभर हत्याअभियान सञ्चालन गरेजस्तै गरी । तत्कालीन रामेछाप जनसरकार प्रमुख क. पुष्प, क. ललिका, स्रष्टा क. रक्तिमलगायत ७ जिल्लाका २१ जना क्रान्तिकारीको रातोतातो रगत पोखिएपछि वार्ता भङ्ग भएर फेरि युद्ध सुरु भएको, कहालीलाग्दो र बर्बर घटना थियो त्यो । तिनै सहिदका सपना साकार पार्ने प्रतिबद्धता व्यक्त गर्न जाँदै थियौँ हामी डाँडाकटेरी ।

सुरु भयो फेरि झरीका बीच दोरम्बाबाट हाम्रो डाँडाकटेरीयात्रा । दोरम्बामा स्थानीय साथीहरू दिउँसो हुने छैटौँ दोरम्बा हत्याकाण्ड स्मृति दिवसको तयारी गरिरहनुभएको थियो । चिप्लो उकालो बाटो पानीमा रुझ्दै हामी ती महान् सहिदका आँखामा नाचिरहेको सुन्दर नेपाल र मुक्त संसारका सपना नियालिरहेका थियौँ । त्यसैले हामीलाई चिप्लो बाटो र निरन्तरको झरीले पनि गलाउन सकेको थिएन । शरीर गले पनि मन पटक्कै गलेको थिएन । आस्था भन्ने कुरा पनि धेरै नै जब्बर हुँदो रहेछ बाबै ! त्यही जब्बर आस्थाका कारण दसौँ हजार वीरवीराङ्गनाले हाँसीहाँसी आफूलाई विस्फोट गराएका रहेछन्, धरतीमा रोपेका रहेछन् र सुन्दर संसार निर्माण थालेका रहेछन् ।

डाँडाकटेरीमा पुगेर हामीले गऱ्यौँ सहिदको चिहानमाथि उभिएर कविता र विचारको कासन । क्रान्तिकारी नेता र कार्यकर्ताहरू सहिद रक्तिमकी जीवनसङ्गिनी सभासद् दीपाको पीडाभित्रको आक्रोशसँग आक्रोश मिसाएर साथ दिइरहेका थिए । कञ्चन, अनिल, ललित, विश्व, पथिक, दिनेश, बुद्धिमान सबै बाचा बाँधिरहेका थिए सहिदका सपना पूरा गरेरै छाड्ने । हामीले पनि मार्क्सवादी साहित्य पतिष्ठान र रामेछाप साहित्य प्रतिष्ठानका तर्फबाट नयाँ विद्रोह अघि बढाउने वाचा बाँध्यौँ । डाँडाकटेरीमा क्रान्तिकारीहरू आक्रोशले थरथरी काँपिरहेको अनुभूति गऱ्यौँ हामीले । हामीले आँसुका ढिक्काहरूलाई फेरि फिस्फोटक डाइनामाइट बनाउने शपथ खायौँ सहिदका चिहानहरूलाई साक्षी राखेर, दह्रा हात मिलायौँ हामीले फेरि अर्को बलिदानीका लागि तयार छौँ र हाम्रो क्रान्तिकारी इमानदारीमा कत्ति खिया लागेको छैन भनेर । हामीले हाम्रा प्यारा साथीहरूका टाउका, छाती र शरीरभर गोली पड्काएको अवस्थाको स्मरण गऱ्यौँ र आत्मसमर्पण नगरी पेरिस कम्युनका कम्युनार्डले झैँ दुस्मनलाई ललकार्दै शौर्य, त्याग र बलिदानको बाटो रोजेको क्षण सम्झिँदै क्रान्ति पूरा गरेरै छोड्ने प्रतिबद्धता व्यक्त गऱ्यौँ । हामीले हाम्रा प्यारा साथीहरूका टाउकामा गोली पड्काएको, गिदी छरिएको, रगत बगेको र तिनका शरीर लापरबाहीपूर्वक फालिएको धरतीको माटो मुठीमा उठायौँ, सुँघ्यौँ, निधारमा लगायौँ र मुठी कस्यौँ ।

बाबै, कसरी सके होलान् ती आततायी, असत्ती जल्लादहरूले जनताका प्यारा छोराछोरीहरूलाई अनाहकमा निर्मम हत्या गरेर भीरबाट गुल्ट्याउन ! के यतिबेला ती आततायीहरूका सपना खराब बन्दै गएका छन् होला ? अबको विद्रोह र क्रान्तिले तिनलाई यसैगरी सम्मान गर्ला कि हाम्रा साथीहरूलाईझैँ भीरबाट गुल्ट्याउला ? हाम्रो मनमा यस्तै ज्वारभाटाहरू उठिरहे यात्राभर ।

हामी डाँडाकटेरीबाट बलियो विश्वास बोकेर फेरि दोरम्बातिर फर्कियौँ र त्यहाँ पनि सहिदका तस्बिर र सहिदका परिवारलाई राक्षी राखेर कविता र विचारबाट दुष्टहरूलाई ललकाऱ्यौँ । हत्याराहरू पानीमुनि गए पनि नबच्ने विश्वास दिलायौँ दोरम्बा र डाँडाकटेरीको भूमिलाई, लालभूमि रामेछापलाई । त्यसपछि हामी फेरि हृदयभरि दोरम्बाबासीको न्यानो माया सँगालेर त्यही झरी, बादल र विकट बाटो पछ्याउँदै सेल्टरमा फर्किन लाग्यौँ साँझको समयमा ।

रात पर्न लागिरहेको थियो । घनघोर वर्षा भइरहेको थियो । बिहानको अग्लेश्वरीको डरलाग्दो उकालो अहिले फेरि चिप्लो र भयङ्कर ओरालो भएर हामीलाई जिस्क्याइरहेको थियो । हामी क्रान्तिकारी विश्वासका साथ भौतिक शरीरलाई तृणबराबर नठानी चिप्लिँदै, लड्दै र ठोक्किँदै अर्को दिन पानीघाट बेथानमा क्रान्तिकारी कासन गर्ने शक्ति बटुल्दै गाल्बा झऱ्यौँ । स्थानीय कमरेड र रामेछाप मन्थलीका साथी विनोदले चिप्लो बाटोमा पाखुरा समाएर तातेताते गराएको क्षण कुनै युद्धमोर्चामा घाइते जनसैनिकलाई अर्को योद्धाले दिएको सहयोगभन्दा कुनै अर्थमा कम थिएन । दर्के पानीका बीचमा अत्यन्त विकट ओरालो छामछाम-छुमछुम गर्दै तीन घन्टासम्म घिस्रिएर हामीलाई गाल्बा र पानीघाटसम्म ल्याइपुऱ्याउने पनि त्यही क्रान्तिकारी आशावाद नै थियो र त्यहीँकै क्रान्तिकारी कमरेडहरू हुनुहुन्थ्यो हाम्रा पाखुरा समातेर ओरालो तातेतोते गराउने पनि । ओरालो, भिरालो, चिप्लोमा कति लडियो, कतिका हातखुट्टा मर्किए, कति जुकाले टोके, त्यसको कुनै हिसाब थिएन । काठमाडौँ खाल्टो नछोडेका क्यामेरा पर्सन खाँट्टी नेवार साथी योग भन्दै हुनुहुन्थ्यो, 'चौढपल्ट लरेँ डाइ । नेपाल आमालाई हृदय र शरीरले नै आलिङ्गन गर्न पाएँ ।' कहिल्यै भीरपहरा नटेकेको पाटनको नेवार परिवारको योगलाई पनि त्यही क्रान्तिकारी आशावादले नै भीरमा चिप्लिने साहस भरिरहेको थियो ।

हामी भोलिपल्ट बिहान फेरि चिप्लो र विकट ओरालो झऱ्यौँ बेथानतिर र सुरो मुटु बनाएर हामीले खरको चर्चुरे समाउँदै अत्यन्त डरलाग्दा पहरा छिचोल्यौँ । कञ्चन, अनिल, ललित, दीपालगायत साथीहरू पनि सँगसँगै हुनुहुन्थ्यो कहीँ पहरो छल्दै र कहीँ बाढी तर्दै ।

बेथान पानीघाटमा पुगेर हामीले तीफदिले बलिदान गरेको भूमिमा अझ उच्चस्तरको वाचा बाँध्यौँ– जसरी तीफदिले आफूलाई बलिदान गरेर क्रान्तिको रातो झन्डा जोगाए, हामी पनि अर्को विद्रोह र क्रान्तिमा त्यो झन्डालाई सगरमाथाको शिखरमा गाड्नेछौँ र संसारकै प्रतिक्रियावादीहरूलाई चुनौती दिएर सर्वहारा वर्गको सत्ता स्थापना गरिछाड्नेछौँ । पानीघाटमा पनि हामीले तीफदिको चिहान उधिन्यौँ र मुठीभरि माटो बोकेर फेरि अर्को यात्रामा लाग्यौँ । अभियानमा संलग्न पार्टीनेतृत्वसमेतको सहमति र सल्लाहमा हामीले रामेछाप साहित्य प्रतिष्ठानले २०६३ सालमा आरम्भ गरी मार्क्सवादी साहित्य प्रतिष्ठानले अघि बढाएर एक सयौँ शृङ्खलासम्म पुऱ्याएको जनगणतन्त्र र राष्ट्रियताका लागि सिर्जनाअभियानकै शृङ्खलामा गाभ्दै डाँडाकटेरीको कविगोष्ठीलाई एक सय एकऔँ, दोरम्बाको गोष्ठीलाई एक सय दुईऔँ र बेथान पानीघाटको कविगोष्ठी र कासनलाई एक सय तीनऔँ शृङ्खलाका रूपमा स्थापित गर्ने निर्णय गऱ्यौँ । मेरो प्रस्तावलाई कञ्चन, अनिल, शोभालगायत पचासौँ स्रष्टा र राजनीतिकर्मीले सहजै समर्थन गर्नुभयो । हाम्रो अभियानले बेथान र दोरम्बामा पनि विद्रोहको रातो झन्डा गाड्ने अवसर पायो र त्यो पनि सयौँ पार्टीनेता, कार्यकर्ता, सहिद परिवार र स्थानीय जनसमुदायको उपस्थितिमा ।

यसरी हामीले तीन दिनको कठिन तर अत्यन्त रोचक बेथान-दोरम्बा यात्रा पूरा गऱ्यौँ । यो यात्राको समाप्ति थिएन, अर्को कठिन यात्राको आरम्भ थियो । हाम्रो यो यात्रा नेपालमा शिथिल वर्गयुद्धलाई नयाँ उचाइ दिँदै विजयसम्म पुऱ्याउने प्रतिबद्धता थियो ।

(स्रोत : राष्ट्रियता र जनगणतन्त्रका लागि सिर्जनाअभियान र दोरम्बा हत्याकाण्ड : मुक्तिका लागि बलिदान २०६६ )

---

## कविता

सहिद सिर्जना

# एक बिहान मसँग



• प्रदीप दोङ 'रक्तिम'

चिसोचिसो समीरका नानीहरूसँगै
पहाड फोरी मैदान बनाएका
राता, उत्साववर्द्धक कोसेली बोकेर
मेरी जलजला बहिनी
माइती घरको दैलो टेक्न आइपुगिन्
एक बिहान मसँग ।
खोरियाहरू फोरी खेत बनाइरहेका
काँडाघारीहरू फोडी पथ बनाइरहेका
निहत्था प्राणीहरूको हत्यासँग भोक मेटाइरहेका
भुसतिघ्रे चितुवा र भालुहरू
झुसिलो डकारसँगै
भोको बिरालोले मुसा खेलाएझैँ खेलाएर
सुतेरै अवसानका घण्टी बजाएका
जोशवर्द्धक खुसीका राता कोसेली बोकेर
मेरी सिस्ने दिदीसँग
जोडी बन्दै
माइतीघरको दैलो टेक्न आइपुगिन् ।
एक बिहान मसँग
सपना-विपनाको दोसाँधमा
काँडाहरूलाई झुक्याएर
इतिहासलाई बाटो देखाउन आएका फूलहरू
काँडाहरूलाई झुक्याएर
इतिहासलाई बाटो देखाउन आएका फूलहरू
काँडाहरूलाई प्रलयको धमाका दिएर
कालिमाको साम्राज्यभित्र ज्योतिपुञ्ज लिएर
निस्किइन्
र बन्धनका सिक्रीहरू चुँडालेर आजाद भै बाँच्न
संसार बनाउन निस्किइन्
र आस्थाका अनुपम फूलहरू
हतारहतार उमङ्गका गाथाहरू सुनाउँदै
त्यो गोरखाली कान्छा
एक बिहान मसँग
तीन तारा तीफदि आदर्श क्रान्तिसँगै
सगरमाथाको आदर्शसँगै
मातृभूमिको आँसु बोकेर
स्वाभिमानका तपस्वी फूलहरू
जोडाथाङका सारणीहरू भेट्ने
अभिलाशामा
खोकु-छिन्ताङसँगै बेथानलाई साथ लिएर
पहाड भत्काउने र खेत बनाउने
चट्टान फोरेर बाटो बनाउने
जोसिला प्रयत्नका कदम चालिरहेका खबर
इतिहास निर्माणको नवीन चालसँगै
सगरमाथा चढ्ने अठोट
सङ्कल्पहरू मौलाएका खबर
पारिवारिक हाल सोध्नै नपाई
जोशका ओजिला भाकासँगै
सुनाइहालिन् मेरी ललिमा बहिनीले
एक बिहान मसँग ।

*(स्रष्टा रक्तिमको दोरम्बा हत्याकाण्डमा बलिदान भएको हो ।)*

## क्रान्तिकारी पार्टीहरूबीच ...

संशोधनवादीहरूबीच चुनावी मोर्चा र गठबन्धन बनिरहेको र त्यही गठबन्धनको उन्मादले तीनबुँदे सहमति कार्यान्वयन गर्नुको सट्टा उल्टै पार्टी नेताहरूलाई पक्राउ पुर्जी जारी गरिरहेको समयमा क्रान्तिकारी पार्टी र शक्तिहरूबीचको एकता र ध्रुवीकरण प्रक्रियाले नेपालमा अधुरो रहेको जनवादी क्रान्तिसहितको वैज्ञानिक समाजवादी क्रान्ति सम्पन्न गर्न र दलाल पुँजीवादी सत्ता नष्ट गर्न ठूलो सघाउ पुग्ने विश्लेषण गरिएको छ । यो एकता र ध्रुवीकरण अभियान तीव्र बन्दै जाँदा अन्य कम्युनिस्ट क्रान्तिकारी पार्टी र समूहबीच पनि एकताको वातावरण बन्दै जाने र क्रान्तिकारी आन्दोलन तीव्र बन्ने संश्लेषण पनि गरिएको छ ।

## सरकार फासिवादी बन्दै : ...

हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ । सहमतिका बुँदाहरूलाई कार्यान्वयन गर्न सरकारले खासै चासो देखाएको छैन । सरकारको यस्तो क्रियाकलापबाट सरकार भनै फासिवादी बन्दै गएको प्रतित हुन्छ ।'

विज्ञप्तिमा अगाडि भनिएको छ, 'सरकारले तत्कालै उक्त ३ बुँदे सहमति कार्यान्वयन गर्न, सबै नेता/कार्यकर्तामाथि लगाइएका सबै मुद्दा खारेज गर्न र बन्दीहरूलाई तत्काल रिहा गर्न तपसिलका ५ पार्टी र १ मोर्चा जोडदार माग गर्दछौँ ।'

## भ्रष्टहरूमाथि जन...

छ । यसै सन्दर्भमा बाँके जिल्लाको कोहलपुर नगरपालिका वडा नं. ११ स्थित कोहलपुर बृहत् सहरी खानेपानी उपभोक्ता संस्थामा विगत केही समययता उपभोक्ताहरूबाट त्यहाँ भइरहेको अनयिमितता खबरदारी गर्दा पनि उक्त हर्कत नसच्याएको र उल्टै सोही संस्थाका अध्यक्ष नरबहादुर मल्लले धम्की दिने गरेका थिए । साथै संस्थामा थुप्रैखाले अनियमितता भएकाले चेतावनीस्वरूप हाम्रो सङ्गठनले कालोमोसो दली साङ्केतिक कारबाही गरेको छ ।'

मल्लमाथि कारबाही गर्नुपर्नाका कारण यसप्रकार उल्लेख गरिएको छ :

१. गतवर्ष नै साधारणसभा गरी नयाँ कार्यसमिति चयन गरी संस्थाको नियमित कार्य सञ्चालन गर्नुपर्नेमा पुरानै समितिलाई निरन्तरता दिई संस्थाको विधानविपरीत अवैधानिक ढङ्गले कार्यसमिति चलाएकाले

२. नगरका विभिन्न ठाउँमा खानेपानी पाइपहरू बिछ्याउँदा तथा मर्मतसम्भार गर्दा व्यापक रूपमा आर्थिक अनमियतता रहेको जनगुनासो आएकाले

३. नगरका विभिन्न वडा : जस्तै ६, १० र ११ नम्बरलगायत वडामा महिनौँसम्म पानी नदिएको, बिल भने नियमित असुलेको उपभोक्ताले गुनासो राख्दा उल्टै धम्क्याउने जनगुनासो आएकाले

४. फोनमार्फत विभिन्न जानकारी तथा गुनासो राख्दा फोनमा कुरा गर्न नमान्ने, नम्बर चिनेपछि फोन रिसिभ नगर्ने, आमनगरबासीको गुनासो राख्न पाउने र सूचना प्राप्त गर्न पाउने हकबाट जनतालाई वञ्चित गरेकाले ।

५. राजनीतिक पहुँचका भरमा अवैधानिक कार्य गर्ने सामाजिक अपराध गर्ने व्यक्तिलाई संरक्षण गरेकाले

६. सांस्कृतिक रूपमा विचलन, आर्थिक रूपमा अराजक, सामाजिक रूपमा बहिष्कृत भएकाले ।

## अनियमितता अन्त्य गर्न ...

लुटपाट हुने गरेको पनि स्मरण गराइएको छ ।

त्यसैगरी भरतपुर अस्पतालमा भइरहेका अनियमितता उल्लेख गर्दै मागपत्रमा अस्पतालका काम, कर्तव्य र अधिकारप्रति ध्यानाकर्षण गराइएको छ ।

युवा जनस्वयम्सेवक नेपाल चितवनले भरतपुर अस्पताल प्रशासनलाई दिएको दसबुँदे मागपत्र यसप्रकार रहेको छ :

१. भरतपुर अस्पतालभित्र रहेका सम्पूर्ण स्वास्थ्यसँग सम्बन्धित मेसिनहरू नियमित सञ्चालन हुनुपर्ने ।

२. अस्पतालभित्र भएका बिचौलिया र ठेकेदार प्रथा तुरुन्त खारेज गर्नुपर्ने ।

३. अस्पताल मातहतका चिकित्सकहरू र कर्मचारीहरू अस्पताल समयभित्र आफ्नो कार्यकक्षमा पोसाकमा अनिवार्य उपस्थित हुनुपर्ने ।

४. अशक्त तथा ज्येष्ठ नागरिकहरूलाई छुट्टै उपचारको व्यवस्था गर्नुपर्ने ।

५. आर्थिक रूपमा विपन्न, सहिद परिवार, बेपत्ता परिवार र जनआन्दोलनलगायत सम्पूर्ण घाइतेलाई निःशुल्क उपचार गर्नुपर्ने ।

६. भरतपुर अस्पतालमा कार्यरत सम्पूर्ण चिकित्सक आफ्नो अस्पतालको समयमा निजी र अन्य अस्पतालमा जान पूर्ण रोक लगाउनुपर्ने ।

७. अस्पतालको विकासका नाममा भएको ठेकेदारी प्रथाको तुरुन्त अन्त्य गर्नुपर्ने ।

८. मेसु र अस्पताल विकासका अध्यक्षको निजी अस्पताल भएकाले तत्काल पदबाट राजीनामा दिनुपर्ने ।

९. विभिन्न खरिदप्रक्रियामा भएको अनियमितता सार्वजनिक गर्नुपर्ने ।

१०. एनआईसीयू, ऋात क्अबल, एक्सरेलगायत मेसिनको नियमित चाँज गरी बिरामीलाई छिटो/छरितो सुविधा दिनुपर्ने ।

उल्लिखित मागहरू यस भरतपुर अस्पतालको विकास र आमजनतासँग जोडिएकाले आजका मितिबाट १५ दिनभित्र यथाशीघ्र कार्यान्वयन नगरिएमा हाम्रो सङ्गठन युवा जनस्वयम्सेवक नेपाल चितवनले सङ्घर्षका रूपमा लैजाने यसै मागपत्रमार्फत जानकारी गराउँछौँ ।

## प्रबुद्ध व्यक्तित्वहरूबाट ...

तथा अराजनीतिक निर्णय हुनु लज्जाजनक कार्य भन्दै उनले क्रान्तिकारी शक्तिहरूलाई एकढिक्का भएर भ्रष्ट, दलाल पुँजीवादी सत्ताविरुद्ध क्रान्तिकारी आन्दोलन जारी राख्न सुझाव दिए । कम्युनिस्ट पार्टीहरूमा समेत चरम भ्रष्टीकरण बढ्नु, अवसरवादले क्रान्तिकारी आन्दोलनमाथि धावा बोल्नु र निरन्तर पार्टीहरू टुटफुट र विभाजन हुनुले नफेरिएको राज्यसत्ताका कतिपय अङ्गहरूलाई दमन र षड्यन्त्रका लागि दुष्प्रेरित गरेको अधिवक्ता कँडेलले बताए ।

कँडेलले भने, 'भ्रष्टाचार र दलालीमा टिकेको यो प्रणाली नै बेठीक छ । यसलाई नबदलेसम्म क्रान्तिकारी शक्तिमाथि यसप्रकारका दमनका शृङ्खला चलिरहन्छन् ।' उनले एउटा ठूलो क्रान्तिको ज्वारभाटाको सम्भावना र सङ्केत देखिएको




भन्दै सम्पूर्ण क्रान्तिकारीहरूलाई ध्रुवीकरण गर्दै त्यसको नेतृत्व गर्न नेकपा (बहुमत) लाई सुझाव पनि दिए । उनले केपी वली नै भ्रष्ट र झेली रहेको भन्दै उनीसँग भएको सहमतिको विश्वसनीतामाथि प्रश्न उठाए ।

नेकपा (माओवादी केन्द्र) रामेछापका उपाध्यक्ष दीपकराज प्रसाईंले क्रान्तिकारी आन्दोलन खिचडी बन्दा देश, जनता र सहिद परिवारको अवस्था निरन्तर खस्किइरहेको बताए । नेकपा (बहुमत) का नेताहरूमाथि पक्राउ पुर्जी जारी हुनुमा आसन्न प्रदेश र सङ्घको निर्वाचनलाई प्रभावित बनाउने मनसाय लुकेको आशङ्का प्रकट गर्दै प्रसाईंले नेकपा (बहुमत) लाई आगोको झिल्कोसँग तुलना गरे । उनले सानै भए पनि आगोको झिल्कोले डढेलो लगाउन सक्ने कुरा सरकारले अनुमान नगरेको धारणा राखे ।

सरकारले यसरी दमनको भाषा र व्यवहार गर्दै जाने हो भने यही शक्ति ठूलो बनेर सरकार र सत्तालाई ठूलो चुनौती दिनसक्ने भन्दै माओवादी केन्द्रका नेता प्रसाईंले टाउकाको मोल तोक्ने र तोकिमाग्नेहरूको गठबन्धन रहेको सरकारमा कतिबेला यसप्रकारका बेमौसमका बाजाहरू बजाइन्छन् भन्ने कुनै टुङ्गो नरहेको धारणा राखे । दमनले प्रतिरोध र विद्रोह जन्माउने र त्यसले विस्फोट निम्त्याउने भन्दै उनले सबै पार्टीले स्थानीय स्तरदेखि केन्द्रसम्म नै सरकारलाई यसप्रकारका दमनकारी निर्णय अविलम्ब फिर्ता लिन सुझाव र सल्लाह दिनुपर्ने बताए । एमसीसी, एसपीपीलगायत देशका हितविरोधी गतिविधिले मुलुकमा अस्थिरता निम्त्याइरहेको समयमा शान्तिपर्सूर्ण गतिविधि गरिरहेको पार्टीका नेतामाथि सहमतिविपरीत पक्राउ पुर्जी जारी गरेर देशलाई थप अस्थिर बनाउनु र समाजमा द्वन्द्व निम्त्याउनु नहुने उनले प्रस्ट पारे । केपी वली प्रवृत्तिकै कारण कम्युनिस्ट पार्टीहरूमा टुट, फुट र विभाजनको बीज रोपिएको भन्दै उनले सरकारले नेकपा (बहुमत) का नेताहरूलाई वार्तामा बोलाउनुपर्ने र दुवै पक्षल संयम अपनाउनुपर्ने पनि बताए ।

नेपाल पत्रकार महासङ्घ रामेछापका अध्यक्ष बद्री नयाँघरेले सरकारले नेकपा (बहुमत) लगायत पार्टी नेतामाथि पक्राउ पुर्जी जारी गर्नु मानवअधिकार र कानुनको समेत उल्लङ्घन रहेकाले अविलम्ब यसलाई फिर्ता लिनुपर्ने धारणा राखे । पक्राउ पुर्जी जारी गरिएको विरोधमा सञ्चालित अभियानमा पत्रकार महासङ्घको पनि ऐक्यबद्धता रहेको बताउँदै अध्यक्ष नयाँघरेले सत्ता, सरकार, नेता सबै माफियाको चङ्गुलमा फसेर देशलाई बरबाद पारिरहेकाले सहमति र निर्णयविपरीत यसप्रकारका बहुलट्ठीपूर्ण निर्णयहरू सार्वजनिक हुँदा नागरिक समाजसमेत चिन्तित बनेको प्रस्ट पारे ।

सत्तासीनहरूका खराब गतिविधिका कारण समाजमा पुराना शक्तिहरूप्रति आकर्षण बढेको देखिनु र स्थापित भनिएका नेताहरूप्रति आक्रोश र युवा शक्तिको माग बढ्दै जानुले समाजले खोजेको परिवर्तन पूरा नभएको सङ्केत गरेको उनको भनाइ थियो । 'संसद्वादी पार्टीहरूले पानीको मुहान नै दूषित बनाए र नक्कली परिवर्तन देखाए । जनताको जीवनमा कुनै पनि परिवर्तन आएको छैन । यसले नयाँ परिवर्तनको माग गरेको छ', नयाँघरेले भने ।

पत्रकार एवम् अधिवक्ता सौजन्यप्रसाद सत्यालले सत्ता बदल्न बल प्रयोगको बाटो समातेर हिँडिरहेको पार्टीसँग शान्तिप्रक्रियामा आउनका लागि गरिएको सहमति राम्रो रहे पनि एउटा सरकारले गरेको सहमति अर्को सरकारले पालना नगर्नु, फेरि सहमति उल्ट्याउँदै पक्राउ पुर्जी जारी गर्नु दुःखद् रहेको बताए । शान्ति र प्रगतिका लागि वर्तमान सरकारले अघिल्लो सरकारका निर्णयलाई लागू गर्नुपर्ने र त्यसलाई पालना गरेर जिम्मेवार बन्नुपर्ने सत्यालको भनाइ थियो । उनले भने, 'शान्तिपूर्ण राजनीति गरिरहेको पार्टीका नेता-कार्यकर्तामाथि सहमतिविपरीत पक्राउ पुर्जी जारी गर्नु मनासिब भएन । आज सानो शक्ति ठानेर हेप्दा भोलि यही ठूलो बन्छ र आज गलत निर्णय गर्नेहरूलाई पत्तासाफ पार्छ ।'

राज्यको आदेशबिना न्यायालयले यस्तो कामै गर्न नसक्ने धारणा राख्दै पत्रकार एवम् अधिवक्ता सत्यालले भने, 'अभिभावक भनिएको सरकारकै विश्वास गर्न नसकिने भएपछि दबाबपूर्ण आन्दोलन अघि बढाउनुको विकल्प छैन । त्यसमा सञ्चार र कानुनको क्षेत्रबाट हाम्रो पूर्ण साथ र सहयोग रहनेछ ।'

मानवअधिकार प्रतिष्ठान रामेछापका हरिशरण सुवेदीले राज्यका गलत नीति, निर्णय र कार्यका विरुद्ध देशभरबाट दबाब दिनु आवश्यक रहेको बताए । अल्पमतमा रहेको नेपाली काङ्ग्रेसलाई हारगुहार गरेर प्रचण्डले प्रधानमन्त्री बनाउनुको परिणाम यो सरकारले हिजोको सहमति कुल्चिँदै यस्तो गैरमानवीय र गैरराजनीतिक निर्णय गरेको भन्दै सुवेदीले हिजो युद्धमा रहेको माओवादीलाई यस्तै सहमति र वार्ताले विश्वासमा ल्याएझैँ यो सरकारले पनि अविलम्ब पक्राउ पुर्जी फिर्ता लिई सहमति पालना गर्नुपर्ने धारणा राखे ।

राप्रपा नेपाल रामेछापका अध्यक्ष रामचन्द्र कँडेलले वार्ता र सहमतिले राष्ट्रलाई अनिर्णयको बन्दी बन्नबाट मुक्त गरेको तर फेरि पक्राउ पुर्जी जारी गरेर सरकारले हिंसा र द्वन्द्वलाई प्रोत्साहित गरेको बताए । हिजो विद्रोह गर्ने केपी वलीदेखि पुष्पकमल दाहालसम्म सबैका राजनीतिक मुद्दा फिर्ता लिइएको अवस्थामा नेकपा (बहुमत) का नेतामाथि फेरि सहमतिविपरीत पक्राउ पुर्जी जारी गरेर सरकारले अलोकतान्त्रिक गतिविधि देखाएको भन्दै कँडेलले अविलम्ब निर्णय फिर्ता नलिइए विद्रोह सुरु हुनसक्ने र शक्ति उन्मादले उम्लिएको सरकार पतन हुने धारणा राखे ।

कार्यक्रममा पत्रकारहरू रमेश ढुङ्गेल, सन्तोष ढुङ्गेल, अनिता थापामागर, देवी खड्कालगायतले आआफ्नो प्रतिक्रिया दिएका थिए ।

कार्यक्रमको आरम्भमा अन्तरक्रियाको विषय प्रस्तुत गर्दै नेकपा (बहुमत) केन्द्रीय प्रचार, पसार तथा प्रकाशन ब्युरोका संयोजक अशोक सुवेदीले विद्यमान सरकार र सत्ता दुवै राष्ट्रियता, जनतन्त्र र जनजीविकाका विरुद्ध भएकाले सहमति कार्यान्वयनमा अरुचि देखाएको प्रस्ट रहेको बताए । तीनबुँदे सहमतिका बुँदाहरू प्रस्तुत गर्दै उनले सहमतिको एउटा पक्ष रहेको नेकपा (बहुमत) ले सहमति कार्यान्वयनका लागि दबाब दिँदै र वातावरण बनाउँदै निरन्तर प्रधानमन्त्री, गृहमन्त्री, सत्ता गठबन्धनका नेताहरूसँग छलफल गरेको तर सरकारले अनायासै नेताहरूमाथि पक्राउ पुर्जी जारी गरेर अशान्ति र मुठभेट आह्वान गरेको धारणा राखे ।

तत्कालीन सरकारले प्रतिबन्ध लगाउँदाको समयमा देशमा व्याप्त भ्रष्टाचार, महँगी, बेथिति, राष्ट्रघात, कुशासनको सूची प्रस्तुत गर्दै सुवेदीले देश र जनताका पक्षमा काम गर्न नसक्ने सत्ताका विरुद्ध जहिले पनि विद्रोह हुने र त्यो अधिकार जनतालाई सधैँ सुरक्षित रहने प्रस्ट पारे । तीनबुँदे सहमतिपत्रमा विद्यमान दलाल संसदीय व्यवस्था स्वीकार्ने कुनै पनि विषय उल्लेख नरहेको अवस्थामा पनि विद्रोही पक्षले सहमति कार्यान्वयन गर भन्दै धर्ना, जुलुस, ज्ञापनपत्र दिँदादिँदै यसप्रकारका फासिवादी निर्णय सार्वजनिक हुनुले सरकारका यस्ता गतिविधिले देशलाई आमूल परिवर्तनको बाटोतर्फ अग्रसर गराउने ढोका खोल्न प्रोत्साहित गर्ने धारणा पनि उनले राखे ।

अन्तरक्रियामा उठेका विषयहरूको जबाफ दिँदै नेकपा (बहुमत) रामेछापका इन्चार्ज तथा पार्टीको नवौँ महाधिवेशन आयोजक समितिका सदस्य अग्रीमले सरकारलाई प्रश्न गरे, 'भ्रष्टाचारीमाथि खबरदारी गर्दा प्रतिबन्ध लगाउनु जायज थियो ? देशको राजस्व मार्ने एनसेलमाथि कारबाही गर्नु गलत थियो ? सहमति मान्दामान्दै सरकारले समति भंङ्ग गरेर पक्राउ पुर्जी जारी गरेको छ । हामी यो विषय लिएर जनताको घरघरमा जान्छौँ ।'

सरकारको निर्णय समाजमा फेरि अशान्ति र द्वन्द्व भड्काएर दलाल, अराजक पुँजीवादी व्यवस्था लाद्ने योजना र षड्यन्त्र रहेको प्रस्ट पार्दै इन्चार्ज अग्रीमले देशभक्त र क्रान्तिकारी एक भएर नलड्दासम्म राष्ट्रियता, जनतन्त्र र जनजीविकाको रक्षा र सुनिश्चितता सम्भव नभएकाले एक भएर आन्दोलनमा अघि बढ्न सबैलाई आह्वान पनि गरे ।

हिजो क्रान्ति र आन्दोलनको नेतृत्व गरेका प्रचण्ड, विप्लवलगायत नेताहरू देश र जनताको मुक्तिको आन्दोलनबाट भागेर यही सत्तालाई स्वीकार्न पुगेकाले विद्रोह र विभाजन अनिवार्य बनेको भन्दै उनले एमाले-माके, काङ्ग्रेस-राप्रापा वा मधेसवादीहरू सत्ता भागबन्डामा कुरा नमिलेर विभाजन भएको दृष्टान्त क्रान्तिकारीहरूमा लागू नहुने प्रस्ट पारे । क्रान्तिकारी शक्तिहरू ध्रुवीकरण हुने अभियान सुरु भएकाले छिट्टै नै आन्दोलनले नयाँ उचाइ लिने उनको विश्वास थियो । सरकारले तीनबुँदे सहमति पालना नगरेर यस्तै गलत निर्णयहरू गर्दै गयो भने यो पनि राजतन्त्रजस्तै इतिहासको विषय हुने उने बताए ।

कार्यक्रमको सञ्चालन नेकपा (बहुमत) रामेछापका संयोजक उजिरले गरेका थिए भने सहभागीहरूलाई नेकपा (बहुमत) रामेछापकी जिल्ला सदस्य एवम् अखिल नेपाल महिला सङ्घ क्रान्तिकारीकी रामेछाप जिल्ला अध्यक्ष सीता गौतमले स्वागत गरेकी थिइन् ।

## त्रिवि उपकुलपतिलाई ...

राष्ट्रियता, जनतन्त्र र जनजीविकाका पक्षमा निरन्तर अग्रमोर्चामा रही सङ्घर्ष गरिरहेको विषय सर्वविदितै छ । पछिल्लो समय खोज, अध्ययन र अनुसन्धानको केन्द्र बन्नुपर्ने नेपालको पहिलो र ठूलो त्रिभुवन विश्वविद्यालय राजनीतिक भागबण्डाको चक्रब्यूहमा फसेर दिनप्रतिदिन धराशयी बन्दै गइरहेको छ । वार्षिक कार्यतालिकाअनुसार व्यवस्थित पठनपाठन, परीक्षा र परीक्षाफल प्रकाशित नहुनु, वरिष्ठता, योग्यता र क्षमताका आधारमा नभई राजनीतिक दलका कार्यकर्ता भर्ती गरिनु, सङ्गठनको आवरणमा हुने गुण्डागर्दी, कमिसनको खेलमा भइरहेको त्रिभुवन विश्वविद्यालयको जग्गा अतिक्रमण र दुरूपयोग, आर्थिक चलखेलमा हुबहु प्रश्नपत्र दोहोरिने र सम्बन्धन दिनेलगायत घटनाहरूले त्रिभुवन विश्वविद्यालयको शैक्षिक गुणस्तर र विश्वसनीयता खस्कँदो छ । उल्लिखित समस्याहरूले बर्बादीको दिशामा गइरहेको त्रिभुवन विश्वविद्यालयको समग्र परिस्थितिलाई सुधार गर्न हाम्रो सङ्गठन त्रिभुवन विश्वविद्यालयलाई निम्नअनुसारका मागहरू पेस गर्दछ :

१) केन्द्रीय क्याम्पसलगायत त्रिविका सबै आङ्गिक क्याम्पसहरूको पठनपाठन नियमित र व्यवस्थित गरी वार्षिक कार्यतालिकाअनुसार परीक्षा र परीक्षाफल प्रकाशित गरियोस् ।

२) त्रिविलाई राजनीतिक दलको अखडा बनाइएको छ । वरिष्ठता, योग्यता र क्षमताका आधारमा आवश्यक दरबन्दी पूर्ति गर्नुको साटो दलका कार्यकर्ता भर्ती गर्ने र स्थायी गर्ने प्रवृत्तिले त्रिवि धराशयी बन्दै गइरहेको छ । तत्काल आंशिकलाई करार र करारलाई स्थायी गर्ने चक्र बन्द गरी सेवा आयोगमार्फत दरबन्दी परि पूर्ति गरियोस् ।

३) त्रिविमा लामो समयसम्म भइरहने तालाबन्दी र हडतालले शैक्षिक वातावरण खल्बलिएको छ । विद्यार्थीका जायज मागहरू तत्काल सम्बोधन गर्ने संयन्त्र खडा गरी विश्वविद्यालय सधैँ खुला गरियोस् ।

४) त्रिविको जग्गा भूमाफियाहरूको साँठगाँठमा अतिक्रमण र भाडामा दिने नाममा व्यापक दुरूपयोग भइरहेको छ । तत्काल भाडा सम्झौता खारेज गरी सार्वजनिक सम्पत्तिको संरक्षण गरियोस् । साथै त्रिविको केन्द्रीय क्याम्पसमा भइरहेको गौचरन र डम्पिङसाइट तत्काल बन्द गरियोस् ।

५) त्रिविअन्तर्गतका सबै क्याम्पसहरूमा दिइने छात्रवृत्ति प्रतिशत वृद्धि गरी छात्रवृत्ति पारदर्शी ढङ्गले लक्षित वर्गलाई उपलब्ध गराइयोस् ।

६) पछिल्लो समय त्रिविमा सङ्गठनको आवरणमा अनैतिक र आपराधिक गतिविधिहरू भइरहेका छन् । बेलाबेला दिइने धम्की र प्रेम चलाउनेमाथि भएको साङ्घातिक हमला यसका ज्वलन्त उदाहरण हुन् । आपराधिक गतिविधिलाई निरुत्साहित गर्दै शान्त तथा भयरहित वातावरणमा अध्ययन, अध्यापन गर्ने वातावरण सिर्जना गरियोस् ।

७) त्रिविका सबै आङ्गिक क्याम्पसहरूमा पुस्तकालय थप व्यवस्थित गरी लाइब्रेरीको व्यवस्था गरियोस् ।

८) त्रिविका सबै आङ्गिक क्याम्पसहरूमा कार्यतालिकाअनुसार स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) को निर्वाचन गरियोस् ।

९) विद्यार्थीको चाप धेरै भएका कार्यक्रमहरू आर्थिक प्रलोभनमा परी निजी कलेजलाई सम्बन्धन दिने कार्य तत्काल बन्द गरी त्रिविका आङ्गिक क्याम्पसहरूमा विद्यार्थीको चाप र आवश्यकता भएका कार्यक्रमहरू सञ्चालन गरियोस् ।

१०) त्रिविका आङ्गिक क्याम्पसहरूमा मापदण्डविपरीत गरिने भौतिक निर्माणहरू कडाइपूर्वक नियन्त्रण गरी उपयुक्त खेलमैदान र खेल सामग्रीको व्यवस्था गरियोस् ।

११) पछिल्लो समय नेपाली भाषामाथि निरन्तर अतिक्रमण भइरहेको छ । नेपाली भाषाको रक्षा र विद्यार्थीहरूको असहजतालाई ध्यान दिँदै त्रिविका सबै क्याम्पसहरूमा तयार गरिने प्रश्नपत्रहरू नेपाली र अङ्ग्रेजी दुवै भाषामा तयार गरियोस् ।

उल्लिखित मागहरू एक महिनाभित्र सम्बोधन नगरिए सङ्गठन थप सङ्घर्ष गर्न बाध्य हुनेछ ।

## राज्यसम्पत्तिको दोहन बन्द...

सङ्घर्ष अगाडि बढाउन खोजिरहेको भन्दै युवा जनस्वयम्सेवक नेपालले यसको नियन्त्रण र निरूपण सम्बन्धित निकायले नै गर्नुपर्ने बताएको छ ।

युवा जनस्वयम्सेवक नेपालका केन्द्रीय सदस्य तथा रुकुम संयोजक शिव रसाइलीले मङ्गलबार मागपत्र पेस गर्दै जिल्लामा सञ्चालित लघुवित्तीय संस्थाले मनपरी ब्याज असुल गरिरहेकाले लघुवित्तीय संस्थाको ब्याजलाई वैज्ञानिक र वस्तुवादी तवरले निर्धारण गरी कार्यान्वयन गर्न माग गरेका छन् । मिटरब्याजमार्फत केही सीमित व्यापारीहरूले चरम आर्थिक शोषण गरिरहेको गुनासो आइरहेकाले अनुसन्धान गरी कारबाही गर्नुपर्ने मागपत्रमा उल्लेख छ । यस्तै जिल्लामा लागूपदार्थ उत्पादन, बिक्रीवितरण र प्रयोगको अवस्था असामान्य रहेको भन्दै यसको रोकथाम र न्यूनीकरणमा जोड दिन माग गरिएको छ ।

जिल्ला प्रशासनलाई बुझाइएको उक्त मागपत्रमा असारे विकासका नाममा चरम भ्रष्टाचार, अनियमितता र घुसपैठ हुँदै आएकाले असार मसान्तमा भुक्तानी भएका सबै आयोजनाहरूको अनुगमन र अनुसन्धान गर्नुपर्ने र बजारमा व्याप्त महँगी, कालोबजारी र गुणस्तरहीन खाद्यवस्तुको बिक्रीमा रोकथाम तथा नियन्त्रण गर्न माग गरिएको छ ।

# अखिल क्रान्तिकारी बाँकेले बुझायो शैक्षिक विकृतिविरुद्ध ज्ञापनपत्र

नेपालगन्ज/ अखिल क्रान्तिकारी बाँकेले शैक्षिक विकृतिविरुद्ध ज्ञापनपत्र बुझाएको छ । नेपालगन्ज उपमहानगरपालिका शिक्षा शाखाका प्रमुखलाई सम्बोधन गर्दै संयोजक कमल बस्यालले हस्ताक्षर गरी बुझाएको ८ बुँदे ज्ञापनपत्रमा सामुदायिक विद्यालयमा विद्यार्थीहरूबाट मासिक शुल्क, भर्ना शुल्कलगायत विभिन्न बहानामा लिइने शुल्क खारेज गर्न र संविधानमा मौलिक हकका रूपमा व्यवस्था गरिएको प्राथमिक तह अनिवार्य, निःशुल्क र माध्यमिक तहसम्मको शिक्षा निःशुल्कको व्यवस्थालाई कडाइपूर्वक कार्यान्वयन गर्न माग गरिएको छ । त्यसैगरी दुरुपयोग भैरहेको सामुदायिक विद्यालयहरूको सार्वजनिक सम्पत्तिलाई संरक्षण गरी विद्यालय मातहत ल्याउन पनि माग गरिएको छ ।

ज्ञापनपत्रमा सरकारी क्याम्पस तथा विद्यालयमा अध्यापनरत शिक्षक-प्राध्यापक, सरकारी कर्मचारी, विद्यालय व्यवस्थापन समितिमा आबद्ध व्यक्ति, राजनीतिकर्मी, जनप्रतिनिधि, सांसद, मन्त्रीलगायत सार्वजनिक जिम्मेवारी तथा पदधारण गरेका व्यक्तिहरूले निजी शिक्षण संस्थामा लगानी गर्ने कार्य बन्द गर्न आफ्ना सन्तानलाई अनिवार्य रूपमा सरकारी तथा सामुदायिक विद्यालयमा भर्ना गर्न, पालिकाभित्रका विद्यालयमा अध्यापनरत शिक्षकहरूको राजनीतिक दलको क्रियाशील सदस्यता खारेज गर्न, विद्यालयमा राजनीतिक भागबण्डाका आधारमा गरिने शिक्षक, प्राध्यापक तथा कर्मचारी नियुक्ति बन्द माग गरिएको छ ।

त्यसैगरी निजी विद्यालयमा भर्ना, शुल्क, अतिरिक्त शुल्क, क्यारेक्टर सर्टिफिकेट शुल्क, बर्सैपिच्छे पाठ्यपुस्तक प्रकाशन परिवर्तन, विद्यार्थी पोसाकलगायत विषयमा गरिएको अनियमितताको अनुगमन गर्न, १० प्रतिशत छात्रवृत्ति वितरणलाई पारदर्शी, कार्यरत शिक्षक तथा कर्मचारीमाथि भइरहेको श्रमशोषणको अन्त्य गर्न, विद्यालयबाट दिइने सेवा र लाग्ने शुल्क नागरिक बडापत्रमा अनिवार्य रूपमा राख्न पनि ज्ञापनपत्रमार्फत माग गरिएको छ । ज्ञापनपत्रमा सबै विद्यार्थीलाई पाठ्यपुस्तक समयमै उपलब्ध गराउनुपर्नेलगायत माग पनि गरिएको छ ।




# अखिल क्रान्तिकारीले शिक्षा मन्त्रालयमा पेस गरेको मागपत्र

माननीय मन्त्रीज्यू,
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौँ, नेपाल

विषय : मागपत्र

नेपाली क्रान्तिकारी विद्यार्थी आन्दोलनको मूल प्रवाह हाम्रो गौरवशाली सङ्गठन अखिल (क्रान्तिकारी) वर्तमान दलाल तथा निगम पुँजीवादी शिक्षाप्रणालीको आमूल परिवर्तनका लागि वर्तमानमा व्यापक सुधार र दीर्घकालमा वैज्ञानिक समाजवादी शिक्षाप्रणाली लागू गर्ने महाअभियानमा निरन्तर सङ्घर्षरत छ । आज शिक्षामा समान पहुँच, निःशुल्क, सर्वसुलभ, गुणस्तरीय, मौलिक अधिकार भनी कागजमा उल्लेख गरिएको भए पनि कार्यान्वयन हुनसकेको छैन । मुलुकको शिक्षा दातृ मुलुक र वित्तीय संस्थाको लगानी र सर्तअनुकूल चलिरहेको छ । नेपालमा कस्तो प्रकारको, कति जनशक्ति आवश्यक छ भन्ने सरकारसँग कुनै योजना र नीति छैन । नेपालका शिक्षालयहरू विश्वका विकसित राष्ट्रहरूका लागि जनशक्ति उत्पादन गर्ने थलो बन्न पुगेको छ । नेपालको शिक्षा निजीकरण, व्यापारीकण हुँदै अकूत नाफा सुनिश्चित भएको विशाल बजारमा परिणत भएको छ । पैसाको तौलअनुसार शिक्षा किन्नुपर्ने वस्तु बन्न पुगेको छ ।



नेपालको शिक्षा क्षेत्र राज्यको निगरानी र नियन्त्रणभन्दा माथि रहेको र शिक्षाका व्यापारीहरूकै अनुकूलतामा नीतिनियमहरू बन्ने गरेको देखिन्छ । नेपालको शिक्षाप्रणालीले अस्तव्यस्तता, अराजकता, गुणस्तरहीनता र विषमता पैदा गरिरहेको छ । समान र गुणस्तरीय शिक्षा प्राप्त गर्नु हरेक नागरिकको अधिकार हो । शिक्षाको सम्पूर्ण दायित्व राज्यले बहन गर्नुपर्दछ । आमविद्यार्थीको हकहित र अधिकारका पक्षमा आन्दोलन गर्नु हाम्रो दायित्व हो । विगतका आन्दोलनहरूमा भएका सहमतिहरू सरकारले कार्यान्वयन नगर्ने प्रवृत्तिसँग पनि हामी जानकार नै छौँ । सम्झौताहीन र निर्मम सङ्घर्ष गर्नुको हामीसँग विकल्प छैन । त्यसैले हाम्रो सङ्गठन राज्यको नीति निर्माण तहदेखि कार्यान्वयन तहसम्म निम्न माग राख्दछौँ :

१) राज्यको कुल बजेटको कम्तीमा ३० प्रतिशत बजेट शिक्षा क्षेत्रका लागि विनियोजन गरियोस् ।

२) माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुनुपर्ने संवैधानिक व्यवस्था पूर्ण कार्यान्वयन गर्नुका साथै अनिवार्यसमेत गरियोस् ।

३) दैनिक उपभोग्य वस्तु, स्वास्थ्य उपचार र सेवाका क्षेत्रमा विद्यार्थीलाई कम्तीमा ५० प्रतिशत सहुलियत उपलब्ध गराइयोस् ।

४) देशैभरका विद्यालयहरूमा मासिक रूपमा विद्यार्थीको अनिवार्य स्वास्थ्य परीक्षणको व्यवस्था गरियोस् ।

५) देशैभरका सबै विद्यालयमा निःशुल्क र अनिवार्य सेनेटरी प्याडको व्यवस्था गरियोस् ।

६) शैक्षिक सत्र सुरु भएको लामो अवधिसम्म पनि विद्यार्थीले पाठ्यपुस्तक नपाउने विडम्बनाको अन्त्य गरी समयमै विद्यार्थीलाई पाठ्यपुस्तक उपलब्ध गराइयोस् । साथै जनक शिक्षा सामग्री केन्द्रमा भएको भ्रष्टाचार र बेथितिको छानबिन गरी कारबाही गर्नुका साथै निजी प्रकाशन गृहले मापदण्डविपरीत पुस्तक प्रकाशन गर्ने, मनोमानी मूल्य निर्धारण गर्ने, कमिसन ख्वाएर विद्यालयमा सिन्डिकेट लागू गर्नेलगायत कार्यको नियमन र नियन्त्रण गरियोस् ।

७) शिक्षामा निजीकरणको अन्त्य गरियोस् ।

८) शैक्षिक सत्र सुरु भएसँगै निजी शैक्षिक संस्थाहरूले गरेको शुल्क वृद्धि तत्काल खारेज गरियोस् ।

९) व्यावसायिक उद्देश्य राखेर बर्सैनि किताब बदल्ने, उमेरभन्दा बढी किताबको भारी बोकाउने विद्यालय वा संस्थालाई कारबाही गरियोस् ।

१०) शैक्षिक क्षेत्रको निश्चित दूरीभित्र धूमपान, मद्यपानको व्यापार गर्न पूर्ण रूपमा निषेध गरियोस् ।

११) विदेशी विश्वविद्यालयको सम्बन्धनबाट सञ्चालित कलेजहरूको श्रेणीकरण, जथाभाबी दिइएका सञ्चालन अनुमति खारेजी, मापदण्डविपरीत सञ्चालित कलेजको खारेजी गर्नुका साथै सञ्चालन मापदण्डमा कडाइ गरियोस् र भर्ना र शुल्कमा नियमन र नियन्त्रण गरी विद्यार्थीलाई कम्तीमा २० प्रतिशत छात्रवृत्ति अनिवार्य गरियोस् ।

१२) विश्वविद्यालयहरूमा कुलपति विश्वविद्यालय सभाद्वारा निर्वाचित हुने व्यवस्था गरियोस् ।

१३) विश्वविद्यालयहरूमा उपकुलपतिदेखि कर्मचारी नियुक्तिसम्म गरिने राजनीतिक भागबण्डाको पूर्ण रूपमा अन्त्य गरियोस् ।

१४) विश्वविद्यालयहरूमा अध्यापन हुने एकै प्रकृतिका विषयहरू (इन्जिनियरिङ, स्वास्थ्य, व्यवस्थापन) को वैज्ञानिक शुल्क निर्धारण गरी सबै विश्वविद्यालयमा शुल्कमा एकरूपता कायम गरियोस् ।

१५) हाम्रो राष्ट्रियता र सार्वभौमिकतामाथि ठाडो चुनौती दिइरहेको र भारतीय पाठ्यक्रम पढाउने सीबीएसईका शिक्षण संस्थाहरू तत्काल खारेज गरियोस् ।

१६) शिक्षामा वैदेशिक लगानी पूर्ण रूपमा बन्द गरियोस् ।

१७) शैक्षिक परामर्श दातृ संस्था (कन्सल्टेन्सी) हरूले पुँजी र प्रतिभा पलायन गराउने, मनोमानी शुल्क लिने र कमिसन खाने कार्यको नियमन र नियन्त्रण गरियोस् । शैक्षिक परामर्शदातृ संस्थाहरूले सञ्चालन गर्ने विदेशी फेयर प्रदर्शनीहरूमा प्रतिबन्ध गरियोस् ।

१८) सरकारका मन्त्री, सांसद, नेता, उच्चपदस्थ सरकारी कर्मचारी र विश्वविद्यालयका पदाधिकारीहरूले निजी विद्यालय र कलेज सञ्चालन गर्न नपाउने कानुनी व्यवस्था गरियोस् ।

१९) गरिब, दुर्गम क्षेत्र, अल्पसङ्ख्यक, सीमान्तकृत, दलित, जनजाति, महिला, शारीरिक रूपमा अशक्त, सहिद परिवार, आन्दोलनका घाइते, बेपत्ता परिवार, न्यून वैतनिक कर्मचारीका परिवार, सुरक्षाकर्मीका परिवारका विद्यार्थीका लागि २०% छात्रवृत्तिको व्यवस्था गरियोस् । साथै छनोटपक्रिया वैज्ञानिक, निष्पक्ष र पारदर्शी गरियोस् ।

२०) जनयुद्धमा राज्यद्धारा बेपत्ता पारिएका सङ्गठनका तत्कालीन महासचिव पूर्ण पौडेल, केन्द्रीय सदस्यहरू विपीन भण्डारी, दिलबहादुर राई, नवीन राई, कृष्ण चौधरी, जानकी चौधरी, ज्ञानेन्द्र त्रिपाठी, चतुरमान राजवंशी, डीएन ढुङ्गाना, देवहरि रिजाल, दीपेन्द्र पन्त, गोकुल निरौला, कटक राई, निर्दल शाह र जिल्लास्तरीय नेताहरू माधव नेपाल, पुष्पराज बस्नेत, अर्जुन पोखेल, अशोक सुनार, धीरेन्द्र बस्नेतलगायत सम्पूर्ण बेपत्ता योद्धाहरूको अवस्था तत्काल सार्वजनिक गर्नुका साथै तत्कालीन नेकपामाथि लगाइएको कथित प्रतिबन्धमा झूट्टा मुद्दा लगाई जेलमा रहनुभएका सङ्गठनका केन्द्रीय सदस्य विकास राईलाई निःसर्त रिहा गरियोस् ।

२१) तत्कालीन नेपाल कम्युनिस्ट पार्टीसँग नेपाल सरकारले गरेको ३ बुँदे सहमति अक्षरशः पालना गरियोस् । सम्पूर्ण झूट्टा मुद्दा खारेज गर्नुका साथै सम्पूर्ण राजनीतिक बन्दीहरूको निःसर्त रिहाइ गरियोस् ।

२२) पहुँच र मिलोमतोका आधारमा होइन, शैक्षिक प्रमाणपत्रका आधारमा विद्यार्थीलाई सहज र सरल ढङ्गले शैक्षिक ऋण उपलब्ध हुने व्यवस्था मिलाइयोस् ।

२३) धार्मिक विद्यालयहरू सञ्चालन गर्ने अनुमति दिन बन्द गरियोस् ।

२४) मेडिकल शिक्षाका नाममा भइरहेको पुँजी पलायन, मेडिकल माफियाको दादागिरी अन्त्य गर्न, नियमन र नियन्त्रण गरी सर्वसुलभ र सहज ढङ्गले पढ्न पाउने व्यवस्था गरियोस् । साथै मेडिकल कलेजमा विद्यार्थी जहिले त्रास र दबावमा बस्नुपर्ने वातावरणको अन्त्य गरी कलेजहरूलाई विद्यार्थीमैत्री बनाइयोस् ।

२५) बहुसङ्ख्यक विद्यार्थीलाई असफल बनाउने परीक्षाप्रणाली, निरस र परम्परागत शिक्षणविधि, बहुसङ्ख्यक बेरोजगार उत्पादन गर्ने, दास मनोवृत्ति भएको, श्रम र उत्पादनसँग नजोडिएको परम्परागत पाठ्यक्रम परिमार्जन गरी निरन्तर मूल्याङ्कन प्रणाली, रचनात्मक शिक्षणविधि, श्रम र उत्पादनसँग प्रत्यक्ष जोड्ने देश र जनताको आवश्यकताअनुसारको पाठ्यक्रम लागु गरियोस् ।

२६) विदेशी लगानी र सर्तअनुसार निर्मित पुरानो शिक्षा ऐन खारेज गरी देशको आवश्यकतामा नयाँ शिक्षा ऐन लागू गरियोस् ।

२७) विगतमा क्रान्तिकारी विद्यार्थी आन्दोलनसँग राज्यले गरेका सम्पूर्ण सहमति अक्षरशः कार्यान्वयन गरियोस् ।

हार्दिक क्रान्तिकारी अभिवादन !
मिलन राई
अध्यक्ष

# रकम हिनामिना गर्ने शिक्षकलाई कारबाही गर्न माग

रूपन्देही/ अखिल क्रान्तिकारी रूपन्देहीले ४ लाख ८० हजारभन्दा बढी रकम हिनामिना गरी स्वीकार गरिसकेका रूपन्देहीको सिद्धार्थनगर नगरपालिका ६ पिपरहियास्थित श्री महात्मा बुद्ध माध्यमिक विद्यालयका तत्कालीन प्रधानाध्यापक कन्हईप्रसाद यादवलाई उन्मुक्ति दिइए सङ्घर्ष गर्ने चेतावनी दिएको छ ।

अखिल क्रान्तिकारी रूपन्देहीका संयोजक पारस राहादी मगरले प्रेस विज्ञप्ति जारी गरी शिक्षक यादव र उनलाई संरक्षण गर्ने निकायको गलत र घृणित कृत्यको घोर भर्त्सना गर्दै उनले हिनामिना गरेको रकम तत्काल असुल गर्न र भ्रष्ट र अपारदर्शी यादवलाई संरक्षण नगर्न चेतावनी दिएका छन् ।

संयोजक पारसले जारी गरेको विज्ञप्तिमा रूपन्देहीको सिद्धार्थनगर नगरपालिका ६ पिपरहियास्थित श्री महात्मा बुद्ध माध्यमिक विद्यालयका तत्कालीन प्रधानाध्यापक कन्हईप्रसाद यादवले विद्यालयमा आर्थिक वर्ष २०७६/०७७ को हिसाब हिनामिना गरेपछि उनका नाममा सामाजिक लेखापरीक्षण गर्दा विभिन्न शीर्षकमा ४ लाख ८० हजार १ सय ८० रूपैयाँ २० पैसा बेरुजू आएको, विद्यालय व्यवस्थापन समितिले उक्त रकम फिर्ता गर्न कागज गराए पनि रकम फिर्ता नगरेपछि फिर्ता नगर्दासम्म तत्कालीन प्रअ यादवलाई विद्यालयमा हाजिर नगराउने गरी निलम्बन गरेको र हालसम्म पनि यादवले उक्त रकम विद्यालयलाई फिर्ता नगरेको उल्लेख छ ।

विज्ञप्तिमा यादवलाई सिद्धार्थनगर नगरपालिकाका शिक्षा शाखा प्रमुख चेतनशील लम्सालको हस्ताक्षर भएको पत्र मिति २०७९/३/१२ गते नगरपालिकाबाट २०७८ कात्तिक २५ गतेदेखि २०७९ जेठ १७ गतेसम्मको हाजिरी प्रमाणित गरी सेवासुविधासमेत उपलब्ध गराउन विद्यालयलाई अनुरोध गरेको पत्र सार्वजनिक भएको पनि जनाइएको छ ।

त्यसैगरी यादवको कर्तुत नगरपालिकालाई जानकारी हुँदाहुँदै पनि उनलाई कारबाही गर्नुको सट्टा विद्यालयमा उपस्थित नै नभएको व्यक्तिलाई नगरपालिकामा संरक्षण गरी हाजिरी गराउने, विद्यालय व्यवस्थापन समितिको कार्यकाल सकिएपछि विद्यालयमा हाजिरी प्रमाणित पठाई सेवासुविधा उपलब्ध गराउने, प्रअले आर्थिक हिनामिना गरेको स्वीकार गरेको प्रमाण हुँदा पनि उनकै संरक्षण गरेको भन्दै विज्ञप्तिमा आक्रोश व्यक्त गरिएको छ ।

विज्ञप्तिमा शिक्षक यादव र उनलाई संरक्षण गर्ने निकायको यसप्रकारको गलत र घृणित कृत्यको घोर भर्त्सना गर्दै यादवले हिनामिना गरेको रकम तत्काल असुल गर्न र यसप्रकारले भ्रष्ट र अपारदर्शी यादवलाई संरक्षण नगर्न सम्बन्धित निकायसमक्ष जोडदार माग गरिएको छ । त्यसैगरी अन्यथा भएको खण्डमा सशक्त सङ्घर्ष गर्ने र सङ्घर्षबाट उत्पन्न हुने परिस्थितिको जिम्मेवार सम्बन्धित निकाय नै हुने चेतावनी पनि विज्ञप्तिमार्फत दिइएको छ ।

# युवा जनस्वयम्सेवकले मिटरब्याजीविरुद्ध देशभरका प्रमुख जिल्ला अधिकारीलाई दियो ज्ञापन

काठमाडौँ/ नेकपा (बहुमत) को सहायक सङ्गठन युवा जनस्वयम्सेवक नेपालले मिटरब्याजी शोषणलगायत समाजमा विद्यमान आर्थिक विकृति र अन्यायविरुद्ध देशभरका प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाएको छ ।

युवा जनस्वयम्सेवक नेपालका अध्यक्ष हरिश भट्टले दिएको जानकारीअनुसार सङ्गठनले सर्वसाधारण जनताका समस्या समाधान गर्न सहयोग पुऱ्याउने उद्देश्यले मिटरब्याजी शोषणविरुद्ध देशभरका प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाएको हो ।

काठमाडौँ उपत्यकामा यसअघि नै प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाइसकिएको छ । ज्ञापनपत्रमा अध्यक्ष भट्टले हस्ताक्षर गरेका छन् ।

ज्ञापनपत्र बुझ्ने क्रममा प्रमुख जिल्ला अधिकारीहरूले युवा सङ्गठनले राम्रो अभियान ल्याएकाले आफूहरूको पूरा सहयोग रहने बताएको जानकारी युवा स्वयम्सेवकका अध्यक्ष भट्टले दिए ।

यसअघि साउन १० गते अध्यक्ष भट्टद्वारा हस्ताक्षरित ज्ञापनपत्रमा जनताको उठीबास लगाउने मिटरब्याजी प्रथा खारेज गर्न, यस किसिमका जनतामारा सूदखोर र ठगहरूलाई तत्काल कारबाही गर्न माग गरिएको छ । अभियान र आन्दोलनकै निरन्तरताका रूमा युवा स्वयम्सेवकले ठग र भ्रष्टहरूमाथि जनकारबाही पनि सुरु गरेको छ ।

# अखिल (क्रान्तिकारी) कैलालीद्वारा प्रज्वल सङ्गठन सुदृढीकरण अभियान उद्घाटन

धनगढी/ नेकपा (बहुमत) निकट विद्यार्थी सङ्गठन अखिल (क्रान्तिकारी) कैलालीले प्रज्वल सङ्गठन सुदृढीकरण अभियान थालनी गरेको छ । आइतबार कैलालीको धनगढीस्थित कैलाली बहुमुखी क्याम्पसबाट उक्त अभियान उद्घाटन गरिएको हो ।

उद्घाटन कार्यक्रममा सङ्गठनका जिल्ला फ्र्याक्सन इन्चार्ज रमेश साउदले विप्लवहरू महान् सहिदहरूको सपनालाई छोडेर संसदीय संशोधनवादमा विलय भएको बताए । उनले व्यक्तिगत इच्छा–आकाङ्क्षालाई तिलाञ्जली दिँदै वर्गीय मुक्तिका लागि आन्दोलनमा होमिएर सिङ्गो जीवनको बलिदानी दिने सहिद र सहिदका सपनाहरूको बेवास्ता गरेर विप्लवहरूले अझै पनि क्रान्तिका मीठा सपना बाँड्दा कसैले विश्वास नगरेको बताए ।

यस्तै कार्यक्रममा सङ्गठनका केन्द्रीय सदस्य तथा कैलाली जिल्ला संयोजक सुनिल, जिल्ला सहसंयोजक प्रकाश, विद्यार्थी नेता दिनेश जोशी, गौरी बोहोरालगायत जिल्लाका अन्य अग्रज व्यक्तित्वहरूको आतिथ्य रहेको थियो ।

सोही अवसरमा नेपालको शैक्षिक समस्या र सामाधानका विषयमा व्यापक छलफल सम्पन्न भएको छ । कैलाली जिल्लाभर सञ्चालन हुने उक्त अभियानमार्फत विद्यमान शैक्षिक समस्याको खबरदारी, सङ्गठन विस्तार तथा पुनर्गठन, विद्यार्थीको क्षमता अभिवृद्धिका लागि अतिरिक्त क्रियाकलापको आयोजनालगायत कार्यक्रम सञ्चालन गरिने सङ्गठनका जिल्ला संयोजक सुनिल भुलले बताए ।

# निष्कासन गरिएका मजदुरको तत्काल पुनर्बहाली गर : महासङ्घ

मकवानपुर/ अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घ मकवानपुरले हेटौँडा औद्योगिक क्षेत्रमा कार्यरत २४ जना मजदुरमाथिको गैरन्यायिक निष्कासन तुरुन्त खारेज गरी सम्पूर्ण मजदुरको पुनर्बहालीको माग गर्दै सम्बन्धित निकायको ध्यानाकर्षण गराएको छ । अन्यथा आफ्नो अधिकारका निमित्त सङ्घर्ष गर्न बाध्य हुने र त्यसबाट आउने परिणामको जिम्मेवार पनि सम्बन्धित उद्योग र निकाय हुने जानकारी पनि महासङ्घले गराएको छ ।

अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घ मकवानपुरका जिल्ला अध्यक्ष नारायण गौतम र इन्चार्ज एमबी गौतमले आइतबार प्रेस विज्ञप्तिमार्फत हालै हेटौँडा औद्योगिक क्षेत्रमा सञ्चालित सन्नी डिस्टिलरी प्रालिले विगत दसौँ वर्षदेखि कार्यरत २४ जना मजदुरलाई गरेको गैरन्यायिक निष्कासनप्रति गम्भीर ध्यानाकर्षण भएको जानकारी दिएका छन् । साथै अध्यक्ष र इन्चार्जले तत्काल उनीहरुको पुनर्बहाली नगरिए सङ्घर्ष गर्न बाध्य हुने र त्यसबाट आउने परिणामको जिम्मेवार पनि सम्बन्धित उद्योग र निकाय हुने चेतावनी पनि दिएका छन् ।

प्रेस विज्ञप्तिमा भनिएको छ, 'देश यतिखेर राष्ट्रियता, जनतन्त्र र जनजीविकाका दृष्टिले गम्भीर सङ्कटको स्थितिमा छ । संसदीय राज्यसत्ताको दलाल चरित्रका कारण कालोबजारी, तस्करी, भ्रष्टाचार, घूसखोरीजस्ता जनविरोधी कार्यहरू दिन–प्रतिदिन बढ्दै गएका छन् । दैनिक उपभोग्य वस्तुको चर्को मूल्य वृद्धि र कृत्रिम अभावका कारण जनजीविका अस्तव्यस्त बन्दै गएको छ । दलाल पुँजीवादी अर्थनीतिले राष्ट्रिय अर्थतन्त्र चौपट हुँदै गएको छ । एकातिर बेरोजगारीको समस्या विकराल बन्दै गइरहेको छ भने अर्कोतिर राज्यको निकाय विभिन्न मजदुरविरोधी ऐनकानुन निर्माण गरी मजदुरलाई दलाल पुँजीवादी राज्यसत्ताको दासत्व थोपरिरहेको छ ।

विज्ञप्तिमा अगाडि भनिएको छ, 'देशको यो चौतर्फी सङ्कटको अवस्था सिर्जना हुनुको पछाडि संसारमै असफल सिद्ध दलाल संसदीय व्यवस्था जिम्मेवार रहेको छ । तसर्थ यो असफल राज्यव्यवस्थाको अन्त्य गर्दै वैज्ञानिक समाजवादी व्यवस्था स्थापनका लागि क्रान्तिकारी आन्दोलनलाई अगाडि बढाउनु अबको आवश्यकता हो । हाम्रो गौरवशाली सङ्गठन निरन्तर वैज्ञानिक समाजवादी व्यवस्थाका पक्षमा र मजदुरहरूको हकअधिकारका निमित्त सङ्घर्ष गर्दै आएको छ ।'

विज्ञप्तिमा भनिएको छ, 'हालै हेटौँडा औद्योगिक क्षेत्रमा सञ्चालित सन्नी डिस्टिलरी प्रालिले विगत दसौँ वर्षदेखि कार्यरत २४ जना मजदुरलाई गरेको गैरन्यायिक निष्कासनप्रति गम्भीर ध्यानाकर्षण भएको छ ।'

विज्ञप्तिको अन्त्यमा भनिएको छ, 'श्रम ऐन २०७४ नियमावली परिच्छेद २१ को दफा १४४ र दफा १४५ को उपदफा (२) र (५) को व्यवस्थालाई समेत बेवास्ता गर्दै गरिएको गैरन्यायिक निष्कासन तुरुन्त खारेज गरी सम्पूर्ण मजदुरको पुनर्बहाली गर्न हाम्रो सङ्गठन सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदै जोडदार माग गर्दछ । अन्यथा मजदुरहरू आफ्नो अधिकारका निमित्त सङ्घर्ष गर्न बाध्य हुने र त्यसबाट आउने परिणामको जिम्मेवार पनि सम्बन्धित उद्योग र निकाय हुने जानकारी यसै विज्ञप्तिमार्फत गर्दछौँ ।'

भन्सार विभागको अनुरोध

चोरी पैठारी वा निकासी गरेको वा त्यस्ता मालवस्तुको ओसार पसार गरी राजश्व छली गरेको जानकारी सूचना वा उजुरी भएमा उक्त सूचना वा जानकारी तपसिलको ठेगानामा उपलब्ध गराई चोरी निकासी, पैठारी नियन्त्रणमा सहयोग पुऱ्याउनुहुन सम्बन्धित सबैमा अनुरोध छ । साथै यस्तो सूचना वा जानकारी दिने व्यक्तिको नाम र ठेगाना गोप्य रहनेछ र सूचना वा जानकारी दिने व्यक्तिलाई कानुन बमोजिम पुरस्कृति गरिने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग
त्रिपुरेश्वर, काठमाडौं
टेलिफोन नं. ०१ ४११७७२१८, ४११७२२३, ४११७२२९
इमेल : prasasan.customs@gmail.com

Global College Associate
GLOBAL SCHOOL OF SCIENCE
An Exclusive Center of **+2 Science**

Under the corporate ownership of Global College, Global School of Science is an exclusive center of +2 Science committed to preparing doctors, engineers, pilots, and future scientists who shall graduate well-equipped with robust foundations of Physics, Chemistry and Biology Science.

Aspirant SEE graduates are invited at GSS to experience:
- High-tech and state-of-the-art infrastructure and global standards of academic facilities
- Combination of best students, best teachers, and benchmark learning environment for **Science**
- Engineering and medical preparation classes helping students excel in IOE & IOM entrances
- Regular tutorial classes dedicated for all students to achieve 100% results
- Practical learning embedded with experiments practiced in the high tech supported modern laboratories
- Outstanding results and academic achievements



Admissions Open to Grade XI SCIENCE

GLOBAL SCHOOL OF SCIENCE
Kathmandu-31, Devkota Sadak
Baneshwor
+977-1-4480135, 4480136
science.@globalcollege.edu.np
www.sci.globalcollege.edu.np

खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी नेपाल आयल निगम लि. को अति आवश्यक जानकारी

एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।



दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू :
१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौ । साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौ ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौ ।
४. खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौ ।

ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू :
१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ । ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौ ।
२. झ्याल ढोका खुल्ला राखौ र झिल्का निस्कने बस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौ । विद्युतजन्य उपकरणको प्रयोग नगरौ ।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौ र यथाशिघ्र नजिकको ग्याँस विक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौ ।

"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।
उपभोक्ता जनहितका लागि जारी

नेपाल आयल निगम लि.
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
फोन : ०१–४२६२९७०, ४२६३४८५

निर्देशक : गुणराज लोहनी, प्रवन्ध निर्देशक : भीमप्रसाद चापागाई, सम्पादक : अशोकप्रसाद सुवेदी, व्यवस्थापक : झनक श्रेष्ठ, डिजाइन : अग्निराज पौडेल, प्रकाशक : रातोखबर प्रकाशन गृह प्रा.लि., कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ